४.८ १८ महिना नाघेका मुद्दा र रिट शून्य रहेका तथा फछ्र्यौट प्रतिशतको आधारमा घट्दोक्रमानुसार उच्च अदालतहरूको विवरण ६०
४.९ उच्च अदालतहरूको भवनको स्थिति र वित्तीय विवरण ६१

परिच्छेद - पाँच

जिल्ला अदालतसम्बन्धी व्यवस्था

५.१ जिल्ला अदालतको गठन ६२
५.२ न्यायाधीशको नियुक्ति ६२
५.३ इजलासको गठन ६२
५.४ जनशक्ति ६२
५.५ जिल्ला अदालतको अधिकारक्षेत्र ६२
५.६ अभिलेखको विवरण ७०
५.७ फैसला कार्यान्वयन ७०
५.८ १८ महिना नाघेका मुद्दा शून्य बनाउने अदालत र घट्दो क्रममा बढी प्रतिशत मुद्दा फछ्र्यौट गर्ने जिल्ला अदालतहरू ७१
५.९ जिल्ला अदालतहरूको भवनको स्थिति र वित्तीय विवरण ७४

परिच्छेद - छ

अन्य अदालत एवम् न्यायाधिकरणहरू

६.१ विशेष अदालत ७६
६.२ श्रम अदालत ७६
६.३ राजश्व न्यायाधिकरण ७६
६.४ वैदेशिक रोजगार न्यायाधिकरण ७६
६.५ प्रशासकीय अदालत ७७
६.६ ऋण असुली न्यायाधिकरण ७७
६.७ ऋण असुली पुनरावेदन न्यायाधिकरण ७७
६.८ अन्य अदालत तथा न्यायाधिकरणहरूको समष्टिगत कार्य प्रगति ७७
६.९ अन्य अदालत तथा न्यायाधिकरणहरूको भवनको स्थिति र वित्तीय विवरण ७९

परिच्छेद - सात

समस्या र सुझाव

७.१ न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता ८१
७.२ कार्यबोझ सम्बन्धमा ८१
७.३ फैसला कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि ८२
७.४ फरक मुद्दा व्यवस्थापन पद्धतिको कार्यान्वयन ८३
७.५ क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितता ८३
७.६ न्यायमा पहुँच अभिवृद्धि ८४
७.७ न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन ८४
७.८ क्षेत्राधिकारसम्बन्धी कानूनी व्यवस्थाको पुनरावलोकन ८५
७.९ मुलुकी संहिताहरूको प्रभावकारी कार्यान्वयन ८५
७.१० न्यायिक काम कारबाहीमा सूचना प्रविधिको प्रयोग ८५
७.११ न्यायिक जनशक्तिहरूको क्षमता अभिवृद्धि ८६
७.१२ मातहत अदालत तथा न्यायिक निकायको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण ८६
७.१३ मेलमिलाप पद्धतिको प्रभावकारिता ८६
७.१४ बाल न्याय प्रणालीको प्रबर्द्धन ८७
७.१५ विशिष्टीकृत अदालत तथा न्यायाधिकरण ८७
७.१६ न्यायाधीश र न्यायिक जनशक्तिको सुविधा र उत्प्रेरणा ८८
७.१७ न्यायिक कोष ऐन, २०४३ को कार्यान्वयन ८८
७.१८ कानूनी शिक्षाको गुणस्तरीयता अभिवृद्धि ८८

७.१९ विकृतिविहीन न्यायपालिकासम्बन्धी अध्ययन समितिको प्रतिवेदन कार्यान्वयन ८९
७.२० स्वचालित पेसी व्यवस्थापनसम्बन्धी अध्ययन समिति ८९
७.२१ दिगो विकासका लक्ष्यहरू र न्यायपालिका ८९
७.२२ अभिलेख मिसिलको वैज्ञानिक व्यवस्थापन ८९
७.२३ कोभिड-१९ ले मुद्दा फछ्र्यौट र योजना कार्यान्वयनमा पारेको प्रभाव ८९

परिशिष्टहरू

सर्वोच्च अदालत

१. सर्वोच्च अदालतमा कार्यरत माननीय न्यायाधीशहरूको वार्षिक कार्य प्रगति विवरण ९१
२. सर्वोच्च अदालतको मुद्दा तथा रिटको समष्टिगत लगत फछ्र्यौट र बाँकीको अवधिगत विवरण ९१
३. सर्वोच्च अदालतको निवेदन, प्रतिवेदन र फुटकर निवेदनको समष्टिगत लगत फछ्र्यौट र बाँकीको अवधिगत विवरण ९२
४. सर्वोच्च अदालतको पूर्ण/संवैधानिक इजलासमा पर्न आएका रिट निवेदनहरूको विवरण ९२
५. सर्वोच्च अदालतको संयुक्त/एकल न्यायाधीशको इजलासमा पर्न आएका रिट निवेदनहरूको विवरण ९२
६. सर्वोच्च अदालको रिट निवेदनको समष्टिगत लगत फछ्र्यौट र बाँकीको अवधिगत विवरण ९३
७. सर्वोच्च अदालतको पूर्ण इजलासमा पेस भएका मुद्दा तथा रिटको लगत, फछ्र्यौट र बाँकीको विवरण ९३
८. सर्वोच्च अदालतको पूर्ण इजलासमा मुद्दा तथा रिट निवेदनहरू पेस हुँदा लिइएका आधारअनुसारको विवरण ९३
९. सर्वोच्च अदालतको मुद्दाको प्रकृति र रिटको कार्यविधिको आधारमा वर्गीकृत विवरण ९३
१०. सर्वोच्च अदालतले सुरू/विविध मुद्दाका कारबाही र किनारा गरेको विवरण ९४
११. सर्वोच्च अदालतमा पर्न आएका पुनरावलोकनका निवेदनहरूको विवरण ९४
१२. सर्वोच्च अदालतमा पर्न आएका दोहोऱ्याई पाउँ निवेदनहरूको विवरण ९४
१३. सर्वोच्च अदालतमा पर्न आएका पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदनहरूको विवरण ९४
१४. सर्वोच्च अदालतमा पर्न आएका निवेदनहरूको विवरण ९४
१५. सर्वोच्च अदालतमा पर्न आएका प्रतिवेदनहरूको विवरण ९४
१६. सर्वोच्च अदालतमा पर्न आएका फुटकर निवेदनहरूको विवरण ९४
१७. सर्वोच्च अदालतमा परेका मुद्दाहरूको अदालतपिच्छेको विवरण ९४
१८. सर्वोच्च अदालतमा रहेका मुद्दाहरूको विषयगत विवरण ९५
१९. सर्वोच्च अदालतको आर्थिक वर्षको अन्त्यमा बाँकी मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनको सालवसाली विवरण १००
२०. सर्वोच्च अदालतमा परेका थुनुवा मुद्दाको विवरण १००
२१. सर्वोच्च अदालतको मुलतबीको विवरण १००
२२. सर्वोच्च अदालतबाट भएका विवादित लिखतहरूको परीक्षणसम्बन्धी विवरण १००
२३. सर्वोच्च अदालतको पुस्तकसम्बन्धी विवरण १०१
२४. सर्वोच्च अदालतबाट भएका प्रकाशनको विवरण १०१
२५. सर्वोच्च अदालतहरूको बजेट विनियोजन र खर्चको विवरण १०१
२६. सर्वोच्च अदालतको धरौटी विवरण १०१
२७. सर्वोच्च अदालतको राजश्व विवरण १०१
२८. सर्वोच्च अदालतबाट भएको मातहत अदालतको निरीक्षणसम्बन्धी विवरण १०१
२९. सर्वोच्च अदालतको अचल सम्पत्तिको विवरण १०१
३०. सर्वोच्च अदालतमा रहेका सवारी साधन, सूचना प्रविधिसम्बन्धी उपकरण र अन्य भौतिक स्रोत साधनको विवरण १०२
३१. सर्वोच्च अदालतको अभिलेखसम्बन्धी विवरण १०२
३२. सर्वोच्च अदालतमा कार्यरत राजपत्राङ्कित अधिकृतको नामावली विवरण १०२
३३. सर्वोच्च अदालत र फैसला कार्यान्वयन निर्देशनालयमा कार्यरत जनशक्ति विवरण १०४

उच्च अदालतहरू

३४. उच्च अदालतका न्यायाधीशहरूको सम्पादित कार्य विवरण १०५
३५. उच्च अदालतको बयान बकपत्र तथा अन्य आदेशसम्बन्धी कार्यसम्पादनको न्यायाधीशगत विवरण १०९
३६. उच्च अदालतमा परेका मुद्दा र रिट निवेदनको समष्टिगत लगत फछ्र्यौट र बाँकीको विवरण ११४
३६क. DCM लागु हुनुपूर्व र लागु भएपछिको मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण ११६

३६ख. उच्च अदालत तथा इजलासहरूको मार्ग समूहअनुसारको विवरण ११७
३६ग. उच्च अदालत तथा इजलासहरूको मार्ग परिवर्तनको विवरण ११७
३७. उच्च अदालतको निवेदन प्रतिवेदन तथा फुटकर निवेदनहरूको लगत, फछ्र्यौट र बाँकीको विवरण ११८
३८. उच्च अदालतहरूमा पर्न आएका देवानी र फौजदारी मुद्दाहरूको विवरण १२०
३९. उच्च अदालतमा पर्न आएका रिट निवेदनहरूको लगत फछ्र्यौट र बाँकीको विवरण १२१
४०. उच्च अदालतमा परेका मुद्दाहरूको कार्यविधिको आधारमा वर्गीकरण १२२
४१. उच्च अदालतहरूमा परेका मुद्दाहरूको विषयगत वर्गीकरणको लगत, फछ्र्यौट र बाँकी विवरण १२५
४२. उच्च अदालतको आर्थिक वर्षको अन्त्यमा बाँकी मुद्दा र रिटको सालवसाली विवरण १३९
४३. उच्च अदालतमा परेका थुनुवा मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण १४०
४४. उच्च अदालतमा रहेका मुद्दाहरूको मुल्तबी विवरण १४०
४५. उच्च अदालतहरूको बजेट निकासा र खर्चको विवरण १४१
४६. उच्च अदालतहरूको धरौटी विवरण १४२
४७. उच्च अदालतहरूको राजश्व विवरण १४२
४८. उच्च अदालतहरूको आन्तरिक मिसिल निरीक्षणसम्बन्धी विवरण १४३
४९. उच्च अदालतबाट गरिएको मातहतका अदालत र अर्ध न्यायिक निकायहरूको निरीक्षणसम्बन्धी विवरण १४३
५०. उच्च अदालतहरूको अचल सम्पत्तिको विवरण १४७
५१. उच्च अदालतहमा रहेका सवारी साधन, सूचना प्रविधिसम्बन्धी उपकरण र अन्य भौतिक स्रोत साधनको विवरण १४८
५२. उच्च अदालतहरूको अभिलेखसम्बन्धी विवरण १५०
५३. उच्च अदालतको कार्यरत जनशक्तिको विवरण १५०

जिल्ला अदालतहरू

५४. जिल्ला अदालतका न्यायाधीशहरूको सम्पादित कार्य विवरण १५४
५५. जिल्ला अदालतहरूको वयान, बकपत्र तथा अन्य आदेशसम्बन्धी कार्यसम्पादनको न्यायाधीशगत विवरण १६०
५६. जिल्ला अदालतमा परेका मुद्दा र रिट निवेदनको समष्टिगत लगत फछ्र्यौट र बाँकीको विवरण १६६
५६क. जिल्ला अदालतहरूमा DCM लागु हुनुपूर्व र लागु भएपछिको मुद्दाको विवरण १७४
५६ख. जिल्ला अदालतहरूको मार्ग समूह अनुसारको मुद्दाको विवरण १७६
५६ग. जिल्ला अदालतहरूको मुद्दाको मार्ग परिवर्तनको विवरण १७८
५७. जिल्ला अदालतमा परेका निवेदन, प्रतिवेदन र फुटकर निवेदनको लगत फछ्र्यौट र बाँकीको विवरण १७९
५७क. जिल्ला अदालतहरूमा परेका विशेष प्रकृतिका निवेदनहरूको विवरण १८७
५८. जिल्ला अदालतहरूमा परेका देवानी र फौजदारी मुद्दाहरूको लगत फछ्र्यौट र बाँकीको विवरण १९०
५९. जिल्ला अदालतहरूमा परेका रिट तथा निवेदनहरूको विवरण १९४
६०. जिल्ला अदालतहरूमा परेका मुद्दाहरूको कार्यविधिगत आधारमा वर्गीकरण १९६
६१. जिल्ला अदालतमा परेका मुद्दाहरूको लगत फछ्र्यौट र बाँकीको वर्गीकृत विवरण २०६
६२. आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका लगतको सालवसाली विवरण २५५
६३. जिल्ला अदालतहरूमा परेका थुनुवा मुद्दाको विवरण २५८
६४. जिल्ला अदालतमा रहेका मुद्दाहरूको मुलतबीको विवरण २६०
६५क. आ.व.२०७७/०७८ को जिल्ला अदालतहरूमा रहेका दण्ड जरिवानाको असुल, फछ्र्यौट र बाँकीको विवरण २६२
६५ख. आ.व.२०७७/०७८ को जिल्ला अदालतहरूमा रहेका दण्ड जरिवाना र कैदको असुल, फछ्र्यौट र बाँकीको विवरण २६४
६६क. आ.व.२०७७/०७८ मा फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको जिम्मेवारी, फछ्र्यौट र बाँकीको विवरण २६७
६६ख. आ.व.२०७७/०७८ मा फैसला कार्यान्वयनहरूको विषयगत विवरण २६९
६७. जिल्ला अदालतहरूको बजेट निकासा र खर्चको विवरण २७५
६८. जिल्ला अदालतहरूको धरौटी विवरण २७८
६९. जिल्ला अदालतहरूको राजश्व विवरण २८०
७०. जिल्ला अदालतहरूको आन्तरिक (मिसिल) निरीक्षणसम्बन्धी विवरण २८२
७१. जिल्ला अदालतहरूको अचल सम्पत्ति विवरण २८४
७२. जिल्ला अदालतहरूको भौतिक सामानहरूको विवरण २८६
७३. जिल्ला अदालतको अभिलेखसम्बन्धी विवरण २९४

७४. जिल्ला अदालतहरूमा कार्यरत जनशक्तिको विवरण २९६

अन्य अदालत तथा न्यायाधिकरणहरू

७५. न्यायाधिकरणहरूमा परेका मुद्दाहरूको लगत, फछ्र्यौट र बाँकीको विषयगत विवरण ३१२
७६. अन्य अदालतहरू तथा न्यायाधिकरणहरूको लगत, फछ्र्यौट र बाँकीको विवरण ३१३
७७. वैदेशिक रोजगार न्यायाधिकरण र विशेष अदालतको थुनुवा मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण ३१४
७८. अन्य अदालत तथा न्यायाधिकरणहरूको बाँकी मुद्दाको सालवसाली विवरण ३१४
७९. अन्य अदालत तथा न्यायाधिकरणहरूमा मुलतबीमा रहेका मुद्दाहरूको विवरण ३१४
८०. अन्य अदालत तथा न्यायाधिकरणहरूको कार्य सम्पादनको विवरण ३१४
८१. अन्य अदालत तथा न्यायाधिकरणहरूको बजेट विनियोजन, निकासा र खर्चको विवरण ३१५
८२. अन्य अदालत तथा न्यायाधिकरणहरूसमेतको धरौटीको विवरण ३१५
८३. अन्य अदालत तथा न्यायाधिकरणहरूसमेतको राजश्वको विवरण ३१६
८४. अन्य अदालत तथा न्यायाधिकरणहरूको अचल सम्पत्तिको विवरण ३१६
८५. अन्य अदालत तथा न्यायाधिकरणहरूको भौतिक सामानको विवरण ३१६
८६. अन्य अदालत तथा न्यायाधिकरणहरूको अभिलेखसम्बन्धी विवरण ३१७
८७. अन्य अदालत तथा न्यायाधिकरणहरूको जनशक्तिको विवरण ३१८

अन्य परिशिष्टहरू

८८. सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूले मेलमिलापमा पठाएका मुद्दाको विवरण ३१९
८९. सर्वोच्च, उच्च र जिल्ला अदालतहरूमा कार्यरत वैतनिक कानून व्यवसायीबाट कानूनी सहायता/प्रतिनिधित्वसम्बन्धी विवरण ३२१
९०. अदातलहरूको आर्थिक वर्ष २०७७/०७८ को योजनाअनुसारको लक्ष्य र प्रगतिको विवरण ३२३
९१. उच्च अदालत र जिल्ला अदालतहरूमा हुने व्यवस्थापकीय कार्यको वार्षिक प्रगति विवरण ३२५
९२. उच्च अदालत र जिल्ला अदालतहरूमा पीडित बालबालिका पक्ष भएका मुद्दाहरूको विवरण ३२७
९३. उच्च र जिल्ला अदालतहरूमा महिला/ज्येष्ठ नागरिक पक्ष भएको मुद्दाको विवरण ३२९
९४. अन्तरिम राहत र क्षतिपूर्तिसम्बन्धी विवरण ३३३
९५. पीडितराहत कोष र राजश्वमा दाखिला भएको रकमको विवरण ३३८
९६. वैदेशिक निकायबाट आयोजित कार्यक्रमको विवरण ३४१
९७. प्रधान न्यायाधीश तथा सर्वोच्च, उच्च र जिल्ला अदालतका माननीय न्यायाधीशहरूको विवरण ३४१

तालिका, रेखाचित्र, वृत्तचित्र र स्तम्भ चित्रको विषय सूची

तालिका नं. १

अदालत तथा न्यायाधिकरणहरूको मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिको निवेदनको लगत, फछ्र्यौट र बाँकीको स्थिति ५

स्तम्भ चित्र नं. १

अदालत तथा न्यायाधिकरणहरूको मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिको निवेदनको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र ६

तालिका नं. २

आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालत र जिल्ला अदालतहरूको प्रदेशगत विवरण ६

स्तम्भ चित्र नं.२

उच्च अदालत र जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र ७

वृत्त चित्र नं.१

उच्च अदालत र जिल्ला अदालहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत कार्यबोझको वृत्तचित्र ७

तालिका नं.३
आ.व.२०७७/०७८ मा सबै अदालतहरूमा दर्ता भएका मुद्दाहरूमध्ये सबैभन्दा बढी सङ्ख्यामा रहेका १० मुद्दाहरू ८

तालिका नं.४
सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूको त्रैमासिक मुद्दा फछ्र्यौटको स्थिति ८

स्तम्भ चित्र नं.३
सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूको मुद्दातर्फ त्रैमासिक फछ्र्यौटको स्तम्भ चित्र ९

तालिका नं. ५
सर्वोच्च अदालतको १० वर्षको मुद्दातर्फको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति ९

रेखा चित्र नं. १
सर्वोच्च अदालतको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र १०

तालिका नं. ६
सर्वोच्च अदालतको १० वर्षको मुद्दा तथा रिटतर्फको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति १०

रेखा चित्र नं. २
सर्वोच्च अदालतको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र ११

तालिका नं. ७
उच्च अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति ११

रेखा चित्र नं. ३
उच्च अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र १२

तालिका नं. ८
उच्च अदालतहरूको १० वर्षको मुद्दा तथा रिटतर्फको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति १३

रेखा चित्र नं. ४
उच्च अदालतहरूको १० वर्षको (मुद्दा र रिटतर्फ) तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र १३

तालिका नं. ९
जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति १४

रेखा चित्र नं. ५
जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र १५

तालिका नं. १०
जिल्ला अदालतहरूको १० वर्षको मुद्दा तथा रिटतर्फको तुलनात्मक कार्यबोझ र कार्य सम्पादन स्थिति १५

रेखा चित्र नं. ६
जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र १६

तालिका नं. ११
अन्य अदालत तथा न्यायाधिकरणहरूको मुद्दातर्फको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति १६

रेखा चित्र नं. ७
अन्य अदालत तथा न्यायाधिकरणहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र १७

तालिका नं. १२
सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको १० वर्षको तुलनात्मक समग्र कार्यबोझ र कार्य सम्पादनको स्थिति १७

रेखा चित्र नं. ८
सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र १८

तालिका नं.१३
सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति १८

रेखा चित्र नं. ९
सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र १९

स्तम्भ चित्र नं.४
सर्वोच्च अदालतको ५ वर्षको मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र २३

स्तम्भ चित्र नं.५
उच्च अदालतहरूको ५ वर्षको मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र २५

स्तम्भ चित्र नं.६
जिल्ला अदालततर्फ ५ वर्षको मुद्दा तथा बन्दीप्रत्यक्षीकरण/ निषेधाज्ञाको निवेदनसमेतको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र २७

स्तम्भ चित्र नं.७
जिल्ला अदालतहरूको विशेष प्रकृतिका निवेदनहरूको लगत फछ्र्यौट र बाँकीको स्तम्भ चित्र २८

स्तम्भ चित्र नं.८
अन्य अदालत तथा न्यायाधिकरणहरूको ५ वर्षको लगत, फछ्र्यौट र बाँकी मुद्दाको अवस्थाको स्तम्भ चित्र २९

स्तम्भ चित्र नं.९
सबै अदालत तथा न्यायाधिकरणहरूको ५ वर्षको जिम्मेवारी, नयाँ दर्ता, फछ्र्यौट र बाँकी मुद्दाको स्थितिको स्तम्भ चित्र ३०

तालिका नं. १४
सबै अदालतहरूको आर्थिक वर्ष २०६८/०६९ देखि आर्थिक वर्ष २०७७/०७८ सम्मको आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको २ वर्ष नाघेको मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको विवरण संख्या ३०

रेखा चित्र नं. १०
सबै अदालतहरूको आर्थिक वर्ष २०६८/०६९ देखि आर्थिक वर्ष २०७७/०७८ सम्मको आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको २ वर्ष नाघेको मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनको रेखा चित्र ३१

तालिका नं. १५
सबै अदालत तथा न्यायाधिकरणहरूमा १८ महिना नाघेका मुद्दा, रिट निवेदन, निवेदन, प्रतिवेदन तथा फुटकर निवेदनहरू ३१

वृत्त चित्र नं. २
सबै अदालत तथा न्यायाधिकरणहरूमा १८ महिना नाघेका मुद्दाहरूको विवरणको वृत्त चित्र ३२

तालिका नं. १६
सर्वोच्च अदालत वार्षिक बजेट तथा खर्च ३८

तालिका नं. १७
सर्वोच्च अदालतमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको लगतको विवरण ४६

वृत्त चित्र नं.३
सर्वोच्च अदालतमा परेका मुद्दा, रिट, निवेदनहरूको वर्गीकृत वृत्त चित्र ४६

तालिका नं.१८
निर्देशनात्मक आदेश र परमादेशसमेतको कार्यान्वयनको विवरण ४८

तालिका नं. १९
उच्च अदालतमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनहरूको समग्र विवरण ५६

वृत्त चित्र नं.४
उच्च अदालतमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनहरूको समग्र विवरणको वृत्त चित्र ५६

तालिका नं. २०
उच्च अदालतहरूमा कायम भएको समग्र लगत, फछ्र्यौट र कार्यबोझको प्रदेशगत विवरण ५७

स्तम्भ चित्र नं. १०
उच्च अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र ५७

वृत्त चित्र नं.५
उच्च अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत कार्यबोझको वृत्तचित्र ५८

स्तम्भ चित्र नं.११
उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन अन्तर्गत मार्ग समूह अनुसार मुद्दाको लगत र फछ्र्यौटको स्तम्भ चित्र ५९

वृत्त चित्र नं.६
उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन अन्तर्गत मार्ग समूह अनुसार मुद्दाको लगतको वृत्त चित्र ५९

तालिका नं.२१
जिल्ला अदालतमा मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको कायम भएको लगतको विवरण ६४

वृत्त चित्र नं.७
जिल्ला अदालतमा परेको मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन, अन्य निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको जम्मा लगत विवरणको वृत्त चित्र ६५

तालिका नं. २२
जिल्ला अदालतहरूमा कायम भएको समग्र लगत, फछ्र्यौट र कार्यबोझको प्रदेशगत विवरण ६५

स्तम्भ चित्र नं.१२
जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र ६६

वृत्त चित्र नं.८
जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत कार्यबोझको वृत्तचित्र ६६

तालिका नं. २३
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार वर्गिकृत जिल्ला अनुसारको कार्यबोझ र कार्यसम्पादनको विवरण ६७

स्तम्भ चित्र नं. १३
जिल्ला अदालतहरूमा कायम हुन आएको कूल वार्षिक लगत, फछ्र्यौट र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका वर्गीकृत विवरण ६७

वृत्त चित्र नं.९
जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको वर्गीकृत जिल्लाअनुसारको कार्यबोझको वृत्तचित्र ६८

स्तम्भ चित्र नं. १४
जिल्ला अदालतहरूमा फरक मुद्दा व्यवस्थापनअन्तर्गत मार्ग समूहअनुसार मुद्दाको लगत र फछ्र्यौटको स्तम्भ चित्र ६९

वृत्त चित्र नं.१०
जिल्ला अदालतहरूमा फरक मुद्दा व्यवस्थापनअन्तर्गत मार्ग समूहअनुसार मुद्दाको लगतको वृत्त चित्र ६९

तालिका नं. २४
आर्थिक वर्ष २००७७/०७८ मा १८ महिना नाघेका मुद्दाहरू ० (शून्य) रहेका जिल्ला अदालतहरू ७१

तालिका नं. २५
आर्थिक वर्ष २००७७/०७८ मा जिल्ला अदालतहरूबाट भएको मुद्दा तथा रिट निवेदनसमेतको घट्दो क्रममा मुद्दा फछ्र्यौटको अवस्था ७१

तालिका नं. २६
अन्य अदालत तथा न्यायाधिकरणहरूमा रहेका मुद्दाको लगतको विवरण ७८

स्तम्भ चित्र नं. १५
अन्य अदालत तथा न्यायाधिकरणहरूमा रहेका मुद्दाको लगतको विवरण स्तम्भ चित्र ७८

परिच्छेद - एक
प्रारम्भिक

१.१ पृष्ठभूमि

नेपालको संविधानले न्यायसम्बन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग हुने संवैधानिक व्यवस्था गर्दै न्याय प्रशासनको सम्पूर्ण जिम्मेवारी न्यायपालिकालाई सुम्पेको छ। संवैधानिक व्यवस्थाअनुरूप नेपालको न्यायपालिकाले कानून र न्यायका मान्य सिद्धान्तप्रति प्रतिबद्ध रही प्रभावकारी तथा सहज, पहुँचयुक्त र जनआस्थामा आधारित न्यायप्रणाली स्थापना गर्ने दिशातर्फ आफ्ना काम कारबाहीहरू केन्द्रित गर्दै आइरहेको छ। सर्वप्रथम वि.सं.१९९७ साल साउन १ गते प्रधान न्यायालयको स्थापना गरी न्यायपालिकालाई प्रशासनिक निकायबाट अलग गरी छुट्टै संरचनाको रूपमा विकास गरिएको थियो। २०१३ साल जेठमा तत्कालीन प्रधान न्यायालय खारेज गरी सर्वोच्च अदालतको स्थापनापश्चात् केन्द्रीय तहमा सर्वोच्च अदालत यथावत् रहे तापनि विभिन्न संवैधानिक तथा कानूनी व्यवस्थाको परिवर्तनसँगै यस अन्तर्गतका अदालत तथा न्यायिक निकायहरूको नाम, तह, क्षेत्राधिकारलगायतका संरचनाहरूमा परिवर्तन हुँदै आएका छन्।

२०७२ साल असोज ३ गते जारी गरिएको नेपालको संविधानले नेपाल राज्यको संरचना सङ्घीय ढाँचामा निर्धारण गरेको छ। सङ्घीय संरचनामा राज्यको पुनर्संरचना गरिए तापनि नेपालको न्यायपालिका एकीकृत स्वरूपमा रहेको छ। राज्यको पुनर्संरचनाको क्रममा न्यायपालिकाको संरचनामा सारभूत परिवर्तन नगरे पनि संवैधानिक परिवर्तनको प्रभाव न्यायपालिकामा पनि परेको छ। सर्वोच्च अदालतमा संवैधानिक इजलासको स्थापना लगायत उच्च तथा जिल्ला अदालतहरूको क्षेत्राधिकार विस्तार भएको छ। उच्च अदालतहरूको भौतिक तथा सेवा प्रवाहका पूर्वाधार व्यवस्थापनमा प्रत्यक्ष प्रभाव परेको छ। नेपालको न्यायपालिकाले स्थापनाको समयदेखि नै प्रचलित संविधान र कानूनले निर्देश गरेबमोजिमको आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्दै आएको छ। प्रस्तुत सन्दर्भमा सर्वोच्च अदालत र मातहत अदालतले आर्थिक वर्ष २०७७/०७८ मा सम्पादन गरेका काम कारबाहीको विस्तृत विवरणसहित, स्वतन्त्र, निष्पक्ष, सक्षम तथा प्रभावकारी न्याय व्यवस्था कायम गर्न अवलम्बन गर्नुपर्ने उपायहरूसमेतलाई समावेश गरी नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतले यो वार्षिक प्रतिवेदन तयार गरेको छ।

१.२ न्यायपालिकासम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा १२७ ले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहका अदालतहरू र अन्य न्यायिक निकायहरू रहने संवैधानिक व्यवस्था गरेको छ। हाल सर्वोच्च अदालतको मातहतमा ७ (सात) वटै प्रदेशमा एक-एक वटा उच्च अदालत तथा उच्च अदालतको इजलास एवम् अस्थायी इजलास ११ वटा गरी कूल १८ वटा र जिल्ला अदालतहरू ७७ वटा सञ्चालनमा रहेका छन्। यसका अतिरिक्त विशेष अदालत तथा न्यायाधिकरणहरू न्याय प्रशासनको कार्यमा संलग्न रहिआएका छन्। साथै अर्धन्यायिक अधिकार प्रयोग गर्ने निकायहरूबाट समेत न्याय प्रशासनको कार्य सम्पादन हुँदै आएको छ। सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका सम्बन्धमा भएका मुख्य-मुख्य संवैधानिक व्यवस्थाहरू देहायबमोजिम रहेका छन्।

१.२.१ सर्वोच्च अदालतसम्बन्धी व्यवस्था

क. सर्वोच्च अदालतको गठन

नेपालको संविधानले सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा बिस जना न्यायाधीश रहने संवैधानिक व्यवस्था गरेको छ। संवैधानिक परिषद्को सिफारिसमा प्रधान न्यायाधीशको र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था रहेको छ। सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहन्छन्। संविधान र कानूनको व्याख्या गर्ने अन्तिम निकायका रूपमा सर्वोच्च अदालत रहेको छ। सर्वोच्च अदालतले आफ्नो र आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालत, विशिष्टीकृत अदालत वा अन्य न्यायिक निकायहरूको न्याय प्रशासन वा व्यवस्थापनसम्बन्धी विषयमा निरीक्षण, सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिन सक्छ। मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको सिद्धान्त सबैले पालना गर्नुपर्दछ। सर्वोच्च अदालतले आफ्नो वा मातहत अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानूनबमोजिम अदालतको अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने संवैधानिक व्यवस्था रहेको छ।

ख. सर्वोच्च अदालतको अधिकारक्षेत्र

संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएको हुँदा

त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानून सङ्घीय संसद्ले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानून सङ्घीय संसद् वा प्रदेश सभाले बनाएको कुनै कानूनसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग बदर घोषित गरिपाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्छ। यसरी परेको निवेदनबाट कुनै कानून बाझिएको देखिएमा सर्वोच्च अदालतको संवैधानिक इजलासले सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्न सक्छ।

संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत अन्य आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार नेपालको संविधानको धारा १३३ ले सर्वोच्च अदालतलाई प्रदान गरेको छ। यसका अतिरिक्त सर्वोच्च अदालतलाई सङ्घीय कानूनमा व्यवस्था भएबमोजिम मुद्दाको सुरू कारबाही र किनारा गर्ने, पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोऱ्याउने, निवेदन सुन्ने वा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार रहेको छ।

ग. संवैधानिक इजलास

नेपालको संविधानको धारा १३७ ले सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहने व्यवस्था गरेको छ। उक्त संवैधानिक इजलासमा प्रधान न्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले तोकेका अन्य चारजना न्यायाधीशहरू रहने संवैधानिक व्यवस्था रहेको छ। संवैधानिक इजलासले संविधानको धारा १३३ को उपधारा (१) बमोजिम संविधानसँग बाझिएको कानून बदर गर्न माग गरी परेका निवेदनको अतिरिक्त संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीचको अधिकार क्षेत्रको बारेमा भएको विवाद, सङ्घीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र सङ्घीय संसद्का सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यतासम्बन्धी मुद्दाको सुरू कारबाही र किनारा गर्दछ। यसैगरी गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखिएमा त्यस्तो मुद्दा संवैधानिक इजलासबाट हेर्ने गरी प्रधान न्यायाधीशले तोक्न सक्ने व्यवस्था रहेको छ।

१.२.२ उच्च अदालतसम्बन्धी व्यवस्था

क. उच्च अदालतको गठन

नेपालको संविधानको धारा १३९ ले प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने व्यवस्था गरेको छ। साथै उच्च अदालतका अतिरिक्त तोकिएको भौगोलिक क्षेत्रका मुद्दा हेर्ने गरी छुट्टै इजलासहरूको समेत गठन गर्न सकिने कानूनी व्यवस्थाअनुरूप ९ वटा उच्च अदालतको इजलास र २ वटा अस्थायी इजलास गठन भएका छन्। उच्च अदालतलाई आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूबाट हुने न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा सङ्घीय कानूनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने अधिकार रहेको छ। प्रधान न्यायाधीशबाट न्याय परिषद्को सिफारिसमा उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति हुने संवैधानिक व्यवस्था रहेको छ।

ख. उच्च अदालतको अधिकारक्षेत्र

संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने अधिकारक्षेत्र उच्च अदालतलाई रहेको छ। साथै सङ्घीय कानूनबमोजिम सुरू मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने अधिकारसमेत उच्च अदालतमा रहेको छ।

१.२.३ जिल्ला अदालतसम्बन्धी व्यवस्था

क. जिल्ला अदालतको गठन

नेपालको संविधानको धारा १४८ ले प्रत्येक जिल्लामा एक जिल्ला अदालत रहने व्यवस्था गरेको छ। प्रदेश कानूनबमोजिम स्थापित स्थानीय स्तरका न्यायिक निकाय जिल्ला अदालतको मातहत रहने एवम् जिल्ला अदालतले आफ्नो मातहतका न्यायिक निकायहरूको निरीक्षण एवं सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्ने व्यवस्था रहेको छ। साथै जिल्ला अदालतका न्यायाधीशको नियुक्ति न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशबाट हुने संवैधानिक व्यवस्था रहेको छ।

ख. जिल्ला अदालतको अधिकारक्षेत्र

जिल्ला अदालतलाई सङ्घीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकारक्षेत्रभित्रका सम्पूर्ण मुद्दाको सुरू कारबाही र किनारा गर्ने, बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञालगायत कानूनबमोजिम दर्ता हुन आएका निवेदन हेर्ने, अर्धन्यायिक निकायले गरेको न्यायिक निर्णयउपर कानूनबमोजिम पुनरावेदन सुन्ने, प्रदेश कानूनबमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णयउपर पुनरावेदन सुन्ने तथा आफू र आफ्नो मातहतका अदालतहरूको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा सङ्घीय कानूनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने अधिकार छ। साथै जिल्ला अदालतको अधिकारक्षेत्र र कार्यविधिसम्बन्धी अन्य व्यवस्था सङ्घीय कानूनबमोजिम हुने संवैधानिक व्यवस्था रहेको छ।

१.२.४ विशिष्टीकृत अदालत

नेपालको संविधानको धारा १२७ बमोजिम नेपालको न्यायिक संरचनामा नियमित रूपमा रहने सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूबाहेक धारा १५२ बमोजिम खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सक्ने व्यवस्था रहेको छ। साथै स्थानीय स्तरमा मुद्दा हेर्न न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपायहरू अवलम्बन गर्न अन्य निकाय गठन गर्न सकिने संवैधानिक व्यवस्था रहेको छ। उल्लिखित संवैधानिक व्यवस्थाबमोजिम अन्य अदालत तथा न्यायिक निकायको रूपमा विशेष अदालत, श्रम अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजस्व न्यायाधिकरण र ऋण असुली न्यायाधिकरण सञ्चालनमा रहेका छन्।

१.३ न्यायपालिकाको सङ्गठनात्मक स्वरूप

न्यायपालिकाको साङ्गठनिक स्वरूप देहायबमोजिम रहेको छ[७]:



१.४ जनशक्तिको स्थिति

अदालतमा फैसला गर्ने वा न्याय सम्पादनको काममा प्रत्यक्ष संलग्न रहने न्यायाधीशहरू एवम् मुद्दाको दर्तादेखि फैसला र त्यसको कार्यान्वयन गर्ने तहसम्म आवश्यक प्रशासनिक तथा न्यायिक कार्यको प्रक्रियागत काम कारबाहीहरू गर्ने अधिकृत र सहायकस्तरका कर्मचारीहरू गरी दुई किसिमका जनशक्ति कार्यरत रहेका छन्। नेपालको संविधानबमोजिम सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा बीस जना न्यायाधीशको स्थायी दरबन्दी रहने व्यवस्था छ। आ.व. २०७७।७८ मा सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त २० जना न्यायाधीश, मुख्य रजिस्ट्रार -१, रजिस्ट्रार -२ सहरजिस्ट्रार - ८, राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव) -१२० र राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत - १३१, सहायक कर्मचारीहरू १८६ र श्रेणी विहीन कर्मचारीहरू १४२ (बजेट प्रयोजनसमेत) गरी जम्मा दरबन्दी ६११ रहेको देखिन्छ। उक्त दरबन्दीमध्ये यस आर्थिक वर्षको अन्त्यमा सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त १९ जना न्यायाधीश, मुख्य रजिस्ट्रार -१, रजिस्ट्रार -२, सहरजिस्ट्रार -७, राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव) -१०० र राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत-१०६ गरी अधिकृत कर्मचारीहरू -२१६ र सहायक कर्मचारीहरू -२०७ (करारसमेत) जना कार्यरत रहेका थिए। त्यसै गरी हलुका सवारी चालक ५० र कार्यलय सहयोगी ८६ गरी जम्मा १२३ श्रेणी विहीन कर्मचारीहरू कार्यरत रहेका थिए। सर्वोच्च अदालतमा कार्यरत कूल जनशक्ति ५८० (न्यायाधीशसमेत) मध्ये यस आर्थिक वर्षमा ३ जना माननीय न्यायाधीश, सहरजिस्ट्रार -१ जना, उपरजिस्ट्रार -१४ जना, शाखा अधिकृत वा सो सरह-५६ जना, सहायक कर्मचारी -४५ जना र कार्यालय सहयोगी -४२ जना गरी १६१ जना महिला जनशक्ति कार्यरत रहेका थिए। त्यसै गरी सर्वोच्च अदालतमा कार्यरत मौजुदा जनशक्तिमध्ये महिला १६१, आदिवासी जनजाति १४५, मधेसी २०, दलित १२ र अपाङ्ग १ जना कार्यरत रहेको देखिन्छ।

उच्च अदालतहरूमा मुख्य न्यायाधीशसहित न्यायाधीशहरूको दरबन्दी १६० जना रहने व्यवस्था न्याय प्रशासन ऐन, २०७३ मा रहेकोमा प्रतिवेदन वर्षमा मुख्य न्यायाधीशसहित १५१ जना न्यायाधीश कार्यरत रहेका थिए। उच्च अदालतमा निजामती सेवाअन्तर्गत रजिस्ट्रार, रा.प.प्रथम श्रेणी -१२, रजिस्ट्रार, रा.प.द्वितीय श्रेणी -६ उपरजिस्ट्रार -१९, राजपत्राङ्कित तृतीय श्रेणी -३३२, सहायक कर्मचारीहरू -५३३ र श्रेणी विहीन कर्मचारीहरू २९१ गरी जम्मा दरबन्दी संख्या ११९३ रहेको छ। उक्त दरबन्दीमध्ये राजपत्राङ्कित अधिकृत २६५, सहायक कर्मचारी ४६० (करारसमेत) तथा श्रेणीविहीन कर्मचारी २९७ (करारसमेत) गरी जम्मा १०२२ जना कर्मचारीहरू कार्यरत रहेका थिए। त्यसमध्ये माननीय न्यायाधीश २३ जना, उपरजिस्ट्रार -३, शाखा अधिकृत ४३, सहायक कर्मचारी ९० र श्रेणीविहीन ५० गरी जम्मा २०९ महिला जनशक्ति कार्यरत रहेका थिए। त्यसै गरी उच्च अदालतमा कार्यरत मौजुदा जनशक्तिमध्ये महिला २०९, आदिवासी जनजाति ११०, मधेसी १८, दलित १२, अपाङ्ग ४ र पिछडिएको क्षेत्र ८ जना कार्यरत रहेको देखिन्छ।

जिल्ला अदालतमा न्यायाधीश र कर्मचारीहरूको स्वीकृत दरबन्दीअनुसार जिल्ला न्यायाधीश २७२, उपसचिव ७६, शाखा अधिकृत ४०७, सहायक कर्मचारीहरू २८६५, श्रेणीविहीन कर्मचारी ६२८ र बजेट प्रयोजनको दरबन्दी ८६७ गरी जम्मा ५११५ दरबन्दी रहेकोमा सोमध्ये जिल्ला न्यायाधीश २४६, राजपत्राङ्कित अधिकृत २९१, सहायक कर्मचारी २२०४, श्रेणी विहीन कर्मचारी ६४२ गरी ३३८३ जना कार्यरत रहेका थिए। त्यसमध्ये माननीय न्यायाधीश ११, उपसचिव २, शाखा अधिकृत ३०, सहायक कर्मचारी २९९ र श्रेणीविहीन ९७ गरी जम्मा ४३९ जना महिला जनशक्ति कार्यरत रहेका थिए। त्यसै गरी जिल्ला अदालतमा कार्यरत मौजुदा जनशक्तिमध्ये महिला ४३९, आदिवासी जनजाति २६१, मधेसी १८०, दलित ५९, अपाङ्ग १९ र पिछडिएको क्षेत्र ८७ जना कार्यरत रहेको देखिन्छ।

अन्य अदालत तथा न्यायाधिकरणहरूमा न्यायाधीशहरूको अलगै दरबन्दी नभएको हुँदा उच्च अदालतका न्यायाधीशमध्येबाट नै खटिई कार्यरत रहेका थिए। विशेष अदालत, प्रशासकीय अदालत र अन्य न्यायाधिकरणहरूमा स्वीकृत दरबन्दीअनुसार रजिस्ट्रार, रा.प.प्रथम २, उपरजिस्ट्रार ८, शाखा अधिकृत ३९, सहायक कर्मचारी १४७, श्रेणी विहीन कर्मचारी ३८ र बजेट प्रयोजन ५८ गरी २९२ दरबन्दी भएकोमा सोमध्ये रजिस्ट्रार १, उपरजिस्ट्रार ८, शाखा अधिकृत वा सोसरह २१, सहायक कर्मचारी ८६, श्रेणीविहीन कर्मचारी ५७ गरी जम्मा १७३ जना कार्यरत रहेका थिए। त्यसमध्ये शाखा अधिकृत ४, सहायक कर्मचारी १७, र श्रेणी विहीन ४९ गरी जम्मा ७० जना महिला जनशक्ति कार्यरत रहेका थिए। त्यसै गरी अन्य अदालत तथा न्यायाधिकरणहरूमा कार्यरत मौजुदा जनशक्तिमध्ये महिला ७०, आदिवासी जनजाति २२, मधेसी ४, दलित २, अपाङ्ग १ र पिछडिएको क्षेत्र २ जना कार्यरत रहेको देखिन्छ।

न्यायपालिकाअन्तर्गत कार्यरत न्यायाधीशहरूको सङ्ख्यामध्ये यस आर्थिक वर्ष २०७७/०७८ मा सर्वोच्च अदालतमा ३ जना, उच्च अदालतमा २३ जना र जिल्ला अदालतमा ११ जना गरी जम्मा ३७ जना महिला न्यायाधीश कार्यरत रहेका थिए। न्यायपालिकाअन्तर्गत विभिन्न अदालत तथा न्यायाधिकरणहरूमा कार्यरत विशिष्ट श्रेणीका अधिकृत ४, रा.प. प्रथम २०, रा.प. द्वितीय २१०, शाखा अधिकृत वा सो सरह ६०५, सहायक स्तर २९४६, श्रेणीविहीन ११४२ गरी जम्मा ४९२७ जना कार्यरत रहेका थिए। न्यायपालिकामा माननीय न्यायाधीश र कर्मचारी गरी जम्मा दरबन्दी ६४८४ रहेकामा करारसमेत गरी ५३४८ पदपूर्ति भएको देखिन्छ। त्यसमध्ये माननीय न्यायाधीश ३७, विशिष्ट श्रेणीका अधिकृत १, उपसचिव १९, शाखा अधिकृत १२९, सहायक कर्मचारी ४४९ र श्रेणीविहीन २०४ (करारसमेत) गरी जम्मा ८३९ जना महिला जनशक्ति कार्यरत रहेका थिए। त्यसै गरी न्यायपालिकाअन्तर्गत कार्यरत मौजुदा जनशक्तिमध्ये महिला ८३९, आदिवासी जनजाति

५३८, मधेसी २२२, दलित ८५, अपाङ्ग २५ र पिछडिएको क्षेत्र ९६ जना कार्यरत रहेको देखिन्छ।

राजस्व न्यायाधिकरणहरू तथा विशेष अदालतमा न्यायाधीशको रूपमा कार्य गर्नको लागि उच्च अदालतमा कार्यरत न्यायाधीशहरूमध्येबाटै खटाउने गरिएको छ। प्रशासकीय अदालतमा एकजना अध्यक्ष र दुईजना सदस्यसहित तीन जना, श्रम अदालतमा एक जना मुद्दा हेर्ने अधिकारी कानूनबमोजिम नियुक्ति हुने व्यवस्था छ। उल्लिखित अन्य अदालत तथा न्यायाधिकरणहरूमा न्याय सेवाबाहेक अन्य सेवाहरूबाट समेत कामको प्रकृतिको आधारमा कर्मचारीहरू पदस्थापन गर्ने व्यवस्था छ। यस आर्थिक वर्षमा न्यायपालिकाअन्तर्गत विभिन्न निकायमा कायम रहेको दरबन्दीसम्बन्धी विस्तृत विवरण परिशिष्ट -३३, ५३, ७४ र ८७ मा उल्लेख गरिएको छ।

१.५ न्यायपालिकाबाट सम्पादित कार्यको विवरण

न्यायपालिकाबाट सम्पादन हुने विभिन्न कामहरूमध्ये न्याय निरूपणको कार्य सबैभन्दा प्रमुख कार्य हो। प्रतिवेदन अवधि अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा नेपालका विभिन्न तहका अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूमा कायम हुन आएको मुद्दाहरूको वार्षिक लगत, फछ्र्यौट र बाँकीको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. १

अदालत तथा न्यायाधिकरणहरूको मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिको निवेदनको लगत, फछ्र्यौट र बाँकीको स्थिति

सि.नं	अदालत	लगत	फछ्र्यौट	फछ्र्यौट प्रतिशत	बाँकी
१.	सर्वोच्च अदालत	३३४६६	५६८९	१७.००	२७७७७
२.	उच्च अदालत	५६४१७	३३५०४	५९.३९	२२९१३
३.	जिल्ला अदालत	२००६८१	१०९४९५	५४.५६	९११८६
जम्मा		**२९०५६४**	**१४८६८८**	**५१.१७**	**१४१८७६**
४.	वैदेशिक रोजगार न्यायाधिकरण	६६४	४५३	६८.२२	२११
५.	राजस्व न्यायाधिकरणहरू	१६२२	३५५	२१.८९	१२६७
६.	विशेष अदालत	१५३०	८७३	५७.०६	६५७
७.	श्रम अदालत	३१४	८५	२७.०७	२२९
८.	प्रशासकीय अदालत	४७	२१	४४.६८	२६
९	ऋण असुली न्यायाधिकरण	४२९	१८१	४२.१९	२४८
१०	ऋण असुली पुनरावेदन न्यायाधिकरण	३४	२१	६१.७६	१३
अन्य अदालत तथा न्यायाधिकरणको जम्मा		**४६४०**	**१९८९**	**४२.८७**	**२६५१**
कुल जम्मा		**२९५२०४**	**१५०६७७**	**५१.०४**	**१४४५२७**

आर्थिक वर्ष २०७७/०७८ मा नेपालका विभिन्न तहका अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूमा मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन तथा विशेष प्रकृतिका निवेदनसमेत गरी कूल जम्मा २९५२०४ वार्षिक लगत कायम हुन आएकोमा सोमध्ये १५०६७७ अर्थात् कूल लगतको ५१.०४ प्रतिशत मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा १४४५२७ मुद्दा बाँकी रहेको देखिन्छ। प्रतिवेदन अवधिमा नेपालका विभिन्न तहका अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूमा कायम भएको मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन तथा विशेष प्रकृतिको निवेदनसमेतको कूल वार्षिक लगत, फछ्र्यौट र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका विवरणलाई देहायबमोजिमको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

स्तम्भ चित्र नं. १

अदालत तथा न्यायाधिकरणहरूको मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिको निवेदनको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



तालिका नं २

आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालत र जिल्ला अदालतहरूको प्रदेशगत विवरणः

क्र. सं.	अदालतको नाम	मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन				प्रदेशगत कार्यबोझ प्रतिशत	जम्मा फछ्र्यौटको प्रदेशगत फछ्र्यौट %
		लगत	फछ्र्यौट	फछ्र्यौट प्रतिशत	बाँकी		
१	एक नम्बर प्रदेश	४०८४४	२४७५६	६०.६१	१६०८८	१५.८९	१७.३१
२	मधेश प्रदेश	७०५३९	३३८९२	४८.०५	३६६४७	२७.४४	२३.७०
३	बागमती प्रदेश	७५२१५	४१७१५	५५.४६	३३५००	२९.२६	२९.१७
४	गण्डकी प्रदेश	१८२५७	१११९२	६१.३०	७०६५	७.१०	७.८३
५	लुम्बिनी प्रदेश	३६९५३	२१३४०	५७.७५	१५६१३	१४.३७	१४.९२
६	कर्णाली प्रदेश	६७१६	४३६०	६४.९२	२३५६	२.६१	३.०५
७	सुदूर पश्चिम प्रदेश	८५७४	५७४४	६६.९९	२८३०	३.३३	४.०२
कुल जम्मा		२५७०९८	१४२९९९	५५.६२	११४०९९	१००	१००

आर्थिक वर्ष २०७७/०७८ मा नेपालका उच्च अदालत र जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको वार्षिक लगत र फछ्र्यौटको प्रदेशगत विश्लेषण गर्दा सबैभन्दा बढी लगत बागमती प्रदेशमा (७५२१५) र सबैभन्दा कम लगत कर्णाली प्रदेशमा (६७१६) रहेको देखिन्छ भने लगतको तुलनामा सबैभन्दा बढी फछ्र्यौट सुदुरपश्चिम प्रदेशमा ६६.९९% (८५७४ लगतमा ५७४४ फछ्र्यौट) र सबैभन्दा कम दुई नम्बर प्रदेशमा ४८.०५% भएको देखिन्छ। त्यसै गरी उच्च अदालत र जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको वार्षिक लगतको प्रदेशगत कार्यबोझ बिश्लेषण गर्दा सबैभन्दा बढी कार्यबोझ बागमती प्रदेशमा (२९.२६%) र सबैभन्दा कम कर्णाली प्रदेशमा (२.६१%) रहेको छ। त्यसै गरी कूल मुद्दाहरूको वार्षिक फछ्र्यौटको प्रदेशगत फछ्र्यौट विश्लेषण गर्दा सबैभन्दा बढी फछ्र्यौट बागमती प्रदेशमा (२९.१७%) र सबैभन्दा कम कर्णाली प्रदेशमा (३.०५%) रहेको छ। प्रदेशगत कार्यबोझ मध्ये फछ्र्यौट के कति हुनसक्यो भनी हेर्दा मधेश प्रदेशमा कार्यबोझको अनुपातमा उपलब्धि हासिल हुन सकेको देखिदैन। देशभरीका कूल मुद्दाको २७.४४ प्रतिशत मुद्दा प्रदेश नं. २ मा रहेकोमा फछ्र्यौटतर्फ हेर्दा देशभरीको फछ्र्यौटमा २३.७० प्रतिशत मात्र हुन सकेको देखिन्छ। प्रदेश नं. १ मा लगत १५.८९ प्रतिशत रहेकोमा फछ्र्यौट १७.३१ प्रतिशत रहेको देखिन्छ। सबैभन्दा धेरै लगत रहेको बागमती प्रदेशमा कार्यबोझ र फछ्र्यौट करिब बराबर नै छ। यसैगरी प्रदेशगत

लगतमध्ये फछ्र्यौट हेर्दा प्रदेश नं. १ मा ६०.६१ प्रतिशत, मधेश मा ४८.०५ प्रतिशत, वागमती प्रदेशमा ५५.४६ प्रतिशत, गण्डकी प्रदेशमा ६१.३० प्रतिशत, लुम्बिनी प्रदेशमा ५७.७५ प्रतिशत, कर्णाली प्रदेशमा ६४.९२ प्रतिशत र सुदुरपश्चिम प्रदेशमा ६६.९९ प्रतिशत फछ्र्यौट गरी सबै प्रदेशको कूल ५५.६२ प्रतिशत रहेको देखिन्छ। उच्च अदालत र जिल्ला अदालतहरूको समग्र लगत, फछ्र्यौट तथा कार्यबोझको प्रदेशगत विवरणलाई तालिका नं २ मा उल्लेख गरिएको छ।

उच्च अदालत र जिल्ला अदालतहरूमा कायम हुन आएको कूल वार्षिक लगत, फछ्र्यौट र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका प्रदेशगत विवरणलाई देहायबमोजिमको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

स्तम्भ चित्र नं. २

उच्च अदालत र जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



वृत्त चित्र नं. १

उच्च अदालत र जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत कार्यबोझ (%) को वृत्तचित्र



तालिका नं. ३

आ.ब. २०७७।७८ मा सबै अदालतहरूमा दर्ता भएका मुद्दाहरूमध्ये सबैभन्दा बढी सङ्ख्यामा रहेका १० मुद्दाहरू

सि.नं	मुद्दाको नाम	लगत	फछ्र्यौट	बाँकी	कुल मुद्दाको प्रतिशत
१	सम्बन्ध विच्छेद	२७४२५	१७५६७	९८५८	११.४३
२	अंशबन्डा	२७२७८	११२२४	१६०५४	११.३७
३	लेनदेन	२१२९१	१०१२८	१११६३	८.८७
४	जग्गा सम्बन्धी	१६०२८	४५२२	११५०६	६.६८
५	जालसाजी	१३२८०	३७८३	९४९७	५.५३
६	लिखतबदर	११५१९	३९८०	७५३९	४.८०
७	चेक अनादर र (बैङ्किङ कसुरसमेत)	८७६३	३०२९	५७३४	३.६५
८	जबरजस्ती करणी	७७५७	३४१८	४३३९	३.२३
९	कर्तव्य ज्यान	५०२५	१६८८	३३३७	२.०९
१०	सवारी ज्यान वा अंगभंग वा घाइते भएको कसुर	४१८०	२३१६	१८६४	१.७४

१.५.१ अदालतहरूको त्रैमासिक मुद्दा फछ्र्यौट स्थिति

सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूको त्रैमासिक मुद्दा फछ्र्यौटको स्थितिलाई देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४

सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूको त्रैमासिक मुद्दा फछ्र्यौटको स्थिति (निवेदनहरूबाहेक)

क्र. स.	अदालतको नाम	पहिलो त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक		जम्मा फछ्र्यौट
		फछ्र्यौट	फछ्र्यौट प्रतिशत	फछ्र्यौट	फछ्र्यौट प्रतिशत	फछ्र्यौट	फछ्र्यौट प्रतिशत	फछ्र्यौट	फछ्र्यौट प्रतिशत	
१	सर्वोच्च अदालत	९६५	२२.०७	११८२	२७.०	१६१८	३७.०	६०७	१३.९	४३७२
२	उच्च अदालत	१८४२	८.८५	५२५८	२५.३	१००७९	४८.४	३६३८	१७.५	२०८१७
३	जिल्ला अदालत	८०१०	१०.७०	२०९०२	२७.९	३५९३०	४८.०	१०००७	१३.४	७४८४९
जम्मा		**१०८१७**	**१०.८१**	**२७३४२**	**२७.३३**	**४७६२७**	**४७.६१**	**१४२५२**	**१४.२५**	**१०००३८**

आर्थिक वर्ष २०७७/०७८ मा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा जम्मा १०००३८ मुद्दा फछ्र्यौट भएकोमा सोमध्ये त्रैमासिक रूपमा मुद्दा फछ्र्यौटको अवस्था हेर्दा पहिलो त्रैमासिकमा १०८१७ अर्थात् जम्मा वार्षिक फछ्र्यौट संख्याको १०.८१ प्रतिशत, दोस्रो त्रैमासिकमा २७३४२ अर्थात् जम्मा वार्षिक फछ्र्यौटको २७.३३ प्रतिशत, तेस्रो त्रैमासिकमा ४७६२७ अर्थात् जम्मा वार्षिक मुद्दा फछ्र्यौटको ४७.६१ प्रतिशत र चौथो त्रैमासिकमा १४२५२ अर्थात् जम्मा वार्षिक मुद्दा फछ्र्यौटको १४.२५ प्रतिशत मुद्दा फछ्र्यौट भएको देखिन्छ। मुद्दा फछ्र्यौटको यो प्रवृत्ति हेर्दा पहिलो त्रैमासिकको तुलनामा दोस्रो र तेस्रो त्रैमासिकमा बढी फछ्र्यौट भएको देखिन्छ भने चौथो त्रैमासिकमा मुद्दा फछ्र्यौटको दर घटेको देखिन्छ। विश्वभर फैलिएको कोभिड-१९ को प्रभाव नेपालको न्यायपालिकामा पहिलो र चौथो त्रैमासिकमा पर्न गएको कारण न्यायपालिकाले आफ्ना काम कारबाहीमा सङ्कुचन ल्याउनुपरेको हुँदा उक्त अवधिमा मुद्दा फछ्र्यौटमा कमी हुन आएको देखिन्छ। त्रैमासिकगत मुद्दा फछ्र्यौटको प्रवृत्तिलाई देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

स्तम्भ चित्र नं.३

सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूको मुद्दातर्फ त्रैमासिक फछ्र्यौटको स्तम्भ चित्र



१.५.२ सर्वोच्च अदालतको १० वर्षको मुद्दातर्फको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

सर्वोच्च अदालतको विगत १० वर्षको कार्यबोझ र कार्य सम्पादनको तुलनात्मक स्थिति देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५

सर्वोच्च अदालतको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६८/०६९	१०४२२	८६३१	१९०५३	६३३९	१२७१४
२०६९/०७०	१२७१४	८०९७	२०८११	४३६०	१६४५१
२०७०/०७१	१६४५१	८२८४	२४७३५	५९४६	१८७८९
२०७१/०७२	१८७८९	९४८६	२८२७५	६४४८	२१८२७
२०७२/०७३	२३३३४[1]	११८३५	३५१६९	१११७५	२३९९४
२०७३/०७४	२३७१३[2]	१०६४०	३४३५३	११३२१	२३०३२
२०७४/०७५	२१८२९[3]	१०८८८	३२७१७	१२४१९	२०२९८
२०७५/०७६	२०२९८	१४६२४	३४९२२	१०७४२	२४१८०
२०७६/०७७	२४१८०	११८०१	३५९८१	११२२५	२४७५६
२०७७/०७८	२४७५६	८७१०	३३४६६	५६८९	२७७७७

1 फुटकर निवेदन समावेश गरिएकोले आर्थिक वर्ष २०७१/०७२ को बाँकी र आर्थिक वर्ष २०७२/०७३ को जिम्मेवारीमा फरक परेको।

2 आर्थिक वर्ष २०७२/०७३ मा फछ्र्यौट भएका निवेदनहरूको लगत आर्थिक वर्ष २०७३/०७४ मा काटेकोले जिम्मेवारीमा फरक परेको।

3 आर्थिक वर्ष २०७३/०७४ मा फछ्र्यौट भएका निवेदनहरूको लगत आर्थिक वर्ष २०७४/०७५ मा काटेकोले जिम्मेवारीमा फरक परेको।

सर्वोच्च अदालतको १० वर्षको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६८/०६९ मा सर्वोच्च अदालतमा जिम्मेवारी सरेको मुद्दा संख्या १०४२२ र उक्त आर्थिक वर्षमा नयाँ दर्ता भएको ८६३१ गरी जम्मा वार्षिक लगत १९०५३ कायम भएकोमा ६३३९ फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा १२७१४ मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा जिम्मेवारी सरेको २४७५६, नयाँ दर्ता ८७१० गरी जम्मा वार्षिक लगत ३३४६६ कायम भएकोमा ५६८९ फछ्र्यौट भई २७७७७ मुद्दा बाँकी रहेको देखिन्छ। १० आर्थिक वर्षको अन्तरालमा सर्वोच्च अदालतको कार्यबोझ ७५.६४ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६८/०६९ मा भन्दा आर्थिक वर्ष २०७७/०७८ मा फछ्र्यौट अनुपात हेर्दा १०.२५ प्रतिशतले घटेको देखिन्छ। यसबाट मुद्दा बाँकी भई आगामी वर्षको लागि जिम्मेवारी सरेको संख्याको अनुपात हेर्दा ११८.४८ प्रतिशतले वृद्धि भएको छ। सर्वोच्च अदालतको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको अवस्था देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं.१

सर्वोच्च अदालतको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)



तालिका नं. ६

सर्वोच्च अदालतको १० वर्षको मुद्दा तथा रिटतर्फको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६८/०६९	१०३७७	७७११	१८०८८	५५११	१२५७७
२०६९/०७०	१२५७७	७२७३	१९८५०	३५१७	१६३३३
२०७०/०७१	१६३३३	७५५०	२३८८३	५२३५	१८६४८
२०७१/०७२	१८६४८	८७९३	२७४४१	५७२२	२१७१९
२०७२/०७३	२१७१९	१०१८१	३१९००	१००२५	२१८७५
२०७३/०७४	२१८७५	८९५८	३०८३३	९८३९	२०९९४
२०७४/०७५	२०९९४	९५०१	३०४९५	११०२८	१९४६७

२०७५/०७६	१९४६७	१३१४४	३२६११	९१९३	२३४१८
२०७६/०७७	२३४१८	१०४२९	३३८४७	९६९३	२४१५४
२०७७/०७८	२४१५४	७३१९	३१४७३	४३७२	२७१०१

सर्वोच्च अदालतको १० वर्षको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६८/०६९ मा सर्वोच्च अदालतमा निवेदन, प्रतिवेदनबाहेक जिम्मेवारी सरेको मुद्दा संख्या १०३७७ र नयाँ दर्ता भएको ७७११ गरी जम्मा वार्षिक लगत १८०८८ कायम भएकोमा ५५११ फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा १२५७७ मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा जिम्मेवारी सरेको २४१५४, नयाँ दर्ता ७३१९ गरी जम्मा वार्षिक लगत ३१४७३ कायम भएकोमा ४३७२ फछ्र्यौट भई २७१०१ मुद्दा बाँकी रहेको देखिन्छ।१० आर्थिक वर्षको अन्तरालमा सर्वोच्च अदालतको कार्यबोझको अनुपात हेर्दा ७४ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६८/०६९ मा भन्दा आर्थिक वर्ष २०७७/०७८ मा फछ्र्यौट अनुपात हेर्दा २०.६७ प्रतिशतले घटेको देखिन्छ। यसबाट मुद्दा बाँकी भई आगामी वर्षको लागि जिम्मेवारी सरेको संख्याको अनुपात हेर्दा ११५.४८ प्रतिशतले वृद्धि भएको छ। निवेदन, प्रतिवेदनबाहेक मुद्दा तथा रिटतर्फको सर्वोच्च अदालतको विगत १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको अवस्था देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. २

सर्वोच्च अदालतको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)



१.५.३ उच्च अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

उच्च अदालतहरूको विगत १० वर्षको कार्यबोझ र कार्य सम्पादनको तुलनात्मक स्थिति देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७

उच्च अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६८/०६९	९१८४	२६६७०	३५८५४	२४४७२	११३८२
२०६९/०७०	११३८२	२८७२२	४०१०४	२४८५८	१५२४६

२०७०/०७१	१५२४६	२६६०६	४१८५२	२९०७०	१२७८२
२०७१/०७२	१२७८२	४३००७	५५७८९	४०३२३	१५४६६
२०७२/०७३	१५४६६	३५४९५	५०९६१	३२१६१	१८८००
२०७३/०७४	१८७९१[4]	३५२३९	५४०३०	३३९४७	२००८३
२०७४/०७५	२००८३	३३१५३	५३२३६	३७८४९	१५३८७
२०७५/०७६	१५३८७	४४६८३	६००७०	४४४८८	१५५८२
२०७६/०७७	१५५८२	३९९७८	५५५६०	३५५६२	१९९९८
२०७७/०७८	१९९९८	३६४१९	५६४१७	३३५०४	२२९१३

उच्च अदालतको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६८/०६९ मा जिम्मेवारी सरेको मुद्दा संख्या ९१८४ रहेकोमा २६६७० नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत ३५८५४ कायम भएकोमा २४४७२ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ११३८२ मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा जिम्मेवारी सरेको १९९९८ र नयाँ दर्ता ३६४१९ गरी जम्मा लगत ५६४१७ कायम भएकोमा ३३५०४ मुद्दा फछ्र्यौट भई २२९१३ बाँकी रहेको देखिन्छ। १० आर्थिक वर्षको अन्तरालमा उच्च अदालतको कार्यबोझको अनुपात हेर्दा ५७.३५ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६८/०६९ मा भन्दा आर्थिक वर्ष २०७७/०७८ मा फछ्र्यौट अनुपात हेर्दा ३६.९१ प्रतिशतले वृद्धि भएको देखिन्छ। यसबाट कार्य सम्पादनस्तर वृद्धि भएको भए तापनि मुद्दा बाँकी भई आगामी वर्षको लागि जिम्मेवारी सरेको संख्याको अनुपात १०१.३१ प्रतिशतले वृद्धि भएको छ। उच्च अदालतहरूको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ३

उच्च अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)



4 आर्थिक वर्ष २०७२/०७३ मा फछ्र्यौट भएका निवेदनहरूको लगत आर्थिक वर्ष २०७३/०७४ मा काटेकोले जिम्मेवारीमा फरक परेको।

तालिका नं. ८

उच्च अदालतहरूको १० वर्षको मुद्दा तथा रिटतर्फको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६८/०६९	८९७८	१८९८३	२७९६१	१६८६१	१११००
२०६९/०७०	१११००	२०८०७	३१९०७	१७४०३	१४५०४
२०७०/०७१	१४५०४	१९६६०	३४१६४	२१९४०	१२२२४
२०७१/०७२	१२२२४	२८३४४	४०५६८	२५२९०	१५२७८
२०७२/०७३	१५२७८	२३९३५	३९२१३	२०९५३	१८२६०
२०७३/०७४	१८२६०	२३७७९	४२०३९	२२४६९	१९५७०
२०७४/०७५	१९५७०	२१२९३	४०८६३	२६२६६	१४५९७
२०७५/०७६	१४५९७	३१३६३	४५९६०	३०८०१	१५१५९
२०७६/०७७	१५१५९	२७३०७	४२४६६	२३१९१	१९२७५
२०७७/०७८	१९२७५	२३५४८	४२८२३	२०८१७	२२००६

निवेदन प्रतिवेदन र फुटकर निवेदनबाहेक मुद्दा तथा रिट निवेदन मात्रको विगत १० वर्षको उच्च अदालतहरूको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६८/०६९ मा जिम्मेवारी सरेको मुद्दा संख्या ८९७८ रहेकोमा १८९८३ नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत २७९६१ कायम भएकोमा १६८६१ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा १११०० मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा जिम्मेवारी सरेको १९२७५ र नयाँ दर्ता २३५४८ गरी जम्मा लगत ४२८२३ कायम भएकोमा २०८१७ मुद्दा फछ्र्यौट भई २२००६ बाँकी रहेको देखिन्छ।१० आर्थिक वर्षको अन्तरालमा उच्च अदालतको कार्यबोझको अनुपात हेर्दा ५३.१५ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६८/०६९ मा भन्दा आर्थिक वर्ष २०७७/०७८ मा फछ्र्यौट अनुपात हेर्दा २३.४६ प्रतिशतले वृद्धि भएको देखिन्छ। यसबाट कार्य सम्पादनस्तरमा सुधार भएको भए तापनि मुद्दा बाँकी भई आगामी वर्षको लागि जिम्मेवारी सरेको संख्याको अनुपात हेर्दा ९८.२५ प्रतिशतले वृद्धि भएको छ। उच्च अदालतहरूको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ४

उच्च अदालतहरूको १० वर्षको (मुद्दा र रिटतर्फ) तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)



१.५.४ जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

जिल्ला अदालतहरूको विगत १० वर्षको कार्यबोझ र कार्य सम्पादनको तुलनात्मक स्थिति देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ९

जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६८/०६९	३८८१८	५७६०६	९६४२४	५६०७४	४०३५०
२०६९/०७०	४०३५०	६२१३३	१०२४८३	५६८१९	४५६६४
२०७०/०७१	४५६६४	६४९६५	११०६२९	६८०४८	४२५८१
२०७१/०७२	४२५८१	७२२१०	११४७९१	७५५४०	३९२५१
२०७२/०७३	३९२५१	७९७६२	११९०१३	७४२१३	४४८००
२०७३/०७४	४४८३०[5]	११८५१३	१६३३४३	११०७१६	५२६२७
२०७४/०७५	५२६२७	१३५४५०	१८८०७७	१३०२९२	५७७८५
२०७५/०७६	५७७८५	२०२७२२	२६०५०७	१९५९५३	६४५५४
२०७६/०७७	६४५५४	१४९०३८	२१३५९२	१३७६४६	७५९४६
२०७७/०७८	७५९४६	११७२३८	१९३१८४	१०२१०७	९१०७७

जिल्ला अदालतको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६८/०६९ मा जिम्मेवारी सरेको मुद्दा संख्या ३८८१८ रहेकोमा ५७६०६ नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत ९६४२४ कायम भएकोमा ५६०७४ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ४०३५० मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा जिम्मेवारी सरेको ७५९४६ र नयाँ दर्ता ११७२३८ गरी जम्मा लगत १९३१८४ कायम भएकोमा १०२१०७ मुद्दा फछ्र्यौट भई ९१०७७ थान मुद्दा बाँकी रहेको देखिन्छ। १० आर्थिक वर्षको अन्तरालमा जिल्ला अदालतको कार्यबोझको अनुपात हेर्दा १००.३५ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६८/०६९ मा भन्दा आर्थिक वर्ष २०७७/०७८ मा फछ्र्यौट अनुपात हेर्दा ८२.१ प्रतिशतले वृद्धि भएको देखिन्छ। कार्य सम्पादनस्तरमा सुधार भएको भए तापनि मुद्दा बाँकी भई आगामी वर्षको लागि जिम्मेवारी सरेको संख्याको अनुपात हेर्दा १२५.७२ प्रतिशतले वृद्धि भएको छ। जिल्ला अदालतहरूको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादन स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

5 आर्थिक वर्ष २०७२/०७३ को बाँकी र आर्थिक वर्ष २०७३/०७४ जिम्मेवारी फुटकर निवेदन समावेश भएकोले फरक परेको।

रेखा चित्र नं. ५

जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)



तालिका नं. १०

जिल्ला अदालतहरूको १० वर्षको मुद्दा तथा रिटतर्फको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६८/०६९	३८८१८	५७६०६	९६४२४	५६०७४	४०३५०
२०६९/०७०	४०३५०	६२१३३	१०२४८३	५६८१९	४५६६४
२०७०/०७१	४५६६४	६४९६५	११०६२९	६८०४८	४२५८१
२०७१/०७२	४२५८१	७२२१०	११४७९१	७५५४०	३९२५१
२०७२/०७३	३९२५१	७९७५८	११९००९	७४२१२	४४७९७
२०७३/०७४	४४७९७	८२७२३	१२७५२०	७५१३१	५२३८९
२०७४/०७५	५२३८९	८७१६०	१३९५४९	८२२३३	५७३१६
२०७५/०७६	५७३१६	१००८८९	१५८२०५	९३८१९	६४३८६
२०७६/०७७	६४३८६	७३७८३	१३८१६९	६२३५२	७५८१७
२०७७/०७८	७५८१७	८९८१९	१६५६३६	७४८४९	९०७८७

विगत १० आर्थिक वर्षको जिल्ला अदालतहरूको निवेदन, प्रतिवेदन र फुटकर निवेदनबाहेक मुद्दा तथा रिट निवेदन मात्रको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६८/०६९ मा जिम्मेवारी सरेको मुद्दा संख्या ३८८१८ रहेकोमा ५७६०६ नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत ९६४२४ कायम भएकोमा ५६०७४ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ४०३५० मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा जिम्मेवारी सरेको ७५८१७ र नयाँ दर्ता ८९८१९ गरी जम्मा लगत १६५६३६ कायम भएकोमा ७४८४९ मुद्दा फछ्र्यौट भई ९०७८७ बाँकी रहेको देखिन्छ। १० आर्थिक वर्षको अन्तरालमा जिल्ला अदालतको कार्यबोझको अनुपात हेर्दा ७१.७८ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६८/०६९ मा भन्दा आर्थिक वर्ष २०७७/०७८ मा फछ्र्यौट अनुपात हेर्दा ३३.४८ प्रतिशतले वृद्धि भएको देखिन्छ। कार्य सम्पादनस्तरमा सुधार आएको भए तापनि मुद्दा बाँकी भई आगामी वर्षको लागि जिम्मेवारी सरेको

संख्याको अनुपात हेर्दा १२५ प्रतिशतले वृद्धि भएको छ। जिल्ला अदालतहरूको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादन स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ६

जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)



१.५.५ अन्य अदालत तथा न्यायाधिकरणहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

अन्य अदालत तथा न्यायाधिकरणहरूको विगत १० वर्षको कार्यबोझ र कार्य सम्पादनको तुलनात्मक स्थिति देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ११

अन्य अदालत तथा न्यायाधिकरणहरूको मुद्दातर्फको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६८/०६९	११९७	१०२५	२२२२	८४३	१३७९
२०६९/०७०	१३७९	१३९९	२७७८	८८२	१८९६
२०७०/०७१	१८९६	९१४	२८१०	८१४	१९९६
२०७१/०७२	१९९६	९९३	२९८९	१६३७	१३५२
२०७२/०७३	१३५२	८६६	२२१८	७०२	१५१६
२०७३/०७४	१५१६	१२८७	२८०३	१५११	१२९२
२०७४/०७५	१२९२	८२५	२११७	१०५१	१०६६
२०७५/०७६	१०७२[6]	१२५०	२३२२	९५६	१३६६
२०७६/०७७	१७९२[7]	१२०७	२९९९	८१७	२१८२
२०७७/०७८	२१८२	१३६५	३५४७	९१७	२६३०

6 आ.व २०७४/२०७५ मा प्रशासकीय अदालतको तथ्याङ्क समावेश नगरिएकोले यस आ.व.मा जिम्मेवारीमा ६ थानले बढी हुन गएको।

7 आ.व. २०७५/०७६ मा ऋण असुली न्यायाधिकरण तथा ऋण असुली पुनरावेदन न्यायाधिकरणको तथ्याङ्क समावेश नगरिएकोले यस आ.व. मा जिम्मेवारीमा ४०७ थान र राजस्व न्यायाधिकरण काठमाडौले गत आ.व. मा अन्तशुल्कको तथ्याङ्क समावेश नगरेकोले यस आर्थिक वर्षमा समावेश गर्दा जिम्मेवारीमा १९ थान गरी जम्मा ४२६ बढी हुन आएको छ।

अन्य अदालत तथा न्यायाधिकरणहरूमा १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६८/०६९ मा जिम्मेवारी सरेको मुद्दा संख्या ११९७ रहेकोमा १०२५ नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत २२२२ कायम भएकोमा ८४३ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा १३७९ मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा जिम्मेवारी सरेको २१८२ र नयाँ दर्ता १३६५ गरी जम्मा लगत ३५४७ कायम भएकोमा ९१७ मुद्दा फछ्र्यौट भई २६३० बाँकी रहेको देखिन्छ। १० आर्थिक वर्षको अन्तरालमा अन्य अदालत तथा न्यायाधिकरणहरूको कार्यबोझको अनुपात हेर्दा ५९.६३ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६८/०६९ मा भन्दा आर्थिक वर्ष २०७७/०७८ मा फछ्र्यौट अनुपात हेर्दा ८.७८ प्रतिशतले बढेको देखिन्छ। मुद्दा बाँकी भई आगामी वर्षको लागि जिम्मेवारी सरेको संख्याको अनुपात हेर्दा ९०.७२ प्रतिशतले वृद्धि भएको छ। अन्य अदालत तथा न्यायाधिकरणहरूको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ७

अन्य अदालत तथा न्यायाधिकरणहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र



१.५.६ सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

तालिका नं. १२

सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको १० वर्षको तुलनात्मक समग्र कार्यबोझ र कार्य सम्पादनको स्थिति

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६८/०६९	५९६२१	९३९३२	१५३५५३	८७७२८	६५८२५
२०६९/०७०	६५८२५	१००३५१	१६६१७६	८६९१९	७९२५७
२०७०/०७१	७९२५७	१००७६९	१८००२६	१०३८७८	७६१४८
२०७१/०७२	७६१४८	१२५६९६	२०१८४४	१२३९४८	७७८९६
२०७२/०७३	७९४०३[8]	१२७९५८	२०७३६१	११८२५१	८९११०
२०७३/०७४	८८८५०[9]	१६५६७९	२५४५२९	१५७४९५	९७०३४

8 आ.व. २०७२/०७३ देखि फुटकर निवेदनसमेत समावेश भएकोले अघिल्लो आर्थिक वर्षको बाँकी र पछिल्लो आर्थिक वर्षको जिम्मेवारी फरक परेको।

9 आ.व. २०७३/०७४ देखि फुटकर निवेदनसमेत समावेश भएकोले अघिल्लो आर्थिक वर्षको बाँकी र पछिल्लो आर्थिक वर्षको जिम्मेवारी फरक परेको।

२०७४/०७५	९५८३१[10]	१८०३१६	२७६१४७	१८१६११	९४५३६
२०७५/०७६	९४५५२[11]	२७६४७८	३७१०३०	२६५१९२	१०५८३८
२०७६/०७७	१०६२६६[12]	२११२५४	३१७५२०	१९४५३७	१२२९८३
२०७७/०७८	१२२९८३	१७२२२१	२९५२०४	१५०६७७	१४४५२७

सबै अदालत तथा अन्य न्यायाधिकरणहरूमा १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६८/०६९ मा जिम्मेवारी सरेको मुद्दा संख्या ५९६२१ रहेकोमा ९३९३२ नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत १५३५५३ कायम भएकोमा ८७७२८ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ६५८२५ मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा जिम्मेवारी सरेको १२२९८३ र नयाँ दर्ता भएका १७२२२१ गरी जम्मा लगत २९५२०४ कायम भएकोमा १५०६७७ मुद्दा फछ्र्यौट भई १४४५२७ बाँकी रहेको देखिन्छ। बिगत १० आर्थिक वर्षको अन्तरालमा सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको कार्यबोझ र कार्य सम्पादनस्तर उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ। १० आर्थिक वर्षको अन्तरालमा सबै अदालत र न्यायाधिकरणहरूको कार्यबोझको अनुपात हेर्दा ९२.२५ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६८/०६९ मा भन्दा आर्थिक वर्ष २०७७/०७८ मा फछ्र्यौट अनुपात हेर्दा ७१.७५ प्रतिशतले वृद्धि भएको देखिन्छ। कार्य सम्पादनस्तरमा सुधार आएको भए तापनि मुद्दा बाँकी भई आगामी वर्षको लागि जिम्मेवारी सरेको संख्याको अनुपात हेर्दा ११९.५६ प्रतिशतले वृद्धि भएको छ। सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादन स्तर देहायको रेखा चित्रमा उल्लेख गरिएको छ।

रेखा चित्र नं. ८

सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र



तालिका नं. १३

सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको १० वर्षको (निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिका निवेदनबाहेक) तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६८/६९	५९३७०	८५३२५	१४४६९५	७९२८९	६५४०६

10 आ.व. २०७३/०७४ देखि फुटकर निवेदनसमेत समावेश भएकोले अघिल्लो आर्थिक वर्षको बाँकी र पछिल्लो आर्थिक वर्षको जिम्मेवारी फरक परेको।

11 आ.व. २०७५/०७६ देखि प्रशासकीय अदालतको जिम्मेवारी समावेश भएकोले अघिल्लो आर्थिक वर्षको बाँकी र पछिल्लो आर्थिक वर्षको जिम्मेवारी फरक परेको।

12 आ.व. २०७६/०७७ देखि ऋण असुली न्यायाधिकरण तथा ऋण असुली पुनरावेदन न्यायाधिकरणको तथ्याङ्क समावेश भएकोले अघिल्लो आर्थिक वर्षको बाँकी र पछिल्लो आर्थिक वर्षको जिम्मेवारी फरक परेको।

२०६९/७०	६५४०६	९१६१२	१५७०१८	७८६२१	७८३९७
२०७०/७१	७८३९७	९३०८९	१७१४८६	९६०३७	७५४४९
२०७१/७२	७५४४९	११०३४०	१८५७८९	१०८१८९	७७६००
२०७२/७३	७७६००	११४७४०	१९२३४०	१०५८९२	८६४४८
२०७३/७४	८६४४८	११६७४७	२०३१९५	१०८९५०	९४२४५
२०७४/७५	९४२४५	११८७७९	२१३०२४	१२०५७८	९२४४६
२०७५/७६	९२४५२	१४६६४६	२३९०९८	१३४७६९	१०४३२९
२०७६/७७	१०४७५५	११२७२६	२१७४८१	९६०५३	१२१४२८
२०७७/७८	१२१४२८	१२२०५१	२४३४७९	१००९५५	१४२५२४

सबै अदालत तथा अन्य न्यायाधिकरणहरूमा १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६८/०६९ मा जिम्मेवारी सरेको मुद्दा संख्या ५९३७० रहेकोमा ८५३२५ नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत १४४६९५ कायम भएकोमा ७९२८९ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ६५४०६ मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा जिम्मेवारी सरेको १२१४२८ र नयाँ दर्ता भएको १२२०५१ गरी जम्मा लगत २४३४७९ कायम भएकोमा १००९५५ मुद्दा फछ्र्यौट भई १४२५२४ बाँकी रहेको देखिन्छ। १० आर्थिक वर्षको अन्तरालमा सबै अदालत र न्यायाधिकरणहरूको कार्यबोझको अनुपात हेर्दा ६८.२७ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६८/०६९ मा भन्दा आर्थिक वर्ष २०७७/०७८ मा फछ्र्यौट अनुपात हेर्दा २७.३३ प्रतिशतले वृद्धि भएको देखिन्छ। कार्य सम्पादनस्तरमा केही सुधार आएको भए तापनि मुद्दा बाँकी भई आगामी वर्षको लागि जिम्मेवारी सरेको संख्याको अनुपात हेर्दा ११७.९ प्रतिशतले वृद्धि भएको छ। सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादन स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ९

सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको १० वर्षको (निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिका निवेदनबाहेक) तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र



परिच्छेद - दुई
न्यायपालिकाको योजना तथा विकास

२.१ न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना

न्यायपालिकाबाट सम्पादन गरिने काम कारबाहीहरूलाई प्रभावकारी र योजनाबद्ध ढङ्गबाट सञ्चालन गरी न्यायिक पद्धतिको सुदृढीकरण एवम् विकास गर्ने उद्देश्यले पहिलो पटक आर्थिक वर्ष २०६१/०६२ मा न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको थियो। उक्त योजनाको कार्यान्वयनबाट प्राप्त अनुभव एवम् उपलब्धिसमेतको समीक्षा गर्दै न्यायपालिकाको योजनावद्ध सुधार प्रक्रियालाई निरन्तरता दिने क्रममा आर्थिक वर्ष २०६६/०६७ मा दोस्रो र आर्थिक वर्ष २०७१/०७२ मा तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याइएको थियो । आर्थिक वर्ष २०७६/०७७ देखि चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा रहेको छ। न्यायपालिकाले विगत सत्र वर्षदेखि रणनीतिक योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको सन्दर्भमा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको दोस्रो वर्षको रूपमा रहेको छ।

२.२ चौथो पञ्चवर्षीय रणनीतिक योजनाले निर्धारण गरेका लक्ष्य र प्रगतिको समीक्षा

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन, न्यायमा पहुँच अभिवृद्धि, न्यायिक सुशासनको प्रवर्द्धन, अदालत व्यवस्थापनको सुदृढीकरण र न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने ५ वटा मूल लक्ष्यहरू निर्धारण गरेको छ। उक्त लक्ष्यहरू हासिल गर्न २३ वटा रणनीतिक उद्देश्यहरू निर्धारण गरिएको छ। रणनीतिक योजनाले लिएका लक्ष्य र रणनीतिक उद्देश्यहरू हासिल गर्न प्रत्येक अदालतले आर्थिक वर्ष २०७७/०७८ को लागि विभिन्न क्रियाकलापहरू समावेश गरी आ-आफ्नो अदालतको वार्षिक कार्य योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएका थिए। यस आर्थिक वर्षमा रणनीतिक योजनाले निर्धारण गरेको लक्ष्य र रणनीतिक उद्देश्यअन्तर्गत निर्धारित क्रियाकलापहरू तथा प्राप्त उपलब्धिहरूको देहायबमोजिम समीक्षा गरिएको छ।

२.२.१. मुद्दा फछ्र्यौटतर्फ

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले लिएको लक्ष्य पूरा गर्न सर्वोच्च अदालतले यस आर्थिक वर्ष २०७७/०७८ मा लक्ष्यको आधारमा हेर्दा मुद्दा तथा रिटतर्फ कूल लगतको १८५९६ अर्थात् ५०.५० प्रतिशत र निवेदन, प्रतिवेदनतर्फ ६८६ अर्थात् ४९.७५ प्रतिशत फछ्र्यौट गर्नुपर्ने गरी वार्षिक कार्य योजनामा लक्ष्य लिइएकोमा मुद्दा तथा रिटतर्फ लक्ष्यको २३.५१ प्रतिशत र निवेदन प्रतिवेदनतर्फ ११२.२४ प्रतिशत फछ्र्यौट भएको छ। त्यसैगरी वास्तविक कायम हुन आएको लगतको आधारमा हेर्दा मुद्दा तथा रिटतर्फ कूल लगत ३१४७३ को १३.८९ प्रतिशत र निवेदन प्रतिवेदनको कूल लगत १०७३ को ७१.७६ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। यसरी माथि उल्लिखित मुद्दा, रिट, निवेदन प्रतिवेदन र फुटकर निवेदनसहित जम्मा कूल लगत ३३४६६ मध्ये ५६८९ फछ्र्यौट भई कूल लगतको १७ प्रतिशत फछ्र्यौट भएको देखिन्छ।

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले उच्च अदालत तथा जिल्ला अदालतहरूको हकमा फरक मुद्दा व्यवस्थापन पद्धति लागु हुनुपूर्वका र फरक मुद्दा व्यवस्थापन पद्धति लागु हुने मुद्दा तथा निवेदनको लागि छुट्टाछुट्टै कार्य सम्पादन सूचक तय गरेको छ। वि.सं. २०७७।४।१ देखि जिल्ला अदालत र २०७७।५।१ देखि उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति लागु भएको छ। आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतहरूका लागि जिम्मेवारी सरिआएका सबै मुद्दा तथा निवेदनहरू फछ्र्यौट गर्ने तथा फरक मुद्दा व्यवस्थापन पद्धति अन्तर्गत सरल, सामान्य र विशेष मार्गमा दर्ता भएका मुद्दाहरू सोही मार्ग समूहले निर्धारण गरेको समयावधि क्रमश: ६ महिनाभित्र, १२ महिनाभित्र र १८ महिनाभित्र नै फछ्र्यौट गर्नुपर्ने एवम् प्रतिवेदनहरू दर्ता भएको मितिले १ महिनाभित्र फछ्र्यौट गर्ने लक्ष्य सूचक तय गरेको थियो। उक्त वार्षिक लक्ष्यको आधारमा हेर्दा उच्च अदालत तथा इजलासहरूमध्ये सबैभन्दा बढी लक्ष्य हासिल गर्ने ओखलढुङ्गा इजलासले वार्षिक लक्ष्यको ११३.७ प्रतिशत र उच्च अदालत दिपायलले १०३.२८ प्रतिशत प्रगति हासिल गरेको छ। ओखलढुङ्गा इजलास र उच्च अदालत दिपायलसहित वार्षिक लक्ष्यको ७५ प्रतिशतभन्दा बढी फछ्र्यौट गर्ने उच्च अदालत तथा इजलासहरू क्रमश: उच्च अदालत तुलसीपुर, उच्च अदालत सुर्खेत, हेटौडा इजलास र महेन्द्रनगर इजलास गरी ६ वटा रहेका छन्। सबै उच्च अदालतहरूले मुद्दा फछ्र्यौटको लागि निर्धारण गरेको जम्मा वार्षिक लक्ष्य ३५०१८ रहेकोमा २०८१७ अर्थात् ५९.४५ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-९० मा रहेको छ।

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले जिल्ला अदालतहरूका लागि जिम्मेवारी सरिआएका मुद्दा तथा रिटमध्ये सतप्रतिशत फछ्र्यौट गर्ने तथा चालु आर्थिक वर्षमा दर्ता भएका मुद्दा फरक मुद्दा व्यवस्थापन पद्धतिअन्तर्गत सरल, सामान्य र विशेष मार्गमा दर्ता भएका मुद्दाहरू सोही मार्ग समूहले निर्धारण गरेको समयावधि क्रमश: ६ महिनाभित्र, १२ महिनाभित्र र १८ महिनाभित्र नै फछ्र्यौट गर्नुपर्ने

लक्ष्य राखेको थियो। यसैगरी प्रतिवेदनहरू दर्ता भएको मितिले १ महिनाभित्र फछ्र्यौट गर्ने लक्ष्य रहेको थियो। सोही लक्ष्यबमोजिम सबै जिल्ला अदालतहरूले आर्थिक वर्ष २०७७/०७८ का लागि आ-आफ्नो अदालतको वार्षिक कार्य योजना तर्जुमा गरी कार्यान्वयन गरेका थिए। वार्षिक लक्ष्यको आधारमा हेर्दा जिल्ला अदालतहरूमध्ये लक्ष्यको १०० प्रतिशतभन्दा बढी प्रगति हासिल गर्ने बाजुरा, मुस्ताङ, अछाम, डडेलधुरा, सल्यान, जाजरकोट, गुल्मी, अर्घाखाँची, रोल्पा र मनाङ जिल्ला अदालतहरू गरी जम्मा १० वटा रहेका छन्। वार्षिक लक्ष्यको ७५ देखि १०० प्रतिशतसम्म फछ्र्यौट गर्ने जिल्ला अदालतहरू २७ वटा रहेका छन्। आर्थिक वर्षको अन्त्यसम्म सबै जिल्ला अदालतहरूमा जम्मा मुद्दा फछ्र्यौटको लागि निर्धारण गरेको वार्षिक लक्ष्य १२६१९६ रहेकोमा ७४८४९ थान अर्थात् ५९.३१ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-९० मा रहेको छ।

समग्रमा आर्थिक वर्षको अन्त्यसम्म सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूको वार्षिक फछ्र्यौट लक्ष्य १८०४९६ रहेकोमा १००८०८ थान अर्थात् ५५.८५ प्रतिशत फछ्र्यौट भएको देखिन्छ।

२.२.२. आर्थिक वर्ष २०७७/०७८ को मुद्दातर्फको विषयगत लगत र प्रगतिको अवस्था

२.२.२.१. सर्वोच्च अदालत

- **मुद्दातर्फ लगत फछ्र्यौटको अवस्थाः-**

सर्वोच्च अदालतको मुद्दातर्फको कार्य सम्पादन अवस्थाको विश्लेषण गर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा रिट निवेदनबाहेक मुद्दातर्फको जम्मा लगत २५९८६ थान रहेकामा, ३४२७ थान अर्थात् १३.१९ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा रिट निवेदनबाहेक मुद्दातर्फको जम्मा लगत २८९५७ थान रहेकामा, ८४५३ थान अर्थात् २९.१९ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत २७८९३ थान रहेकामा, ७७६८ थान अर्थात् २७.८५ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत २५५९४ थान रहेकामा, ९१२७ थान अर्थात् ३६.१६ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत २५४८५ थान रहेकामा, ८११३ थान अर्थात् ३१.८७ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा मुद्दाको लगतको अनुपात १०.२६ प्रतिशतले र मुद्दा फछ्र्यौटको अनुपात ५९.४६ प्रतिशतले घटेको देखिन्छ।

- **रिट निवेदनतर्फको लगत फछ्र्यौटको अवस्थाः-**

रिट निवेदनतर्फ कार्य सम्पादन अवस्थाको विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/०७८ मा रिट निवेदनतर्फको जम्मा लगत ५४८७ थान रहेकोमा ९४५ थान अर्थात् १७.२२ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा रिट निवेदनतर्फको जम्मा लगत ४८९० थान रहेकोमा १२४० थान अर्थात् २५.३६ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत ४७१८ थान रहेकोमा १४२५ थान अर्थात् ३०.२० प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ४९०१ थान रहेकामा १९०१ थान अर्थात् ३८.७९ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ५३७५ थान रहेकामा, १७२६ थान अर्थात् ३२.११ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा रिट निवेदनको लगत अनुपात १२.२१ प्रतिशतले वृद्धि र फछ्र्यौट अनुपात २३.७९ प्रतिशतले कम भएको देखिन्छ।

- **मुद्दा तथा रिट निवेदन दुवैतर्फको लगत फछ्र्यौटको अवस्थाः-**

मुद्दा तथा रिट निवेदन दुवैतर्फको कार्य सम्पादनको अवस्था हेर्दा, आर्थिक वर्ष २०७७/०७८ मा जम्मा लगत ३१४७३ थान रहेकोमा ४३७२ थान अर्थात् १३.८९ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा जम्मा लगत ३३८४७ थान रहेकोमा ९६९३ थान अर्थात् २८.६४ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत ३२६११ थान रहेकोमा ९१९३ थान अर्थात् २८.१९ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ३०४९५ थान रहेकामा, ११०२८ थान अर्थात् ३६.१६ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ३०८३३ थान रहेकामा, ९८४३ थान अर्थात् ३१.९१ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा मुद्दा तथा रिट निवेदनको लगत अनुपात हेर्दा ७.०२ प्रतिशतले र फछ्र्यौट अनुपात ५४.९ प्रतिशतले घटेको देखिन्छ।

- **मुद्दा र रिटतर्फ बाँकीको अवस्थाः-**

मुद्दा तथा रिट निवेदनतर्फ (निवेदन, प्रतिवेदन, र फुटकर निवेदनबाहेक) समग्र बाँकी मुद्दाको विवरण हेर्दा आर्थिक वर्ष २०७७/०७८ मा जम्मा बाँकी २७१०१ थान रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा जम्मा बाँकी २४१५४ थान रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा बाँकी २३४१८ थान रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा बाँकी १९४६७ थान रहेको थियो। आर्थिक

वर्ष २०७३/०७४ मा जम्मा बाँकी २०९९४ थान रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा मुद्दा तथा रिट निवेदनको बाँकी लगत अनुपात १२.२० प्रतिशतले वृद्धि हुन आएको देखिन्छ।

चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ को अन्त्यमा जम्मा बाँकी रहेका मुद्दा तथा रिट निवेदन २७१०१ मध्ये १८ महिनाभित्रका ८८३७ थान, १८ महिनादेखि २ वर्षभित्रको ३३९६ थान, २ वर्षदेखि ५ वर्षभित्रको ११२१३ थान र ५ वर्ष नाघेका ३६५५ थान रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ को अन्त्यमा जम्मा बाँकी रहेका मुद्दा तथा रिट निवेदन २४१५४ मध्ये १८ महिनाभित्रका १०८१९ थान, १८ महिनादेखि २ वर्षभित्रको २७३२ थान, २ वर्षदेखि ५ वर्षभित्रको ८५५९ थान र ५ वर्ष नाघेका २०४४ थान रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ को अन्त्यमा जम्मा बाँकी रहेका मुद्दा तथा रिट निवेदन २३४१८ मध्ये १८ महिनाभित्रका १२५०५ थान, १८ महिनादेखि २ वर्षभित्रको १५३० थान, २ वर्षदेखि ५ वर्षभित्रको ७४३० थान र ५ वर्ष नाघेका १९५३ थान रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ को अन्त्यमा जम्मा बाँकी मुद्दा तथा रिट निवेदन १९४६७ मध्ये १८ महिनाभित्रका ८९६६ थान, १८ महिनादेखि २ वर्षभित्रको सङ्ख्या २०४२ थान र २ वर्षदेखि ५ वर्षभित्रको ६२८० थान र ५ वर्ष नाघेका २१७९ थान रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ को अन्त्यमा जम्मा बाँकी लगत २०९९४ मध्ये १८ महिनाभित्रका ९४१८ थान, १८ महिनादेखि २ वर्षभित्रको २५८८ थान र २ वर्षदेखि ५ वर्षभित्रको ६४३७ र ५ वर्ष नाघेका २५५१ थान रहेको थियो। यसरी आर्थिक वर्ष २०७७/०७८ मा मुद्दा तथा रिट निवेदनतर्फ २ वर्ष नाघेको बाँकी सङ्ख्या आर्थिक वर्ष २०७६/०७७ को तुलनामा ४२६५ थान अर्थात् ४०.२२ प्रतिशतले वृद्धि हुन आएको देखिन्छ।

- **निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फ लगत फछ्र्यौटको अवस्था**

निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फ यस आर्थिक वर्ष २०७७/०७८ मा सर्वोच्च अदालतमा जम्मा लगत १९९३ रहेकोमा, १३१७ थान अर्थात् ६६.०८ प्रतिशत फछ्र्यौट भई बाँकी संख्या ६७६ थान रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा सर्वोच्च अदालतमा जम्मा लगत २१३४ रहेकोमा, १५३२ थान अर्थात् ७१.७९ प्रतिशत फछ्र्यौट भई बाँकी संख्या ६०२ थान रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत २३११ रहेकोमा, १५४९ थान अर्थात् ६७.०३ प्रतिशत फछ्र्यौट भई बाँकी संख्या ७६२ थान रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत २२२२ रहेकामा, १३९१ थान अर्थात् ६२.६० प्रतिशत फछ्र्यौट भई बाँकी संख्या ८३१ थान रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ३५२० रहेकामा, १४८२ थान अर्थात् ४२.१४ प्रतिशत फछ्र्यौट भई बाँकी संख्या २०३८ थान रहेको थियो। प्रतिबेदन वर्षको अन्त्यमा बाँकी ६७६ मध्ये १८ महिनाभित्रका ४०२ थान, १८ महिनादेखि २ वर्षभित्रको सङ्ख्या ९९ थान, २ वर्षदेखि ५ वर्षभित्रको संख्या १३५ थान र ५ वर्ष नाघेका सङ्ख्या ४० थान रहेको देखिन्छ।

- **मुद्दा, रिट निवेदन, निवेदन प्रतिवेदन र फुटकर निवेदनतर्फ**

यस आर्थिक वर्ष २०७७/०७८ मा सर्वोच्च अदालतमा मुद्दा तथा रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र लगत सङ्ख्या ३३४६६ रहेकोमा जम्मा ५६८९ थान अर्थात् १७.०० प्रतिशत फछ्र्यौट भई बाँकी सङ्ख्या २७७७७ थान रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा मुद्दा तथा रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र लगत सङ्ख्या ३५९८१ रहेकोमा जम्मा ११२२५ थान अर्थात् ३१.२० प्रतिशत फछ्र्यौट भई बाँकी सङ्ख्या २४७५६ थान रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७५/०७६ मा समग्र लगत संख्या ३४९२२ रहेकोमा जम्मा १०७४२ थान अर्थात् ३०.७६ प्रतिशत फछ्र्यौट भई बाँकी सङ्ख्या २४१८० थान रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ मा समग्र लगत संख्या ३२७१७ रहेकोमा जम्मा १२४१९ थान अर्थात् ३७.९६ प्रतिशत फछ्र्यौट भई बाँकी संख्या २०२९८ थान रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा समग्र लगत संख्या ३४३५३ रहेकोमा जम्मा ११३२१ थान अर्थात् ३२.९५ प्रतिशत फछ्र्यौट भई बाँकी संख्या २३०३२ थान रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा गत आर्थिक वर्ष २०७६/०७७ को तुलनामा समग्र लगत अनुपात हेर्दा ६.९९ प्रतिशतले तथा फछ्र्यौटको अनुपात ४९.३२ प्रतिशतले घटेको देखिन्छ।

स्तम्भ चित्र नं.४

सर्वोच्च अदालतको ५ वर्षको मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



	जम्मा लगत	फछ्र्यौट	बाँकी
२०७३/७४	३४३५३	११३२१	२३०३२
२०७४/७५	३२७१७	१२४१९	२०२९८
२०७५/७६	३४९२२	१०७४२	२४१८०
२०७६/७७	३५९८१	११२२५	२४७५६
२०७७/७८	३३४६६	५६८९	२७७७७

२.२.२.२. उच्च अदालत

- **सबै उच्च अदालतहरूको मुद्दातर्फको लगत फछ्र्यौटको अवस्था**

उच्च अदालतहरूको मुद्दातर्फको कार्य सम्पादन अवस्थाको विश्लेषण गर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा जम्मा लगत ३६८०१ थान रहेकोमा, १७७६९ थान अर्थात् ४८.२८ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा जम्मा लगत ३७२०७ थान रहेकोमा, १९६९६ थान अर्थात् ५२.९४ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत ३९२६० थान रहेकोमा, २५८४२ थान अर्थात् ६५.८२ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ३४९६६ थान रहेकामा, २२३१३ थान अर्थात् ६३.८१ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ३६६६७ थान रहेकामा, १८७७९ थान अर्थात् ५१.२१ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा मुद्दाको लगतको अनुपात १.०९ प्रतिशत र फछ्र्यौटको अनुपात ९.७८ प्रतिशतले घटी हुन आएको देखिन्छ।

- **सबै उच्च अदालतहरूको रिट निवेदनतर्फ लगत फछ्र्यौटको अवस्था**

रिट निवेदनतर्फको कार्य सम्पादनको अवस्था विश्लेषण गर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतहरूको जम्मा लगत ६०२२ रहेकोमा, ३०४८ थान अर्थात् ५०.६१ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा उच्च अदालतहरूको जम्मा लगत ५२५९ रहेकोमा, ३४९५ थान अर्थात् ६६.४६ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत ६७०० रहेकोमा, ४९५९ थान अर्थात् ७४.०१ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ५८९७ थान रहेकामा, ३९५३ थान अर्थात् ६७.०३ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ५३७२ थान रहेकामा, ३६९० थान अर्थात् ६८.६९ प्रतिशत फछ्र्यौट भएको थियो। यसरी आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा रिट निवेदनको लगतको अनुपात १४.५१ प्रतिशतले बढी हुन आएको र फछ्र्यौट अनुपात १२.७९ प्रतिशतले घटी हुन आएको देखिन्छ।

- **सबै उच्च अदालतहरूको मुद्दा र रिट निवेदनको लगत फछ्र्यौटको अवस्था**

मुद्दा तथा रिट निवेदनतर्फको समग्र फछ्र्यौटको अवस्था हेर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतहरूको जम्मा लगत ४२८२३ थान रहेकोमा, २०८१७ थान अर्थात् ४८.६१ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा उच्च अदालतहरूको जम्मा लगत ४२४६६ थान रहेकोमा, २३१९१ थान अर्थात् ५४.६१ प्रतिशत

फछ्र्यौट भएको थियो। तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत ४५९६० थान रहेकोमा, ३०८०१ थान अर्थात् ६७.०२ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ४०८६३ थान रहेकामा, २६२६६ थान अर्थात् ६४.२८ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ४२०३९ थान रहेकामा, २२४६९ थान अर्थात् ५३.४५ प्रतिशत फछ्र्यौट भएको थियो। यसरी आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा मुद्दा तथा रिट निवेदनको लगत अनुपात ०.८४ प्रतिशतले बढेको र फछ्र्यौट अनुपात १०.२४ प्रतिशतले घटी हुन आएको देखिन्छ।

- **सबै उच्च अदालतहरूको मुद्दा र रिटतर्फ बाँकीको अवस्था**

मुद्दा तथा रिट निवेदनतर्फको बाँकी लगत सङ्ख्याको अवस्था हेर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा जम्मा बाँकी सङ्ख्या २२००६ थान रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा जम्मा बाँकी सङ्ख्या १९२७५ थान रहेको देखिन्छ। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा बाँकी सङ्ख्या १५१५९ थान रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा बाँकी सङ्ख्या १४५९७ थान रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा बाँकी सङ्ख्या १९५७० थान रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा बाँकी लगत २७३१ थानले अर्थात् १४.१७ प्रतिशतले बढी रहेको देखिन्छ।

आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतहरूमा बाँकी रहेका मुद्दा तथा रिट निवेदनहरूमध्ये १ वर्षभित्रका १४८७९ थान, १ वर्षदेखि १८ महिनाभित्रका २८६९ थान, १८ महिनादेखि २ वर्षभित्रको ३२९४ थान र २ वर्ष नाघेका ९६४ थान रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा उच्च अदालतहरूमा बाँकी रहेका मुद्दा तथा रिट निवेदनहरूमध्ये १ वर्षभित्रका १६३२५ थान, १ वर्षदेखि १८ महिनाभित्रका १९९१ थान, १८ महिनादेखि २ वर्षभित्रको ७०८ थान र २ वर्ष नाघेका २५१ थान रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा उच्च अदालतहरूमा बाँकी रहेका मुद्दा तथा रिट निवेदनहरूमध्ये १ वर्षभित्रका १३७७४ थान, १ वर्षदेखि १८ महिनाभित्रका ९३१ थान, १८ महिनादेखि २ वर्षभित्रको ३४२ थान र २ वर्ष नाघेका ११२ थान रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ मा १८ महिनाभित्रको १२२१५ थान, १८ महिनादेखि २ वर्षभित्रको ११२९ थान र २ वर्ष नाघेका १२५३ थान रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा १८ महिनाभित्रको १६६५३ थान, १८ महिनादेखि २ वर्षभित्रको १६३७ थान र २ वर्ष नाघेका १२९३ थान रहेको थियो। यसरी चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा मुद्दा तथा रिट निवेदनतर्फ २ वर्ष नाघेको बाँकी सङ्ख्या आर्थिक वर्ष २०७६/०७७ को तुलनामा ७१३ थानले बढी हुन आएको देखिन्छ।

- **सबै उच्च अदालतहरूमा निवेदन, प्रतिवेदन र फुटकर निवेदनतको लगत, फछ्र्यौट र बाँकीको अवस्था**

आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतहरूमा निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फ जम्मा लगत १३५९४ थान रहेकोमा, १२६८७ थान अर्थात् ९३.३३ प्रतिशत फछ्र्यौट भई ९०७ थान बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा उच्च अदालतहरूमा निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फ जम्मा लगत १३०९४ थान रहेकोमा, १२३७१ थान अर्थात् ९४.४८ प्रतिशत फछ्र्यौट भई ७२३ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा उच्च अदालतहरूमा निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फ जम्मा लगत १४११० थान रहेकोमा, १३६८७ थान अर्थात् ९७.०० प्रतिशत फछ्र्यौट भई ४२३ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत १२३७३ थान रहेकोमा, ११५८३ थान अर्थात् ९३.६२ प्रतिशत फछ्र्यौट भई ७९० थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ११९९१ थान रहेकोमा, ११४७८ थान अर्थात् ९५.७२ प्रतिशत फछ्र्यौट भई ५१३ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा बाँकी रहेका निवेदन प्रतिवेदनको संख्या १८४ थानले अर्थात् २५.४५ प्रतिशतले बढी हुन आएको देखिन्छ।

- **समग्र लगत फछ्र्यौटको अवस्था**

यस आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतहरूको मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र फछ्र्यौटको अवस्था हेर्दा जम्मा लगत ५६४१७ थान रहेकामा, ३३५०४ थान अर्थात् ५९.३९ प्रतिशत फछ्र्यौट भई बाँकी संख्या २२९१३ थान रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा उच्च अदालतहरूको मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र फछ्र्यौटको अवस्था हेर्दा जम्मा लगत ५५५६० थान रहेकामा, ३५५६२ थान अर्थात् ६४.०१ प्रतिशत फछ्र्यौट भई बाँकी संख्या १९९९८ थान रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा उच्च अदालतहरूको समग्र फछ्र्यौटको अवस्था हेर्दा जम्मा लगत ६००७० थान रहेकामा, ४४४८८ थान अर्थात् ७४.०६ प्रतिशत फछ्र्यौट भई बाँकी संख्या १५५८२ थान रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ५३२३६ थान रहेकामा ३७८४९ थान अर्थात् ७१.१० प्रतिशत फछ्र्यौट भई बाँकी संख्या १५३८७ थान रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ५४०३० थान रहेकामा ३३९४७ थान अर्थात् ६२.८३ प्रतिशत फछ्र्यौट भई बाँकी संख्या २००८३ थान रहेको थियो। चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फ आर्थिक

वर्ष २०७६/०७७ को तुलनामा लगत अनुपात १.५४ प्रतिशतले बढी र फछ्र्यौट अनुपात ५.७८ प्रतिशतले कमी हुन आएको देखिन्छ भने बाँकीको अनुपात १४.५७ प्रतिशतले बढी हुन आएको देखिन्छ।

स्तम्भ चित्र नं.५

उच्च अदालतहरूको ५ वर्षको मुद्दा, रिट निवेदन, प्रतिवेदन फुटकर निवेदनसमेतको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



	जम्मा लगत	फछ्र्यौट	बाँकी
२०७३/७४	५४०३०	३३९४७	२००८३
२०७४/७५	५३२३६	३७८४९	१५३८७
२०७५/७६	६००७०	४४४८८	१५५८२
२०७६/७७	५५५६०	३५५६२	१९९९८
२०७७/७८	५६४१७	३३५०४	२२९१३

२.२.२.३. जिल्ला अदालत

- **सबै जिल्ला अदालतहरूको मुद्दातर्फको लगत, फछ्र्यौटको अवस्था**

जिल्ला अदालतहरूको मुद्दातर्फको कार्य सम्पादनको अवस्था विश्लेषण गर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा जम्मा लगत १६४००१ थान रहेकामा, ७४११४ थान अर्थात् ४५.१९ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा जम्मा लगत १३६६७९ थान रहेकामा, ६१५०२ थान अर्थात् ४५ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत १५५९८३ थान रहेकामा, ९२२९१ थान अर्थात् ५९.१७ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत १३७५३९ थान रहेकामा, ८०९६७ थान अर्थात् ५८.८७ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत १२५७५३ थान रहेकामा, ७३९२२ थान अर्थात् ५८.७८ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७७/०७८ मा मुद्दातर्फ आर्थिक वर्ष २०७६/०७७ को तुलनामा लगतको अनुपात १९.९९ प्रतिशतले र फछ्र्यौट अनुपात २०.५१ प्रतिशतले बढी हुन आएको देखिन्छ।

- **सबै जिल्ला अदालतहरूको बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञातर्फको लगत फछ्र्यौटको अवस्था**

जिल्ला अदालतहरूको बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनहरूको फछ्र्यौट अवस्था विश्लेषण गर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा जम्मा लगत १६३५ थान रहेकामा, ७३५ थान अर्थात् ४४.९५ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा जम्मा लगत १४९० थान रहेकामा, ८५० थान अर्थात् ५७.०५ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत २२२२ थान रहेकामा, १५२८ थान अर्थात् ६८.७७ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत २०१० थान रहेकामा, १२६६ थान अर्थात् ६२.९९ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत १७६७ थान रहेकामा, १२०९ थान अर्थात् ६८.४२ प्रतिशत फछ्र्यौट भएको थियो। यसरी आर्थिक वर्ष २०७७/०७८ मा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फ आर्थिक वर्ष २०७६/०७७ को तुलनामा फछ्र्यौट अनुपात १३.५३ प्रशितले कमी हुन आएको देखिन्छ।

- **सबै जिल्ला अदालतहरूको मुद्दा तथा रिट निवेदनतर्फको लगत फछ्र्यौटको अवस्था**

जिल्ला अदालतहरूको मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फको समग्र फछ्र्यौटको अवस्था हेर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा जम्मा लगत १६५६३६ थान रहेकामा, ७४८४९ थान अर्थात् ४५.१९ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा जम्मा लगत १३८१६९ थान रहेकामा, ६२३५२ थान अर्थात् ४५.१३ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत १५८२०५ थान रहेकामा, ९३८१९ थान अर्थात् ५९.३० प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत १३९५४९ थान रहेकामा, ८२२३३ थान अर्थात् ५८.९३ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत १२७५२० थान रहेकामा, ७५१३१ थान अर्थात् ५८.९२ प्रतिशत फछ्र्यौट भएको थियो। यसरी आर्थिक वर्ष २०७७/०७८ मा मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फ आर्थिक वर्ष २०७६/०७७ को तुलनामा लगतको १९.८८ प्रतिशतले र फछ्र्यौट अनुपात २०.०४ प्रतिशतले बढी हुन आएको देखिन्छ।

- **मुद्दा तथा रिट निवेदन तर्फको बाँकीको अवस्था**

मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फको समग्र बाँकी सङ्ख्याको अवस्था हेर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा जिल्ला अदालतहरूको जम्मा बाँकी लगत ९०७८७ थान रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा जिल्ला अदालतहरूको जम्मा बाँकी लगत ७५८१७ थान रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा ६४३८६, आर्थिक वर्ष २०७४/०७५ मा ५७३१६ थान र आर्थिक वर्ष २०७३/०७४ मा ५२३८९ थान बाँकी रहेको थियो। चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा बाँकी रहेका मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन संख्या १४९७० थान अर्थात् १९.७४ प्रतिशतले बढी हुन आएको देखिन्छ।

जिल्ला अदालतहरूमा आर्थिक वर्ष २०७७/०७८ मा मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फको जम्मा बाँकी रहेका संख्या मध्ये अवधिगतरूपमा हेर्दा, १ वर्षभित्रको जम्मा ५९००९ थान, १ वर्षदेखि १८ महिनाभित्रको ८३३० थान, १८ महिनादेखि २ वर्षभित्रको ११९५९ थान र २ वर्ष नाघेको ११४८९ थान बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फको जम्मा बाँकी रहेका संख्या मध्ये अवधिगतरूपमा हेर्दा, १ वर्षभित्रको जम्मा ४७४११ थान, १ वर्षदेखि १८ महिनाभित्रको १५०८६ थान, १८ महिनादेखि २ वर्षभित्रको ७१०८ थान र २ वर्ष नाघेको ६२१२ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा १ वर्षभित्रको जम्मा ४९६९१ थान, १८ महिनाभित्रको ८३१५ थान, १८ महिनादेखि २ वर्षभित्रको ३१९८ थान र २ वर्ष नाघेको ३१८२ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ मा १८ महिनाभित्रको ५११०२ थान, १८ महिनादेखि २ वर्षभित्रको ३५९४ थान र २ वर्ष नाघेको २६२० थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा १८ महिनाभित्रको ४८३८९ थान, १८ महिनादेखि २ वर्षभित्रको १९२३ थान र २ वर्ष नाघेको २०७७ थान बाँकी रहेको थियो। यसरी आर्थिक वर्ष २०७७/०७८ मा मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फ २ वर्ष नाघेको बाँकी सङ्ख्या आर्थिक वर्ष २०७६/०७७ को तुलनामा ५२७७ थान अर्थात् ८४.९५ प्रतिशतले बढी हुन आएको देखिन्छ।

- **निवेदन, प्रतिवेदन र फुटकर निवेदनको लगत फछ्र्यौटको अवस्था**

आर्थिक वर्ष २०७७/०७८ मा जिल्ला अदालतहरूमा निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फको जम्मा लगत २७५४८ थान रहेकोमा, २७२५८ थान अर्थात् ९८.९५ प्रतिशत फछ्र्यौट भई २९० थान बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा जिल्ला अदालतहरूमा निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फको जम्मा लगत ७५४२३ थान रहेकोमा, ७५२९४ थान अर्थात् ९९.८३ प्रतिशत फछ्र्यौट भई १२९ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत १०२३०२ थान रहेकोमा, १०२१३४ थान अर्थात् ९९.८४ प्रतिशत फछ्र्यौट भई १६८ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ जम्मा लगत ४८५२८ थान रहेकोमा, ४८०५९ थान अर्थात् ९९.०३ प्रतिशत फछ्र्यौट भई ४६९ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ जम्मा लगत ३५८२३ थान रहेकोमा, ३५५८५ थान अर्थात् ९९.३४ प्रतिशत फछ्र्यौट भई २३८ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा निवेदन, प्रतिवेदन र फुटकर निवेदनको लगत अनुपात ६३.४८ प्रतिशतले र फछ्र्यौट अनुपात ६३.७९ प्रतिशतले कमी हुन आएको देखिन्छ।

- **समग्र लगत फछ्र्यौटको अवस्था**

यस आर्थिक वर्ष २०७७/०७८ मा जिल्ला अदालतहरूमा मुद्दा, बन्दीप्रत्यक्षीकरण तथा निषेधाज्ञाको निवेदन, अन्य निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र लगत फछ्र्यौटको अवस्था हेर्दा जम्मा लगत १९३१८४ थान रहेकामा, १०२१०७ थान अर्थात् ५२.८५ प्रतिशत फछ्र्यौट भई ९१०७७ थान बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा जिल्ला अदालतहरूमा मुद्दा, बन्दीप्रत्यक्षीकरण

तथा निषेधाज्ञाको निवेदन, अन्य निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र लगत फछ्र्यौटको अवस्था हेर्दा जम्मा लगत २१३५९२ थान रहेकामा, १३७६४६ थान अर्थात् ६४.४४ प्रतिशत फछ्र्यौट भई ७५९४६ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत २६०५०७ थान रहेकामा, १९५९५३ थान अर्थात् ७५.२२ प्रतिशत फछ्र्यौट भई ६४५५४ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ मा समग्र फछ्र्यौटको अवस्था हेर्दा जम्मा लगत १८८०७७ थान रहेकामा, १३०२९२ थान अर्थात् ६९.२८ प्रतिशत फछ्र्यौट भई ५७७८५ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा समग्र फछ्र्यौटको अवस्था हेर्दा जम्मा लगत १६३३४३ थान रहेकामा, ११०७१६ थान अर्थात् ६७.७८ प्रतिशत फछ्र्यौट भई ५२६२७ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा समग्र लगत अनुपात ९.५५ प्रतिशतले र फछ्र्यौट अनुपात २५.८२ प्रतिशतले कमी हुन आएको देखिन्छ।

स्तम्भ चित्र नं. ६

जिल्ला अदालततर्फ ५वर्षको मुद्दा तथा बन्दीप्रत्यक्षीकरण/ निषेधाज्ञाको निवेदनसमेतको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



	जम्मा लगत	फछ्र्यौट	बाँकी
२०७३/७४	१६३३४३	११०७१६	५२६२७
२०७४/७५	१८८०७७	१३०२९२	५७७८५
२०७५/७६	२६०५०७	१९५९५३	६४५५४
२०७६/७७	२१३५९२	१३७६४६	७५९४६
२०७७/७८	१९३१८४	१०२१०७	९१०७७

२०७३/७४ २०७४/७५ २०७५/७६ २०७६/७७ २०७७/७८

जिल्ला अदालतहरूको विशेष प्रकृतिका निवेदनहरूको लगत फछ्र्यौट र बाँकीको विवरण

विशेष प्रकृतिका निवेदनतर्फ यस आर्थिक वर्ष २०७७/०७८ मा जम्मा लगत ७४९७ थान रहेकोमा, ७३८८ थान अर्थात् ९८.५५ प्रतिशत फछ्र्यौट भई १०९ थान बाँकी रहेको देखिन्छ। विशेष प्रकृतिका निवेदनतर्फ यस आर्थिक वर्ष २०७६/०७७ मा जम्मा लगत ९१४७ थान रहेकोमा, ९०७२ थान अर्थात् ९९.१८ प्रतिशत फछ्र्यौट भई ७५ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत १२२०४ थान रहेकोमा, १२०५३ थान अर्थात् ९८.७६ प्रतिशत फछ्र्यौट भई १५१ थान बाँकी रहेको थियो। विशेष प्रकृतिको निवेदनतर्फ आर्थिक वर्ष २०७६/०७७ को तुलनामा आर्थिक वर्ष २०७७/०७८ मा लगत अनुपात १८.०३ प्रतिशतले र फछ्र्यौट अनुपात १८.५६ प्रतिशतले कमी हुन आएको देखिन्छ।

स्तम्भ चित्रः-७

जिल्ला अदालतहरूको विशेष प्रकृतिका निवेदनहरूको लगत फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



२.२.२.४ अन्य अदालत तथा न्यायाधिकरणहरू

अन्य अदालत तथा न्यायाधिकरणतर्फ समग्र मुद्दा फछ्र्यौट (निवेदन प्रतिवेदनबाहेक) को विश्लेषण गर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा जम्मा लगत ३५४७ थान रहेकोमा, ९१७ थान अर्थात् २५.८५ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। अन्य अदालत तथा न्यायाधिकरणतर्फ समग्र मुद्दा फछ्र्यौट (निवेदन प्रतिवेदनबाहेक) को विश्लेषण गर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको पहिलो वर्ष अर्थात् आर्थिक वर्ष २०७६/०७७ मा जम्मा लगत २९९९ थान रहेकोमा, ८१७ थान अर्थात् २७.२४ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत २३२२ थान रहेकोमा, ९५६ थान अर्थात् ४१.१७ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत २११७ थान रहेकोमा, १०५१ थान अर्थात् ४९.६५ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत २८०३ थान रहेकोमा, १५५१ थान अर्थात् ५५.३३ प्रतिशत फछ्र्यौट भएको थियो। अन्य अदालत तथा न्यायाधिकरणतर्फ आर्थिक वर्ष २०७७/०७८ मा समग्र मुद्दातर्फ आर्थिक वर्ष २०७६/०७७ को तुलनामा फछ्र्यौट अनुपात १२.२४ प्रतिशतले बढी हुन आएको देखिन्छ।

अन्य अदालत तथा न्यायाधिकरणतर्फ बाँकी मुद्दा सङ्ख्याको अवस्था हेर्दा आर्थिक वर्ष २०७७/०७८ मा जम्मा २६३० थान बाँकी रहेको देखिन्छ। त्यसैगरी आर्थिक वर्ष २०७६/०७७ मा २१८२, आर्थिक वर्ष २०७५/०७६ मा जम्मा १३६६, आर्थिक वर्ष २०७४/०७५ मा जम्मा १०६६ र आर्थिक वर्ष २०७३/०७४ मा १२९२ थान मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा बाँकी मुद्दाको लगत ४४८ थान अर्थात् २०.५३ प्रतिशतले बढी हुन आएको देखिन्छ।

अन्य अदालत तथा न्यायाधिकरणतर्फ बाँकी मुद्दा सङ्ख्याको अवधिगत अवस्था हेर्दा, आर्थिक वर्ष २०७७/०७८ मा १८ महिनाभित्रको मुद्दा १५९५ थान, १८ महिनादेखि २ वर्षभित्रका ३७२ थान र २ वर्ष नाघेका ६६३ थान बाँकी रहेको देखिन्छ। अन्य अदालत तथा न्यायाधिकरणतर्फ बाँकी मुद्दा सङ्ख्याको अवधिगत अवस्था हेर्दा, आर्थिक वर्ष २०७६/०७७ मा १८ महिनाभित्रको मुद्दा १६१६ थान, १८ महिनादेखि २ वर्षभित्रका ३७३ थान र २ वर्ष नाघेका १९३ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा १८ महिनाभित्रको मुद्दा ११७५ थान, १८ महिनादेखि २ वर्षभित्रका ६६ थान र २ वर्ष नाघेका १२५ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ मा १८ महिनाभित्रको मुद्दा ७९९ थान, १८ महिनादेखि २ वर्षभित्रका १४२ थान र २ वर्ष नाघेका १२५ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा १८ महिनाभित्रको मुद्दा ८०५ थान, १८ महिनादेखि २ वर्षभित्रका ८३ थान र २ वर्ष नाघेका १०४ थान बाँकी रहेको थियो। यसरी आर्थिक वर्ष २०७७/०७८ मा अन्य अदालत तथा न्यायाधिकरणहरूमा २ वर्ष नाघेको बाँकी मुद्दा सङ्ख्या आर्थिक वर्ष २०७६/०७७ को तुलनामा ४७० थानले बढी हुन आएको देखिन्छ।

स्तम्भ चित्र नं.८

अन्य अदालत तथा न्यायाधिकरणहरूको ५ वर्षको लगत, फछ्र्यौट र बाँकी मुद्दाको अवस्थाको स्तम्भ चित्र



२.२.२.५ सबै अदालतहरू तथा न्यायाधिकरणहरूसमेतको मुद्दा, रिट तथा निवेदन र प्रतिवेदनको लगत फछ्र्यौटको समष्टि विश्लेषण (विशेष प्रकृतिका निवेदनबाहेक)

सबै अदालतहरू तथा न्यायाधिकरणहरूसमेतको मुद्दा, रिट तथा निवेदन प्रतिवेदनको समष्टिगत रूपमा विश्लेषण गर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा जम्मा लगत २८७७०७ थान रहेकोमा १४३२८९ थान अर्थात् ४९.८० प्रतिशत फछ्र्यौट भएको देखिन्छ। सबै अदालतहरू तथा न्यायाधिकरणहरूसमेतको मुद्दा, रिट तथा निवेदन प्रतिवेदनको समष्टिगत रूपमा विश्लेषण गर्दा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको पहिलो वर्ष अर्थात् आर्थिक वर्ष २०७६/०७७ मा जम्मा लगत ३०८३७३ थान रहेकोमा १८५४६५ थान अर्थात् ६०.१४ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत ३५८८२६ थान रहेकोमा २५३१३९ थान अर्थात् ७०.५५ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत २७६१४७ थान रहेकोमा १८१६११ थान अर्थात् ६५.७७ प्रतिशत फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत २५४५२९ थान रहेकोमा १५७४९५ थान अर्थात् ६१.८८ प्रतिशत फछ्र्यौट भएको थियो। यसरी आर्थिक वर्ष २०७७/०७८ मा सबै अदालत तथा न्यायाधिकरणहरूको मुद्दा तथा रिट र निवेदन प्रतिवेदनसमेत तर्फ आर्थिक वर्ष २०७६/०७७ को तुलनामा लगत अनुपात ६.७० प्रतिशतले र फछ्र्यौट अनुपात २२.७४ प्रतिशतले घटी हुन आएको देखिन्छ।

स्तम्भ चित्र नं. ९

सबै अदालत तथा न्यायाधिकरणहरूको ५ वर्षको जिम्मेवारी, नयाँ दर्ता, फछ्र्यौट र बाँकी मुद्दाको स्थितिको स्तम्भ चित्र



२.२.२.६ सबै अदालतहरू तथा न्यायाधिकरणहरूसमेतको मुद्दा, रिट तथा निवेदन र प्रतिवेदन तथा विशेष प्रकृतिका निवेदनसहितको समष्टिगत विश्लेषण

संहिता कानून कार्यान्वयनमा आएपछि जिल्ला अदालतलाई विशेष प्रकृतिका निवेदनहरू (मृत्युको न्यायिक घोषणा, प्राकृतिक व्यक्तिहरूको दामासाही, दर्ता विवाह, संरक्षकसम्बन्धी, माथवरसम्बन्धी, धर्मपुत्र धर्मपुत्रीसम्बन्धी, गुठी संञ्चालकसम्बन्धी र अधिकृत वारेसनामा) फछ्र्यौट गर्नुपर्ने क्षेत्राधिकार प्रदान गरेबमोजिम दर्ता हुन आएको निवेदन संख्या ७४९७ रही जम्मा लगत २९५२०४ हुन गएको र सोमध्ये विशेष प्रकृतिका निवेदनको फछ्र्यौट संख्या ७३८८ जोड्दा कूल फछ्र्यौट १५०६७७ हुन गई बाँकी लगत १४४५२७ रहेको देखिन्छ।

२.२.२.७ सबै अदालतहरू तथा न्यायाधिकरणहरूको जम्मा बाँकी तथा २ वर्ष नाघेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको विवरण

सबै अदालत तथा न्यायाधिकरणहरूमा गरी आर्थिक वर्ष २०७७/०७८ को अन्त्यसम्ममा बाँकी मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदन (विशेष प्रकृतिका निवेदनबाहेक) समेतको संख्या १४४४१८ थान रहेकोमा सोमध्ये २ वर्ष नाघेको संख्या २८१५९ रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ को अन्त्यसम्ममा बाँकी संख्या १२२९०८ थान रहेकोमा सोमध्ये २ वर्ष नाघेको संख्या १७४११ रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ को अन्त्यसम्ममा समग्र बाँकी संख्या १०५६८७ थान रहेकोमा सोमध्ये २ वर्ष नाघेको संख्या १२८२९ रहेको थियो। आर्थिक वर्ष २०७४/०७५ को अन्त्यसम्ममा ९४५३६ थान बाँकी रहेकोमा सोमध्ये २ वर्ष नाघेको संख्या १२९१८ रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ को अन्त्यसम्ममा ९७०३४ थान बाँकी रहेकोमा सोमध्ये २ वर्ष नाघेको १३९०६ थान रहेको थियो। यसरी आर्थिक वर्ष २०७७/०७८ मा मुद्दा तथा रिट र निवेदन प्रतिवेदनसमेतको बाँकी संख्या आर्थिक वर्ष २०७६/०७७ को तुलनामा २१५१० थान अर्थात् १७.५० प्रतिशतले बढी हुन आएको छ भने २ वर्ष नाघेको मुद्दा १०७४८ थान अर्थात् ६१.७३ प्रतिशतले बढी हुन आएको छ।

तालिका नं. १४

सबै अदालतहरूको आर्थिक वर्ष २०६८/०६९ देखि आर्थिक वर्ष २०७७/०७८ सम्मको आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको २ वर्ष नाघेको मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको विवरण

संख्या

अदालतको नाम	०६८/६९	०६९/७०	०७०/७१	०७१/७२	०७२/७३	०७३/७४	०७४/७५	०७५/७६	०७६/७७	०७७/७८
सर्वोच्च अदालत	२४७२	४७७२	७६१८	८८००	१०७७२	१०४३२	८९२०	९४१०	१०७५५	१५०४३

उच्च अदालतहरू	१३६	३०८	३७८	३०१	२११	१२९३	१२५३	११२	२५१	९६४
जिल्ला अदालतहरू	१६२५	२१३३	१२३७	५७८	१०८३	२०७७	२६२०	३१८२	६२१२	११४८९
अन्य अदालत तथा न्यायाधिकरण	१७४	१६५	३४८	३३६	२९९	१०४	१२५	१२५	१९३	६६३
	४४०७	७३७८	९५८१	१००१५	१२३६५	१३९०६	१२९१८	१२८२९	१७४११	२८१५९

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले मुद्दा फछ्र्यौटको अवधिगत लक्ष्य निर्धारण गरी जिल्ला तथा उच्च अदालतहरूको हकमा जिम्मेवारी सरेका सबै तथा फरक मुद्दा व्यवस्थापन अन्तरगत मार्ग समूह अनुसार तोकिएको अवधिमा फछ्र्यौट गर्ने र सर्वोच्च अदालतको हकमा ५ वर्ष नाघेका सबै मुद्दा तथा ३ वर्ष नाघेका सबै रिट निवेदनसहित कूल लगतको ५०% फछ्र्यौट गरी सक्ने लक्ष्य राखेको भए पनि तीनै तहका अदालतहरूमा २ वर्ष नाघेका पुराना मुद्दाहरूको संख्या उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ। सबै अदालत र न्यायाधिकरणहरूमा २ वर्ष नाघेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनहरूको अवस्था विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/०७७ मा १७४११ रहेकोमा यस आर्थिक २०७७/०७८ मा २८१५९ रहेको देखियो। यो गत वर्षको तुलनामा १०७४८ थान अर्थात् ६१.७३ प्रतिशतले वृद्धि भएको देखिन्छ। सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूको २ वर्ष नाघेको मुद्दाको १० वर्षको प्रवृत्ति (Trend) देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. १०

सबै अदालतहरूको आर्थिक वर्ष २०६८/०६९ देखि आर्थिक वर्ष २०७७/०७८ सम्मको आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको २ वर्ष नाघेको मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनको रेखा चित्र



तालिका नं. १५

सबै अदालत तथा न्यायाधिकरणहरूमा १८ महिना नाघेका मुद्दा, रिट निवेदन, निवेदन, प्रतिवेदन तथा फुटकर निवेदनहरूको तालिका

सर्वोच्च अदालत	उच्च अदालतहरू	जिल्ला अदालतहरू	अन्य अदालत तथा न्यायाधिकरणहरू	जम्मा
१८५३८	४२५८	२३४४८	१०३६	४७२८०

यस आर्थिक वर्षमा १८ महिना नाघेका कूल बाँकी मुद्दा संख्या ४७२८० मध्ये सर्वोच्च अदालतमा ३९.२१ प्रतिशत, उच्च

अदालतहरूमा ९.०१ प्रतिशत, जिल्ला अदालतहरूमा ४९.५९ प्रतिशत र अन्य अदालत तथा न्यायाधिकरणहरूमा २.१९ प्रतिशत रहेको देखिन्छ। सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूको १८ महिना नाघेको मुद्दाहरू देहायको वृत्त चित्रमा प्रस्तुत गरिएको छ।

वृत्त चित्र नं. २

सबै अदालत तथा न्यायाधिकरणहरूमा १८ महिना नाघेका मुद्दासमेतको विवरणको वृत्त चित्र



२.३ आ.व. २०७७/०७८ मा योजनाको लक्ष्यअनुसार अदालतहरूबाट सम्पादित कार्यहरूको सङ्क्षिप्त विश्लेषण

२.३.१ छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले न्याय सम्पादनको कार्यलाई छिटोछरितो र गुणस्तरीय रूपमा सम्पन्न गर्नको लागि मुद्दाको शीघ्र फछ्र्यौट, मुद्दा व्यवस्थापन पद्धतिमा सुधार, न्यायिक काम कारबाही तथा फैसलामा गुणस्तरीयता अभिवृद्धि, विवाद समाधानका वैकल्पिक उपायहरूको प्रयोगलाई प्रभावकारी बनाउने तथा फैसलाको तयारी एवं फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने रणनीतिक उद्देश्यहरू तय गरेको छ। न्यायिक काम कारबाहीलाई छिटोछरितो र गुणस्तरीय बनाउने उद्देश्यअनुसार **पुराना मुद्दा फछ्र्यौटको विशेष रणनीति** अन्तर्गत् २ वर्ष नाघेका रिट निवेदन र ३ वर्ष नाघेका मुद्दाहरूको निरन्तर अनुगमन तथा निरीक्षणलाई थप प्रभावकारी बनाउने, पुराना बक्यौता मुद्दा तथा रिट निवेदनहरू मध्ये संवैधानिक इजलासमा पेस भएका रिट निवेदनहरूमा आंशिक रूपमा भएपनि प्रमुख कानून व्यवसायीको अवधारणा लागु गर्ने समेतका कार्यहरू सम्पन्न भएको देखिन्छ। संबैधानिक इजलासको क्षेत्राधिकार अन्तर्गत सबै रिट निवेदन र थुनुवा मुद्दा एक वर्षभित्र फछ्र्यौट गर्न आवश्यक प्रवन्ध गर्ने लगायतका कार्यहरू आंशिक रूपमा सम्पन्न भएको पाइयो।

फैसला लेखन र तयारीतर्फ आर्थिक वर्ष २०७७/०७८ को अन्त्यसम्ममा तयार गर्नुपर्ने जम्मा फैसला संख्या ४४०७ थान मध्ये ३२९८ थान फैसला तयार भई ११०९ थान तयार हुन बाँकी रहेको देखियो। साथै गत आर्थिक वर्षमा फैसला भएका मुद्दाहरूको फैसला/अन्तिम आदेश २१ कार्यदिन भित्र तयार गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको देखियो। प्रतिवेदन वर्षमा इजलासमा पेस भएका दोहोऱ्याई पाउँ निवेदन, पुनरावलोकन र अनुमति निवेदनहरू सुनुवाई पश्चात भएका आदेशहरू ७ दिनभित्र तयार गर्ने भनिएकोमा ९६६ थान आदेशहरू निर्धारित अवधि भित्रै तयार भएको देखियो।

फरक मुद्दा व्यवस्थापन पद्धतितर्फ व्यवस्थापकीय प्रबन्ध गर्ने कार्यक्रम अन्तर्गत सम्पूर्ण तयारीहरू सम्पन्न भइ जिल्ला

अदालतहरूको हकमा मिति २०७७।०४।०१ देखि र उच्च अदालतको हकमा मिति २०७७।०५।१ देखि लागु भई कार्यान्वयनमा आइसकेको छ। सोको प्रभावकारी कार्यान्वयनको लागि न्यायापालिकामा कार्यरत सम्पूर्ण जनशक्तिलाई फरक मुद्दा व्यवस्थापन पद्धतिको वारेमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले भर्चुअल तथा प्रत्यक्ष रूपमा तालिमहरू सञ्चालन गरिएको थियो।

मुद्दाको कारबाहीलाई सूचना प्रविधिसँग आबद्ध गर्ने कार्यक्रमअन्तर्गत मुद्दा दर्तादेखि अन्तिम फैसलासम्म मुद्दाको पहिचान कायम हुने गरी एउटै नम्बर दिने पद्धतिको सुरूवात भएको छ। सोका लागि जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा मुद्दा व्यवस्थापनसम्बन्धी सफ्टवेयरको Integration को कार्य सम्पन्न भएको छ। अदालतमा सूचना प्रविधिको प्रयोग मार्फत सुनुवाई गरिने पद्धतिलाई व्यवस्थित गर्नको लागि अदालतमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालनसम्बन्धी निर्देशिका, २०७८ जारी गरी Virtual माध्यममार्फत वहस पैरवीको कार्य समेत सञ्चालन गरिएको छ। मुद्दाको टिपोटको विद्युतीय प्रति तयार भएपछि मात्र मुद्दा पेसीमा चढाउने पद्धति अवलम्बन गर्ने कार्यसमेतको सुरूवात भएको छ। मुद्दामा हुने कामकारबाहीको जानकारी पक्षहरूलाई एस.एम.एस.बाट दिने, पेसी स्थगनको पटक पेसी सूचीमा जनाई वेवसाइटमा प्रकाशन गर्नेलगायतका कार्यहरू निरन्तर भइरहेका छन्।

न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने कार्यक्रम अन्तर्गत मुद्दाको कारबाहीमा लाग्ने हरेक चरणको कार्यतालिका बनाई मिसिल सामेल राख्ने प्रयोजनका लागि सफ्टवेयर तयार गर्ने, गुणस्तरीय आदेश र फैसला लेखन सम्बन्धमा न्यायिक जनशक्तिलाई प्रशिक्षित गर्ने, वालमनोविज्ञ तथा समाजसेवीहरूलाई Virtual रूपमा पुनर्ताजगी तालिम दिनेलागायतका कार्यहरू सम्पन्न भएको देखियो।प्रतिवेदन वर्षमा सफ्टवेयर मार्फत फरक मुद्दा व्यवस्थापन पद्धति अन्तर्गत दर्ता भएका मुद्दाहरूको कार्यप्रगतिको नियमित रूपमा अनुगमन गर्ने तथा आवश्यकता अनुसार मार्ग परिवर्तन, कार्यतालिका परिमार्जनलगायतका कार्यहरू भए नभएको सम्बन्धमा अनुगमन गरी पृष्ठपोषण प्रदान गरिएको थियो।

आदेश तथा फैसलाको गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रम अन्तर्गत फैसला लेखनका सम्बन्धमा न्यायिक जनशक्तिलाई प्रशिक्षित गर्ने, विभिन्न देशका संस्थाहरूबाट आयोजना हुने कानून र न्याय सम्बन्धी तालिम, गोष्ठी, सेमिनारमा भाग लिन माग भई आएमा उच्च तथा जिल्ला अदालतका न्यायाधीश एवं अधिकृत कर्मचारीहरूलाई प्राथमिकता दिने तथा विभिन्न देशका सरकारी निकायबाट विश्वव्यापीरूपमा आह्वान छात्रवृत्ति कार्यक्रमहरूमा सहभागी हुन अधिकृत कर्मचारीहरूलाई प्रोत्साहित गर्नेलगायतका कार्यहरू निरन्तर रूपमा भइरहेको देखियो।

विवाद समाधानका वैकल्पिक उपायहरूको प्रभावकारिताका निमित्त सर्वोच्च अदालतबाट मातहत अदालत निरीक्षण हुँदा मेलमिलापका सम्बन्धमा दिइएका निर्देशन समेतको विवरण समितिमा उपलब्ध गराउने, मेलमिलाप पद्धतिप्रति कानून व्यवसायीहरूको सक्रियता तथा अपनत्वलाई बढावा दिन ख्यातीप्राप्त र अनुभवी कानून व्यवसायीहरू मध्येबाट एक जनालाई मेलमिलाप दूत नियुक्त गरी मेलमिलाप पद्धतिको विकास गर्ने कार्यहरू सम्पन्न भएको देखियो। सर्वोच्च अदालतमा आर्थिक वर्ष २०७७/०७८ मा कूल ११३९७ मेलमिलाप हुनसक्ने प्रकृतिका मुद्दाहरू रहेकोमा १४३ थान मुद्दाहरू मेलमिलाप केन्द्रमा मेलमिलापको लागि पठाइएको थियो। जसमध्ये १२ थान अर्थात् ८.३९ प्रतिशत मुद्दाहरूमा विवादका पक्षहरूबिच मेलमिलाप भएको देखिन्छ। उच्च अदालतहरूमा आर्थिक वर्ष २०७७/०७८ मा कूल १६०२६ मेलमिलाप हुनसक्ने प्रकृतिका मुद्दाहरू रहेकोमा १२८९ थान अर्थात् ८.०४ प्रतिशत मुद्दाहरू मेलमिलाप केन्द्रमा मेलमिलापको लागि पठाइएको थियो। जसमध्ये २१६ थान अर्थात् १६.७६ प्रतिशत मुद्दाहरूमा विवादका पक्षहरूबिच मेलमिलाप भएको देखिन्छ। जिल्ला अदालतहरूमा आर्थिक वर्ष २०७७/०७८ मा कूल ९२४७३ मेलमिलाप हुनसक्ने प्रकृतिका मुद्दाहरू रहेकोमा १३८१३ थान अर्थात् १४.९४ प्रतिशत मुद्दाहरू मेलमिलाप केन्द्रमा मेलमिलापको लागि पठाइएको थियो। जसमध्ये २१३६ थान अर्थात् १५.४६ प्रतिशत मुद्दाहरूमा विवादका पक्षहरूबिच मेलमिलाप भएको देखिन्छ।

यसरी सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा आर्थिक वर्ष २०७७/०७८ मा मेलमिलाप हुन सक्ने जम्मा मुद्दा ११९८९६ मध्ये १५२४५ थान अर्थात् १२.७२ प्रतिशत मुद्दाहरू मेलमिलाप केन्द्रमा मेलमिलापको लागि पठाइएकोमा विवादका पक्षहरूबिच २३६४ थान अर्थात् १५.५१ प्रतिशत मुद्दाहरू सफल भएको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट- ८८ मा प्रस्तुत गरिएको छ।

फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने सम्बन्धमा आर्थिक वर्ष २०७६/०७७ मा २०३५ साल सम्मका सबै बक्यौता दण्ड जरिवाना र सरकारी बिगो असुल भए नभएको पृष्ठपोषण लिने र असुल हुन नसकेको भए असुलीका लागि समन्वय गर्ने, आर्थिक वर्ष २०७७/०७८ मा २०४५ सालसम्मका सबै बक्यौता दण्ड जरिवाना र सरकारी बिगोको लगत विवरण माग गरी असुली गर्न समन्वय गर्ने, मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १६०(२) अनुसार कट्टा हुने लगतको विवरण संकलन गरी लगत कट्टा सम्बन्धी कार्यको प्रगति विवरण लिने, सातै प्रदेशका स्रेस्तेदार र तहसिलदार लक्षित कार्यक्रम सञ्चालन गर्नेलगायतका कार्यहरू सम्पन्न भएको देखिन्छ। सार्वजनिक सरोकारका विषयहरूका रिट निवेदनमा भएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैंकिङ कसुर, वैदेशिक रोजगार, लागु औषध जस्ता मुद्दाहरूमा जफत भएका सम्पत्ति रोक्का रहेकोमा सोलाई सरकारी स्वामित्वमा ल्याउने प्रक्रिया अगाडि बढाउन पहल गर्नेजस्ता कार्यहरू आंशिक रूपले सम्पन्न भएको पाइयो।

यस आर्थिक वर्ष फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनुपर्ने कैदको कूल लगत १४९८६५ वर्ष १० महिना २२ दिन (एक लाख उनन्पचास हजार आठ सय पैसट्ठी वर्ष दश महिना बाइस दिन) रहेकोमा सोमध्ये ४३८६३ वर्ष ४ महिना २७ दिन (त्रिचालिस हजार आठ सय त्रिसट्ठी वर्ष चार महिना सत्ताइस दिन) अर्थात् २९.२७ प्रतिशत कैद असुल भई १०६००२ वर्ष ५ महिना २५ दिन

(एक लाख छ हजार दुई वर्ष पाँच महिना पच्चिस दिन) कैद असुल हुन बाँकी रहेको देखिन्छ।

यस आर्थिक वर्ष सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनु पर्ने जरिवानाको कूल लगत रू.१८२२३३०४९८९।३४ (अक्षरेपी अठार अरब बाईस करोड तेत्तिस लाख चार हजार नौ सय उनान्नब्बे रूपैयाँ चौतिस पैसा) रहेकोमा सोमध्ये रू.१९११५९१४६२।३९ (अक्षरेपी एक अरब एकान्नब्बे करोड पन्ध्र लाख एकानब्बे चार हजार बैसट्ठी रूपैयाँ उनन्चालिस पैसा) (१०.४९ प्रतिशत) असुल भई रू.१६३११७१३५२६।९५ (सोह्र अरब एकतिस करोड सत्र लाख तेह्र हजार पाँच सय छब्बिस रूपैयाँ पन्चान्नब्बे पैसा) असुल हुन बाँकी रहेको देखिन्छ। चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा कैद र जरिवाना असुलीमा अपेक्षित नतिजा प्राप्त हुन सकेको देखिएन।

यस आर्थिक वर्षमा फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको जम्मा लगत ३३८८९ थान रहेकोमा १२८५७ थान (३७.९४ प्रतिशत) निवेदनहरू फछ्र्यौट भई २१०३२ थान निवेदन बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्षमा फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको जम्मा लगत २८१२६ थान रहेकोमा १०५६० थान (३७.५५ प्रतिशत) निवेदनहरू फछ्र्यौट भई १७५६६ थान निवेदन बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/७६ मा फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको जम्मा लगत २५४१९ थान रहेकोमा १४४७४ थान (५६.९४ प्रतिशत) निवेदनहरू फछ्र्यौट भई १०९४५ थान निवेदन बाँकी रहेको थियो। आर्थिक वर्ष २०७४।७५ मा फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको जम्मा लगत २०९८४ थान रहेकोमा १२५६७ थान (५९.८९ प्रतिशत) निवेदनहरू फछ्र्यौट भई ८४१७ थान निवेदन बाँकी रहेको थियो। यसरी चौथो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/०७८ मा फैसला कार्यान्वयनका निवेदनहरू गत आर्थिक वर्ष २०७६/०७७ को तुलनामा संख्यात्मक रूपमा २२९७ थानले बढी र प्रतिशतका आधारमा २१.७५ प्रतिशतले बढी फछ्र्यौट भएको देखिन्छ। यसरी आर्थिक वर्ष २०७७/७८ मा फैसला कार्यान्वयन गर्न बाँकी रहेका जम्मा निवेदनहरू २१०३२ मध्ये ६ महिनाभित्रका ८१९२ अर्थात् ३८.९५ प्रतिशत र छ महिना नाघेको १२८४० अर्थात् ६१.०५ प्रतिशत बाँकी रहेको देखिन्छ।

२.३.२ न्यायमा पहुँच अभिवृद्धि

मिति २०७२/०४/१० गते सर्वोच्च अदालतले न्यायिक काम कारबाहीलाई सहज पहुँचयोग्य बनाउने गरी न्यायमा पहुँच आयोग गठन गरेको थियो। सो आयोगले न्यायिक काम कारबाहीलाई पहुँचयोग्य बनाउनको लागि सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा लक्षित वर्गको हक अधिकारसम्बन्धमा सचेतना कार्यक्रम, सेवाग्राहीसँग गरिने व्यवहारसम्बन्धमा प्रशिक्षण, न्यायिक सुशासनसम्बन्धी प्रशिक्षण र न्यायिक काम कारबाहीको बारेमा जानकारीमूलक पुस्तिका, रेडियो, टेलिभिजनमार्फत् जनचेतनामूलक सामग्री प्रसारणलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ। योजनाले न्याय प्रणालीलाई पहुँचयोग्य बनाउन अदालतका भौतिक संरचनालाई सेवाग्राहीको आवश्यकताअनुसार सुविधाजनक तुल्याउने रणनीति अख्तियार गरेको छ। यस आर्थिक वर्ष साधन स्रोतको उपलब्धताअनुसार सेवाग्राहीलाई बस्नको लागि उपयुक्त प्रतीक्षालय, स्वच्छ पिउने पानीको व्यवस्था, शौचालय निर्माणलगायतका कार्यहरू भएका छन्। नयाँ निर्माण गरिने भवनहरूमा अपाङ्गमैत्री, पीडित तथा साक्षीहरूको संरक्षण, बालबालिका तथा गोपनीयता कायम गर्नुपर्ने पक्षहरूको आवश्यकतालाई ध्यानमा राखी निर्माण कार्य गर्ने गरिएको छ।

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले अदालतका कार्यक्षेत्रभित्रका न्यायमा पहुँचका अवरोधहरूको सम्बोधन गर्ने, अदालतबाट प्रवाह हुने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने, कानूनी सहायतालाई प्रभावकारी बनाउने, न्यायिक प्रक्रिया र प्रणालीबारे सूचना प्रवाह गर्ने, पीडितमैत्री न्यायप्रणालीको सुदृढीकरण गर्ने रणनीतिक उद्देश्यहरू लिएको छ। अदालतबाट प्रदान गरिने सेवा सुविधा एवम् न्यायिक प्रक्रियाको बारेमा सेवाग्राहीलाई जानकारी दिनका लागि अदालतहरूमा सूचना तथा सहायता कक्षको स्थापना गरी सञ्चालनमा ल्याउने रणनीतिअनुरूप सबै अदालतहरूमा सूचना तथा सहायता कक्षको स्थापना गरिएको छ। उक्त कक्षबाट अदालतमा पहिलोपटक प्रवेश गर्ने सेवाग्राहीहरूको लागि अदालतले दिने सेवा सुविधाहरू एवम् न्यायिक प्रक्रियाका सम्बन्धमा जानकारी दिनेलगायतका परामर्श सेवा सञ्चालन गरिएको छ।

अदालतबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउनका लागि प्रत्येक जिल्ला, उच्च र सर्वोच्च अदालतमा वैतनिक कानून व्यवसायीको सेवा प्रदान गरिएको छ। वैतनिक कानून व्यवसायीको सेवालाई केवल पक्षहरूको तर्फबाट बहस पैरवी गर्ने काममा मात्र सीमित नगरी आवश्यकताअनुसार लिखत तयारी, परामर्श सेवा, साक्षी परीक्षण, असमर्थ पक्षको तारिखमा बस्ने र नियमितरूपमा कारागारको भ्रमण गरी सेवा र परामर्श दिने गरी कार्यक्षेत्र विस्तार गरिएको छ।

यस आर्थिक वर्षमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा वैतनिक कानून व्यवसायीबाट प्रदान गरिएका सेवाहरूलाई अझै प्रभावकारी बनाउने उद्देश्यसाथ सबै अदालतमा कार्यरत वैतनिक कानून व्यवसायीहरूको Virtual सम्मेलन समेत सम्पन्न गरिएको थियो। आर्थिक वर्ष २०७७/०७८ मा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा वैतनिक कानून व्यवसायीले ३६२६ थान मुद्दामा लिखत तयारी, ७०१९ थान टेम्प्लेट भरेको, १०८८३ जनालाई परामर्श सेवा प्रदान, ३४१४ थान साक्षी परीक्षण, ७५४९ मुद्दामा बहस, २५ वटा मुद्दामा तारिखमा बसेको र २६१४ पटक कारागार भ्रमण गरी कूल ३५१३० जनालाई सेवा प्रदान गरिएको देखिन्छ। विस्तृत

विवरण परिशिष्ट- ८९ मा राखिएको छ।

न्यायमा पहुँच आयोग मार्फत तयार गरिएका बालबालिकाको अधिकारसम्बन्धी जानकारी पुस्तिका, असमर्थ वा आर्थिक रूपले विपन्न नागरिकको अधिकारसम्बन्धी जानकारी पुस्तिका, छुवाछुत तथा भेदभाव विरूद्धको अधिकार एवम् उपचारसम्बन्धी जानकारी पुस्तिका, ज्येष्ठा नागरिकको अधिकार एवम् उपचारसम्बन्धी जानकारी पुस्तिका, आदिवासी / जनजातिको अधिकार एवम् उपचारसम्बन्धी जानकारी पुस्तिका, महिलाको पारिवारिक तथा सम्पत्तिसम्बन्धी अधिकारको जानकारी पुस्तिका, फौजदारी मुद्दामा महिलाको अधिकार एवम् उपचारसम्बन्धी जानकारी पुस्तिका, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी जानकारी पुस्तिका र न्यायमा पहुँच अभिवृद्धिका लागि अदालतको क्रियाकलापसम्बन्धी जानकारी पुस्तिका देशभरका सम्पूर्ण ७५३ वटै स्थानीय तहमा कम्तिमा १०० प्रतिको दरले उपलब्ध गराइएको थियो। यसैगरी देशभरका ७४ वटै कारागार कार्यालय र कारागार व्यवस्थापन विभागमा थुनुवा एवम् कैदीको अधिकारसम्बन्धी जानकारी पुस्तिका पठाइ कैदी एवम् थुनुवाको न्यायमा पहुँचलाई सहजीकरण गरिएको थियो।

नेपालको संविधानले अपराध पीडितलाई क्षतिपूर्तिसहितको न्याय पाउने मौलिक हकको व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न २०७४ सालमा जारी भएका संहिताहरूले पीडित वा निजको हकवालालाई क्षतिपूर्ति उपलब्ध गराउने कानूनी व्यवस्था गरेको पाइन्छ। संहिता कानून एवम् मौलिक हकहरूको कार्यान्वयन गर्ने सन्दर्भमा लागु भएको अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९ ले तत्काल अन्तरिम क्षतिपूर्ति वा राहत रकम पीडित राहत कोषबाट उपलब्ध गराउने र कसुर ठहर भएपछि कसुरदारले पीडित राहत कोषमा उपलब्ध गराइए बराबरको क्षतिपूर्ति रकम जम्मा गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ। पीडितलाई अन्तरिम राहत तथा पुनर्स्थापना सहितको न्याय प्रदान गर्ने कानूनी व्यवस्थालाई न्याय प्रणालीको अभिन्न अंगको रूपमा स्वीकार गरेको सन्दर्भमा त्यस प्रकारको अन्तरिम राहत तथा क्षतिपूर्तिको विवरण अभिलेखीकरण गरी व्यवस्थित रूपमा राख्न आवश्यक देखिएको छ। हालै फौजदारी कसुर (पीडित राहत कोष) नियमावली, २०७७ जारी भई पीडित राहत कोष सञ्चालनमा आएको छ। प्रतिवेदन वर्षमा केन्द्रीय पीडित राहत कोष खातामा अर्थमन्त्रालय तथा विभिन्न न्यायिक निकायबाट प्राप्त रकम २१८३९६०५.४० जम्मा भएकोमा पीडितलाई क्षतिपूर्ति प्रदान गर्नका निमित्त विभिन्न जिल्ला अदालतहरूलाई ६१५००००.०० रकम निकासा भई १५६८९६०५.४० रकम बाँकी रहेको देखिन्छ।

२.३.३ न्यायिक सुशासनको प्रवर्द्धन

चौथो पञ्चवर्षीय रणनीतिक योजनाले न्यायिक सुशासनको प्रवर्द्धन गर्ने लक्ष्य लिए अनुसार सो अन्तर्गत न्यायिक स्वतन्त्रता र स्वायत्तताको प्रवर्धन गर्ने, न्यायिक उत्तरदायित्व र जवाफदेहिता अभिवृद्धि गर्ने, न्यायिक जनशक्तिको कार्य संस्कृतिमा सुधार गर्ने तथा अदालतको काम कारबाहीमा अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाउने रणनीतिक उद्देश्य निर्धारण गरेको छ।

यस आर्थिक वर्षमा न्यायाधीश तथा कर्मचारीहरूको आचारसंहिताको पालना प्रभावकारी रूपमा भए नभएको अनुगमन गर्ने, सूक्ष्म निगरानी गर्ने, गुनासो सुनुवाइ संयन्त्रलाई सुदृढ बनाउने, निरीक्षण निर्देशिकाबमोजिम अनुगमन गर्ने, अनलाइनबाट समेत अनुगमन गर्ने, टेलिफोन तथा सि.सि.टि.भि. मार्फत् अनुगमन निगरानी गर्ने, सूक्ष्म अनुगमन र नियमित निगरानी गर्ने, अन्तर अदालत अनुगमन र निगरानी गर्ने, गुनासो गर्ने पक्षहरूलाई गुनासो सुनुवाइ भएको बारेमा टेलिफोन मार्फत जानकारी गराउने, सेवाग्राही र अदालतका काम कारबाहीको सम्बन्धमा न्यायाधीशसमक्ष लिखित वा मौखिक रूपमा गुनासो गर्न सक्ने प्रबन्ध मिलाएको देखिन्छ। त्यस्तै न्यायपालिकामा हुन सक्ने विकृति विसंगतिका सम्बन्धमा भएका पूर्व अध्ययन प्रतिवेदनहरूको पुनरावलोकन गरी वृहत रूपमा अध्ययन भै अध्ययन प्रतिवेदन पेस भै कार्यान्वयनको क्रममा रहेको छ।

पुनरावेदन सुन्ने अदालतले वार्षिक रूपमा कम्तीमा एक पटक मातहत अदालत, अन्य न्यायिक निकाय र कारागारको निरीक्षण सम्पन्न गरी आवश्यक निर्देशन दिने कानूनी व्यवस्था भएअनुसार यस आर्थिक वर्षमा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूबाट मातहतका १० वटा उच्च अदालत एवम् इजलासहरूको भौतिक रूपमै निरीक्षण, सुपरिवेक्षणको कार्य सम्पन्न भएको थियो भने बाँकी ६ वटा उच्च अदालत एवम् इजलासहरूको भिडिओ कन्फ्रेन्समार्फत् निरीक्षण एवम् सुपरिवेक्षणको कार्य सम्पन्न भएको थियो। उच्च अदालत जनकपुर तथा अस्थाई इजलास वीरगञ्जमा भने यस आर्थिक वर्षमा बिशेष कारणबस निरीक्षण सुपरिवेक्षणको कार्य हुन सकेको देखिएन। अनुगमन तथा निरीक्षण महाशाखाले केन्द्रीय रूपमा सबै निरीक्षण प्रतिवेदनहरू सङ्कलन गर्ने र निरीक्षणको क्रममा दिइएका निर्देशनहरू कार्यान्वयन भए नभएको अनुगमन गर्ने कार्य निरन्तर रूपमा गरिरहेको छ। त्यसैगरी उच्च अदालतहरूबाट मातहतका जिल्ला अदालतहरू तथा कारागार कार्यालय एवम् जिल्ला अदालतहरूबाट अर्धन्यायिक निकाय र स्थानीय तहको न्यायिक समितिहरूको न्यायिक काम कारबाहीका सम्बन्धमा निरीक्षण गर्ने कार्य सम्पन्न भएको थियो। यससम्बन्धी विवरण परिशिष्ट ४९ मा रहेको छ।

२.३.४ अदालत व्यवस्थापनको सुदृढीकरण

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले अदालत व्यवस्थापन सुदृढीकरण गर्ने लक्ष्यअन्तर्गत मानव संशाधन सुदृढ बनाउने, भौतिक र सेवा पूर्वाधारमा सुधार एवं वित्तीय व्यस्थापन गर्ने, सूचना प्रविधिको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि

गर्ने, संहिताहरूको नतिजामूलक र प्रभावकारी कार्यान्वयनको व्यवस्थापन गर्ने, न्यायिक अध्ययन अनुसन्धानको पद्धति विकास गर्ने र योजना कार्यान्वयन प्रणालीलाई प्रभावकारी बनाउने रणनीतिक उद्देश्य निर्धारण गरेको छ। भौतिक र सेवा पूर्वाधारमा सुधार एवम् वित्तीय व्यवस्थापन अन्तर्गत सर्वोच्च अदालतको नयाँ भवन निर्माण कार्य प्रारम्भ गरिएको छ। उच्च अदालत पाटनको एनेक्स भवन निर्माण कार्य करिब अन्तिम चरणमा पुगेको, उच्च अदालत विराटनगरको रजिस्ट्रार आवास भवन निर्माण कार्य प्रारम्भ गरिएको तथा उच्च अदालत विराटनगरमा न्यायाधीशको आवासको लागि कार्य भैरहेको छ। जिल्ला अदालततर्फ दाङ जिल्ला अदालतको भवन निर्माणको कार्य सम्पन्न भएको, पर्सा जिल्ला अदालतको नयाँ स्टिल स्ट्रकचर भवन निर्माण कार्य करिब अन्तिम चरणमा पुगेको, मकवानपुर, उदयपुर, र बैतडी जिल्ला अदालतको भवन निर्माण कार्य सुचारू रहेको, प्यूठान र रोल्पा जिल्ला अदालतको सुरक्षा व्यारेक भवन निर्माण कार्य सुरू भै सकेको, भक्तपुर जिल्ला अदालत र सुनसरी जिल्ला अदालतको नयाँ भवन निर्माण कार्य प्रारम्भ भएको तथा लमजुङ र बाजुरा जिल्ला अदालतको लागि जग्गा प्राप्त भएको तथा ईलाम, ललितपुर, स्याङ्जा, रूकुमकोट, दार्चुला. मोरङ, सिराहा, नवलपुर, रूपन्देही, जाजरकोट र बर्दिया जिल्ला अदालतको लागि जग्गा प्राप्ती गर्ने कार्यमा निरन्तर प्रयास भइरहेको छ। योजनाले लिएको अन्य भौतिक कार्य अन्तर्गत जग्गा प्राप्ति र भवन निर्माणको कार्यहरूलाई निरन्तरता, भौतिक पूर्वाधारहरूलाई सेवाग्राहीमैत्री बनाउन एवम् निरन्तर सुदृढीकरण गर्न वाइफाई र टिभि डिस्प्ले सुविधासहितको प्रतिक्षालय, चमेनागृह, शौचालय (महिला / पुरूष / फरक क्षमता) पिउने पानी प्राथमिक स्वास्थ्य जस्ता कार्यलाई निरन्तरता दिइएको देखियो।

अन्य भौतिक पूर्वाधार व्यवस्थापनतर्फ निर्धारित मापदण्डमा आधारित रही सर्वोच्च अदालत र मातहत अदालतहरूमा प्रिन्टर, ल्यापटपलगायतका उपकरणहरू खरिद गरी उपलब्ध गराउने कार्यहरू सम्पन्न भएका छन्। जसअन्तर्गत यस आर्थिक वर्ष २०७७/०७८ मा कार-८० भि.आइ.पी.जिप-१६, ल्यापटप-७३, कम्प्युटर-२०१, यु.पि.एस. २००, प्रिन्टर १०३, स्क्यानर-११ डिस्प्ले टि.भी.-९ र ए.सी. २ र इ-हाजिरी मेसिन-५० थान खरिद गरिएको थियो। सबै अदालतमा रहेका सवारी साधन, कम्प्युटर र अन्य साधनको समग्र विवरण परिशिष्ट-३०, ५१, ७२, ८५ मा उल्लेख गरिएको छ।

भौतिक र सेवा पूर्वाधारमा सुधार एवम् वित्तीय व्यवस्थापन गर्ने कार्य अन्तर्गत **अभिलेख व्यवस्थापनतर्फ** सबै उच्च अदालत र जिल्ला अदालतको मिसिलहरू कम्प्युटरमा प्रविष्ट गर्ने कार्य भएको छ। सोका साथै मिसिल कागजातको स्क्यान गरी सफ्टवेयरमा प्रविष्ट गरी संरक्षण गर्ने कार्य अन्तर्गत हालसम्म उच्च अदालत र जिल्ला अदालत गरी ४३ अदालतहरूमा ४५ वटा स्क्यान मेसिन पठाएको अवस्था देखियो। हालसम्म उच्च अदालत पाटन र उच्च अदालत बिराटनगरमा ८५६१ थान मिसिल स्क्यान भई अपलोड भएको देखियो भने ३१ वटा जिल्ला अदालतहरूमा २८७४६ मिसिलहरू स्क्यान भइ ३७३०७ थान मिसिल अपलोड भएको अवस्था समेत रहेको पाईयो। सबै अदालतको अभिलेख मिसिल संलग्न कागजात लिखतहरू कानून बमोजिम धुल्याउने /सडाउने /संरक्षण गर्ने कार्यको विवरण लिई अनुगमन गर्ने कार्य अन्तर्गत सर्वोच्च अदालतको अभिलेख शाखामा रहेका मिसिलहरू मध्ये यस आ.व.मा २२९२ थान मिसिल धुल्याउने काम भएको थियो। मिसिल राख्ने बाकसहरू खरिद गर्ने कार्य अन्तर्गत यस आ.व.मा १००० प्रति वाकस खरिद गरी स्टोर शाखाबाट उच्च अदालत, इजलास एवं जिल्ला अदालतहरूलाई वितरण गरिएको समेत अवस्था रह्यो। अभिलेख व्यवस्थापन निर्देशिका बनाउने कार्य तयार गरी मुख्य रजिस्ट्रार तथा रजिस्ट्रारसमक्ष पेस गरिएकोले उक्त कार्य भई प्रक्रियामा रहेको अवस्था देखियो।

सूचना प्रविधिको संस्थागत सुदृढीकरण र क्षमता अभिबृद्धि अन्तर्गत ICT Master Plan अनुसार जिल्ला अदालत र उच्च अदालतमा प्रयोग भैरहेको सफ्टवेयरलाई सर्वोच्च अदालतसम्म प्रयोगमा ल्याउन मिल्ने गरी मुद्दा व्यवस्थापन सफ्टवेयरलाई एकीकृत गर्ने कार्य भै रहेको पाईयो। Outdated भएका software tools हरूलाई upgrade गर्ने कार्यहरू सम्पन्न भएको देखियो। Video Conference system र license खरिद लाई थप जिल्ला र उच्च अदालतहरूमा विस्तार गर्ने कार्य सम्पन्न भएको थियो। देश भरका ५० वटा अदालतहरूमा CCTV जडान गरेर Centralized Monitoring System Install गर्ने कार्य आंशिक सम्पन्न भएको, ८० Mbps Internet लाई कम्तिमा २०० Mbps साथै Intranet को क्षमता आवश्यकता अनुसार बढाउने कार्यसमेत यो वर्ष सम्पन्न भएको पाईयो। साथै सर्वोच्च अदालतमा Backup link को रूपमा प्रयोग भै रहेको १२ Mbps को Internet लाई बढाई कम्तिमा ४० Mbps पुऱ्याउने कार्य सम्पन्न भएको पाइयो।

न्यायपालिकाको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक अदालतले आ-आफ्नो वार्षिक कार्ययोजना तयार गर्ने, कार्यान्वयन गर्ने, मासिक तथा आवधिक समीक्षा गर्ने र सोको प्रतिवेदन माथिल्लो अदालतमा पेस गर्ने व्यवस्था गरिएको छ। साथै कार्ययोजना तर्जुमा र बजेट प्रक्षेपणको सम्बन्धमा आवश्यक समन्वय गर्ने गरिएको छ। सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूले वार्षिक कार्य योजनाले निर्धारण गरे अनुसारको लक्ष्य हासिल गरे नगरेको सम्बन्धमा आवधिक रूपमा समीक्षा गरी आवश्यक निर्देशन दिने गरिएको छ। यस आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालत स्तरमा ६ पटक, उच्च अदालतहरूले ५७ पटक र जिल्ला अदालतहरूले २०७ पटक वार्षिक योजनाको समीक्षा गरेका छन्। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट- ९१ मा उल्लेख गरिएको छ।

न्यायिक सङग्राहलयमा संग्रह गर्न उपयुक्त हुने न्याय प्रशासनसँग सम्बन्धित ऐतिहासिक महत्त्वको दस्तावेज लगायतका समाग्रीहरू प्रदर्शनका लागि Exhibition Design गर्ने कार्य सम्पन्न भएको देखियो। न्यायिक सङग्राहलयको लागि सर्वोच्च अदालतमा पूर्वाधारसहित छुट्टै कक्षको व्यवस्थापन गरी न्यायिक सङ्ग्राहलयको सञ्चालनार्थ जनशक्ति व्यवस्थापन गर्ने कार्य सम्पन्न भै न्यायिक सङ्ग्रहालय स्थापना कार्य अन्तिम चरणमा रहेको छ।

कानून पत्रिका मासिक रूपमा तथा सर्वोच्च अदालतको बुलेटिन पाक्षिक रूपमा प्रकाशन गर्ने कार्यले निरन्तरता पाएको छ। नेपाल कानून पत्रिकामा हालसम्म प्रकाशित सबै फैसलाहरूको विद्युतीय प्रति तयार गरी विभिन्न आधारमा खोज्न मिल्ने गरी वेबसाइटमा राखिएको छ। अदालतहरूमा कार्यरत कर्मचारीहरूका लागि कानूनी नेपाली भाषाको प्रशिक्षण कार्यक्रम बुटवलमा १ वटा र सर्वोच्च अदालतमा २ वटा गरी ३ वटा कार्यक्रम सञ्चालन गरिएको थियो।

सर्वोच्च अदालतले विगत केही वर्षदेखि न्याय सम्पादनको काम कारबाहीसम्बन्धी विभिन्न विषयहरूमा अध्ययन अनुसन्धान गर्न र त्यस्तो अध्ययनबाट प्राप्त सुझाव र सिफारिसहरूलाई कार्यान्वयनसमेत गर्दै आएको छ। प्रतिवेदन वर्षमा अनुसन्धान तथा योजना समितिमार्फत १२ वटा विषयहरूमा अध्ययन भई प्रतिवेदनसमेत प्राप्त भएका छन्।

यस आर्थिक वर्षमा अनुसन्धान तथा योजना समितिमार्फत गरिएका अध्ययनका विषयहरू देहायबमोजिम रहेका छन् :

सि. नं.	अध्ययन गरिएका विषय	निर्देशक	संयोजक
१	उच्च अदालतका रजिस्ट्रारहरूको प्रशासनिक, आर्थिक तथा व्यवस्थापकीय हधिकार तथा सोको प्रचावकारितासम्बन्धी अध्ययन	सहरजिस्ट्रार श्री नारायणप्रसाद रेग्मी	इजलास अधिकृत श्री देवेन्द्र ढकाल
२	न्यायाधीशहरूको कार्यबोझको मापदण्ड र नेपालको अदालतहरूको अवस्थासम्बन्धी अधययन	सहरजिस्ट्रार श्री भिमकुमार श्रेष्ठ	इजलास अधिकृत श्री नवराज दुलाल
३	सर्वोच्च अदालतमा विचाराधीन पुराना मुद्दाहरूको शीघ्र फछ्र्यौटका उपायहरू सुझाउनेसम्बन्धी अध्ययन	सहरजिस्ट्रार श्री विमल पौडेल	उपरजिस्ट्रार श्री संजिव पोखरेल
४	सार्वजनिक एवम् गुठी जग्गा सम्बन्धी र लागु औषधसम्बन्धी मुद्दाहरूमा भएका फैसलाहरूको Trend Analysis	सहरजिस्ट्रार श्री नेत्रप्रकाश आचार्य	इजलास अधिकृत श्री हर्कबहादुर क्षेत्री
५	अदालतमा तालिमको आवश्यकता तथा उक्त तालिममा समेटिनुपर्ने विषयहरूको आवश्यकता पहिचान सम्बन्धी अध्ययन	सहरजिस्ट्रार श्री विमल पौडेल	इजलास अधिकृत श्री प्रदिपकुमार उपाध्याय
६	न्यायिक बाह्य संवाद कार्यक्रम, न्यायाधीशसँग सेवाग्राहीको भेटघाट, सञ्चारकर्मीसँगको भेटघाट जस्ता कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि सम्बन्धी अध्ययन	सह रजिस्ट्रार श्री भद्रकाली पोखरेल	इजलास अधिकृत श्री दुर्गाप्रसाद खनाल
७	न्यायिक कोषलाई आवर्ती कोषको रूपमा परिचालन गर्ने सम्बन्धी सम्भाव्यता अध्ययन	सहरजिस्ट्रार श्री मानबहादुर कार्की	प्रमुख लेखा नियन्त्रक श्री बालकृष्ण थापा
८	सर्वोच्च अदालतबाट अन्तरिम आदेश भएका निवेदनहरूमा रिट जारी हुने निवेदनहरूको संख्या तथा रिट जारी नहुँदा अन्तरिम आदेशबाट पुग्न सक्ने क्षतिसम्बन्धी अध्ययन	सहरजिस्ट्रार श्री हरिराज कार्की	इजलास अधिकृत श्री भगवती शर्मा ढुंगाना
९	पीडितमैत्री न्यायप्रणालीको स्थापना र सुदृढीकरणको लागि अध्ययन	रजिस्ट्रार श्री निर्मला पौडेल	निजी सहायक श्री दीक्षा प्रधानाङ्ग
१०	सर्वोच्च अदालतमा दरपीठको अवस्था तथा यससम्बन्धी भएका पूर्व अध्ययनहरूको विश्लेषण	सहरजिस्ट्रार श्री बाबुराम दाहाल	इजलास अधिकृत गोपाल प्रसाद थापा
११	सर्वोच्च अदालतमा पेस हुने सार्वजनिक सरोकारका निवेदन दर्ता तथा आदेशको कार्यान्वयनसम्बन्धी अध्ययन	सहरजिस्ट्रार श्री वेदप्रसाद उप्रेती	इजलास अधिकृत श्री विकास श्रेष्ठ
१२	न्यायाधीशहरू एवम् न्यायपालिकामा कार्यरत जनशक्तिको पारिश्रमिक निर्धारण एवम् न्यायालयको खर्च व्यवस्थापन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल स्वतन्त्र प्रकृतिको Judicial pay commission गठनका सम्बन्धमा सम्भाव्यता अध्ययन	सहरजिस्ट्रार श्री अशोक कुमार क्षेत्री	इजलास अधिकृत श्री भुवन गिरी

यसका अलावा सर्वोच्च अदालतबाट बिभिन्न समयमा भएका महत्त्वपूर्ण अध्ययन प्रतिवेदनहरूको दिगोरूपमा संरक्षण गर्ने उद्देश्य अनुसार हालसम्म उपलब्ध सबै प्रतिवेदनहरू स्क्यान गरी सर्वोच्च अदालतको Intranet भित्र अपलोड गरी सबै अदालतबाट पहुँचको सुनिश्चित गरिएको छ।

- **अध्ययन भ्रमण, तालिम र गोष्ठीलगायतका क्षमता विकाससम्बन्धी कार्यहरू**

न्यायपालिकाको सक्षमता, प्रभावकारिता र स्तरीयता यसमा संलग्न जनशक्तिको कार्यक्षमता, दक्षता तथा क्षमतामा निर्भर रहन्छ। न्यायिक जनशक्तिको क्षमता विकासमा जति बढी ध्यान दिन सकिन्छ, त्यति नै यसले प्रदान गर्ने सेवाको गुणस्तर अपेक्षाकृत रूपमा सन्तोषजनक हुन सक्दछ। यसै वास्तविकतालाई हृदयङ्गम गरी भौतिक रूपमै अध्ययन भ्रमण, तालिम, गोष्ठी, सेमिनारजस्ता विभिन्न कार्यक्रमहरूमा सहभागी गराउँदै आएको भए तापनि यस वर्ष विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को प्रभावका कारण यी कार्यक्रमहरू भर्चुअल रूपमा सञ्चालन भएको थियो। यस आर्थिक वर्ष सम्पन्न भएका अध्ययन भ्रमण, तालिम र गोष्ठीलगायतका कार्यक्रमहरू तथा सहभागीहरूको विवरण देहायबमोजिम रहेको छ :

१) वैदेशिक कार्यक्रमहरू : यस आर्थिक वर्ष विदेशबाट भर्चुअल रूपमा सञ्चालन भएका तालिम, अन्तर्क्रिया, सेमिनार, गोष्ठी आदि कार्यक्रममा न्यायपालिकामा कार्यरत जम्मा ११ जना न्यायाधीश, ११ जना कर्मचारीहरू सहभागी हुनुभएको छ। सोको विवरण परिशिष्ट-९५ मा प्रस्तुत गरिएको छ।

२) स्वेदशमा भएका कार्यक्रमहरू : स्वदेशमा भएका प्रशिक्षण, गोष्ठी, सेमिनार, छलफल, अन्तर्क्रिया र संहिता कानूनसम्बन्धी तालिम आदि कार्यक्रमहरूमा गरी जम्मा ६२९ जना न्यायाधीश तथा कर्मचारीहरू विभिन्न पटक सहभागी हुनभएको थियो।

३) अध्ययन कार्यमा संलग्न (वैदेशिक/स्वदेशी छात्रवृत्तिसमेत) :

क्र.सं.	पद	नाम थर	कार्यरत अदालत
१	उपरजिस्ट्रार	श्री अन्जनराज सापकोटा	सर्वोच्च अदालत
२	उपरजिस्ट्रार	श्री ताराप्रसाद डाँगी	सर्वोच्च अदालत
३	इजलास अधिकृत	श्री अमर बुढाथोकी	उच्च अदालत पाटन
४	शाखा अधिकृत	श्री करूणा श्रेष्ठ	सर्वोच्च अदालत
५	शाखा अधिकृत	श्री नवराज सापकोटा	प्रशासकीय अदालत

- **सर्वोच्च अदालतको बजेट**

आर्थिक वर्ष २०७७/०७८ मा सर्वोच्च अदालतको लागि देहायबमोजिमको बजेट शीर्षक अनुसार रू. २१५१८२१०००।- वार्षिक विनियोजन भएकोमा रू. १९५९०७७०००।- निकासा भई रू. १९५९०७७०००।- खर्च भएको छ। विनियोजन, निकासा तथा खर्चको विस्तृत विवरण परिशिष्ट-२५ मा उल्लेख गरिएको छ।

तालिका नं. १६

सर्वोच्च अदालत बार्षिक बजेट तथा खर्च (रू.हजारमा)

खर्च संकेत नं.	सुरू बजेट	रकमान्तर		खुद बजेट	खर्च	बाँकी बजेट	खर्च प्रतिशत
		थप	घट				
२०४००००१ सर्वोच्च अदालत							
२१११२ पारिश्रमिक पदाधिकारी	२१७००	०	०	२१७००	२०७२९.१५	९७०.८५	९५.५३
२११४२ पदाधिकारी अन्य सुबिधा	१८९००	७२०७	०	२६१०७	१८४६६.८४	७६४०.१६	७०.७४
२१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	१००	०	०	१००	०	१००	०
२२२११ इन्धन (पदाधिकारी)	४५००	०	०	४५००	३९५६.७७	५४३.२३	८७.९३
२२२१३ सवारी साधन मर्मत खर्च	४५००	०	०	४५००	३९६७.८३	५३२.१७	८८.१७
२२२१४ वीमा तथा नवीकरण खर्च	९००	०	०	९००	७०१.१७	१९८.८३	७७.९१
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	३०००	०	०	३०००	२९६६.४	३३.६	९८.८८

२२६११ अनुगमन, मूल्याङ्कन खर्च	१४००	०	०	१४००	१३७६.९८	२३.०२	९८.३६
२८१४२ घर भाडा	८००	०	०	८००	८००	०	१००
जम्मा	५५८००	७२०७	०	६३००७	५२९६५.१४	१००४१.८६	८४.०६
२०४०००११ सर्वोच्च अदालत (प्रशासनिक खर्चसमेत)							
२११११ पारिश्रमिक कर्मचारी	२५११००	२३६०	०	२५३४६०	२२२८६४.६२	३०५९५.३८	८७.९३
२११२१ पोसाक	४७००	०	०	४७००	४०६९.९	६३०.१	८६.५९
२११३२ महँगी भत्ता	१०६००	०	०	१०६००	७३९४.७६	३२०५.२४	६९.७६
२११३३ फिल्ड भत्ता	३००	०	०	३००	२०२.०२	९७.९८	६७.३४
२११३४ कर्मचारीको बैठक भत्ता	१४००	०	०	१४००	१३७१.३	२८.७	९७.९५
२११३९ अन्य भत्ता	२००	०	०	२००	११५.७८	८४.२२	५७.८९
२११४२ पदाधिकारी अन्य सुबिधा	०	९७६.६	०	९७६.६	६२३.५९	३५३.०१	६३.८५
२१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	१००	२००	०	३००	८३.२६	२१६.७४	२७.७५
२१२१३ योगदानमा आधारित बीमा कोष खर्च	२२००	०	०	२२००	१५६३.७२	६३६.२८	७१.०८
२२१११ पानी तथा बिजुली	७९००	१८००	०	९७००	९६९२.२	७.८	९९.९२
२२११२ सञ्चार महसुल	१६४००	१२००	०	१७६००	१७५६१.२५	३८.७५	९९.७८
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	८५००	०	०	८५००	८४१८.८४	८१.१६	९९.०५
२२२१३ सवारी साधन मर्मत खर्च	५८००	०	०	५८००	५६८०.१७	११९.८३	९७.९३
२२२१४ बीमा तथा नवीकरण खर्च	२६००	०	०	२६००	२३७३.८९	२२६.११	९१.३
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	२४००	०	०	२४००	२२२७.७८	१७२.२२	९२.८२
२२२९१ अन्य सम्पत्तिहरूको सञ्चालन तथा सम्भार खर्च	१०००	०	०	१०००	८३९.६२	१६०.३८	८३.९६
२२३११ मसलन्द तथा कार्यालय सामग्री	१३२००	३०००	०	१६२००	१६१९७.९७	२.०३	९९.९९
२२३१३ पुस्तक तथा सामग्री खर्च	७००	०	०	७००	७००	०	१००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	१५५००	०	०	१५५००	१५४३७.५	६२.५	९९.६
२२४११ सेवा र परामर्श खर्च	१२००	०	०	१२००	५६०.९	६३९.१	४६.७४

२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च	१८००	०	०	१८००	१७९२.७८	७.२२	९९.६
२२४१३ करार सेवा शुल्क	३६४००	०	०	३६४००	३४८३२.२४	१५६७.७६	९५.६९
२२४१९ अन्य सेवा शुल्क	१०२००	१९४०	०	१२१४०	११९४७.३६	१९२.६४	९८.४१
२२५११ कर्मचारी तालिम खर्च	६७००	०	०	६७००	२८९०.४४	३८०९.५६	४३.१४
२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठीसम्बन्धी खर्च	१७७००	१०००	१०००	१७७००	९८४८.६	७८५१.४	५५.६४
२२५२२ कार्यक्रम खर्च	९२००	०	०	९२००	३९७५.९३	५२२४.०७	४३.२२
२२५२९ विविध कार्यक्रम खर्च	५०००	०	५०००	०	०	०	०
२२६११ अनुगमन, मूल्यांकन खर्च	२०००	४००	०	२४००	२३९६.२४	३.७६	९९.८४
२२६१२ भ्रमण खर्च	१०००	४००	०	१४००	१३९७.४६	२.५४	९९.८२
२२७११ विविध खर्च	८७००	१०४००	०	१९१००	१८५३०.७८	५६९.२२	९७.०२
३११११२ गैर आवासीय भवन निर्माण/खरिद	५४०५००	१०८३६२८	४८३६२८	११४०५००	१०७४०३१	६६४६८.५६	९४.१७
३११२१ सवारी साधन	०	६०२१६०	२३९६८०	३६२४८०	३५१६९३.६८	१०७८६.३२	९७.०२
३११२२ मेशिनरी तथा औजार	१७५९००	०	९९९००	७६०००	३३३६३.९	४२६३६.१	४३.९
३११२३ फर्निचर तथा फिक्चर्स	६६००	६३५७	०	१२९५७	५७८७.४२	७१६९.५८	४४.६७
३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	२४८००	०	०	२४८००	२२६५१.२५	२१४८.७५	९१.३४
३११३५ पुँजीगत परामर्श	१५००	०	०	१५००	१४८०	२०	९८.६७
३११५९ अन्य सार्वजनिक निर्माण	३४००	०	०	३४००	२३३१.७४	१०६८.२६	६८.५८
३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च	५०००	०	०	५०००	४९९९.३६	०.६४	९९.९९
३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श	७०००	०	०	७०००	४१८२.६९	२८१७.३१	५९.७५
जम्मा	**१२०९२००**	**१७१५८२२**	**८२९२०८**	**२०९५८१३**	**१९०६११२**	**१८९७०१**	**९०.९५**
कुल जम्मा	**१२६५०००**	**१७१६०२९**	**८२९२०९**	**२१५१८२०**	**१९५९०७८**	**१९२७४२**	**९१.०४**

२.३.५ न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि

न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने न्यायपालिकाको चौथो रणनीतिक योजनाको लक्ष्य प्राप्त गर्नका लागि अदालतका काम कारबाही सम्बन्धमा सेवाग्राहीहरूको सन्तुष्टि अभिवृद्धि गर्ने, न्यायिक सूचना सञ्चार र शिक्षापद्धतिको सुधार गर्ने र अदालतका सरोकारवालाहरूसँगको सम्बन्ध तथा सहयोगलाई सुदृढ तुल्याउने रणनीतिक उद्देश्यहरू तय गरिएको छ। यसअन्तर्गत विभिन्न क्रियाकलापहरू

निर्धारण गरिएकोमा सेवाग्राहीहरूको सन्तुष्टि मापनसम्बन्धी अध्ययन भइसकेको, सञ्चार नीति तर्जुमा भई लागु गरिएको, अदालतको काम कारबाहीसम्बन्धी सूचना प्रवाह गर्ने एवं न्यायिक प्रक्रियासम्बन्धी जानकारीहरू अदालतको वेबसाइट र सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रशारण गर्ने कार्य निरन्तर रूपमा भइरहेको छ। सर्वोच्च अदालतमा विचाराधीन मुद्दाका पक्षले मुद्दाको काम कारबाहीबारे मोबाइल फोनमार्फत संक्षिप्त सूचना सेवा (एस.एम.एस.) पाउने पद्धतिलाई निरन्तरता दिइएको छ। यसबाट मुद्दाको पेसी तथा अन्य काम कारबाहीको जानकारी पक्षहरूले अदालतलाई उपलब्ध गराएको मोबाइल नम्बरमा स्वचालित रूपमा प्रवाह हुने प्रबन्ध मिलाइएको छ। साथै सर्वोच्च अदालतको मोवाइल एप्स निर्माण गरी अदालतको दैनिक पेसीको विवरण तथा अत्यावश्यक अन्य सूचना सम्प्रेषण गरिएको छ । यस कार्यबाट अदालत र अदालतको कार्यप्रणालीका बारेमा सर्वसाधारण जनताको बुझाईमा सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ।

यस आर्थिक वर्षमा अदालतहरूमा कारबाहीयुक्त अवस्थामा रहेका जम्मा मुद्दामध्ये सर्वोच्च अदालतबाट ९१३२ जनालाई ६२०३५ पटक, उच्च अदालतबाट ५६९६ जनालाई ५२६९४ पटक र जिल्ला अदालतहरूबाट १५५२३ जनालाई ७६०८७ पटक संक्षिप्त सूचना सेवा (एस.एम.एस.) पठाई संक्षिप्त सूचना आदान प्रदान गरेको देखिन्छ। यसबाहेक सर्वोच्च अदालतको वेबसाइट भित्रैबाट सबै अदालतहरूले आ-आफ्नो वेबसाइट निर्माण गरी सोमार्फत अदालतको आवश्यक सूचना र जानकारी दिने पद्धतिको विकास गरिएको छ।

न्यायपालिकाको काम कारबाहीको सम्बन्धमा सेवाग्राहीहरूको उजुरी एवम् गुनासो सुन्ने प्रयोजनको लागि सम्माननीय प्रधानन्यायाधीशको निजी सचिवालयमा टोल फ्री नम्बर जडान गरिएको छ। उक्त नम्बरमार्फत प्राप्त गुनासो तथा उजुरीउपर आवश्यक कारबाही भएका छन्। यस आर्थिक वर्षमा लिखित रूपमा प्राप्त जम्मा ११० थान, इमेलमार्फत ५२ थान र टोल फ्री नम्बरमार्फत २५० थान, पेसीसम्बन्धी १८९ र मौखिक २३७ समेत गरी जम्मा ८३८ थान उजुरी तथा गुनासोहरू प्राप्त भएकोमा सबै उजुरी फछ्र्यौट भइसकेका छन्। मातहत अदालतहरूमा आउने गुनासोको सुनुवाइ गर्न प्रत्येक अदालतका स्रेस्तेदार वा रजिस्ट्रारको तहबाट तथा न्याय सम्पादनका सिलसिलामा आउने गुनासो प्रमुख न्यायाधीश वा मुख्य न्यायाधीशबाटै सम्बोधन हुने गरी संयन्त्र विकास गरिएको छ। गुनासोको सुनुवाइपश्चात् गुनासोकर्तालाई टेलिफोनमार्फत निजले गरेको गुनासोलाई सम्बन्धित पदाधिकारीबाट सम्बोधन गरिएको व्यहोराको जानकारी गराइने पद्धतिको विकास गरिएको छ।

अदालतको कार्य सम्पादन र सेवाको गुणस्तरमा सुधार ल्याउन अदालतका प्रयोगकर्ता, कर्मचारी र अन्य सरोकारवालाहरूको दृष्टिकोणसम्बन्धमा सर्वेक्षण गर्न सुझाव पेटिकाको उपयोग गरिएको छ । अदालतहरूमा हुनसक्ने अनियमितता नियन्त्रणका लागि सूक्ष्म निगरानीलाई अभियानका रूपमा अगाडि बढाइएको छ । रणनीतिक योजनामा निर्धारित कार्यक्रमअनुरूप न्यायिक प्रक्रियाका सम्बन्धमा समुदायका विभिन्न वर्गहरूलाई यथार्थ जानकारी दिने तथा समुदायको अदालत र न्यायिक प्रक्रियाप्रतिको धारणाका सम्बन्धमा समेत दोहोरो संवादको अवस्था सिर्जना गर्न न्यायिक अन्तर संवादको कार्यक्रम सञ्चालन गरिँदै आएको छ। सोका साथसाथै कानून अध्ययन गरिरहेका विद्यार्थीहरूलाई अदालतहरूमा इन्टर्नसिप गर्ने प्रयोजनका लागि निश्चित सुविधासहित इनटर्नसिपको अवसर प्रदान गर्ने गरिएको छ। साथै विद्यालय तथा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई अदालत भ्रमणको अवसर निरन्तर प्रदान गरी विद्यार्थीहरूलाई अदालती काम कारबाही सम्बन्धमा जानकारी प्रदान गरिदै आएको छ।

यस आर्थिक वर्ष २०७७/०७८ मा देशभरिका अदालतहरूबाट १३७ न्यायिक अन्तर संवाद कार्यक्रम (judicial outreach) सञ्चालन भएका छन्। जसमध्ये उच्च अदालत तथा उच्च अदालतका इजलासहरूमा ३१ र जिल्ला अदालतहरूमा १०६ वटा कार्यक्रम सञ्चालन भएका छन्। यससम्बन्धी विवरण परिशिष्ट-९१ मा प्रस्तुत गरिएको छ।

यसैगरी मुद्दाका पक्षहरूले उच्च अदालत र जिल्ला अदालतहरूमा प्रत्यक्षरूपमा न्यायाधीशसँग अन्तर्क्रिया गर्नसक्ने गरी न्यायाधीशसँग संवाद कार्यक्रमहरू सञ्चालन गरिएका छन्। यस आर्थिक वर्ष २०७७/०७८ मा देशभर ४७२ पटक न्यायाधीशसँग संवाद (meet the judge) कार्यक्रमहरू सञ्चालन गरिएकामा सोमध्ये उच्च अदालत तथा उच्च अदालतका इजलासहरूले ४८ र जिल्ला अदालतहरूले ४२४ पटक न्यायाधीशसँग संवाद कार्यक्रम गरेका छन्। यससम्बन्धी कार्यक्रमको विस्तृत विवरण परिशिष्ट-९१ मा दिइएको छ।

अदालतका काम कारबाहीहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सरोकारवालाहरूको भूमिका महत्त्वपूर्ण हुने भएकाले न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले आफ्नो लक्ष्य प्राप्तिको लागि न्याय क्षेत्रका सरोकारवालाहरूसँग सम्बन्ध र सहयोगलाई सुदृढ बनाउने रणनीतिक उद्देश्य लिएको छ। यसअन्तर्गत बजेटलगायतका स्रोत साधनको उपलब्धताको लागि सम्बन्धित निकायहरूसँग समन्वय गरिएको, न्यायक्षेत्र समन्वय समितिहरूलाई थप प्रभावकारी बनाइएको, अदालत र स्थानीय तहका न्यायिक समितिहरूसँगको समन्वय र सहकार्यका क्षेत्रहरूको विस्तार गरिएको, न्यायिक काम कारबाहीसँग सरोकार राख्ने निकायहरू महान्यायाधिवक्ताको कार्यालय, बार एशोसियसन र प्रहरीसमेतसँग नियमित सम्पर्क र सहकार्य गरिएको छ । सरोकारवालाहरूको सम्बन्धलाई सुदृढ गराउने उद्देश्यले यस आर्थिक वर्ष बार, सरकारी वकिल, सञ्चारकर्मी तथा तामेलदार र स्थानीय निकायका सचिवहरूसँग छलफल र अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन भएका छन्। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट- ९१ मा उल्लेख गरिएको छ।

परिच्छेद - तीन
सर्वोच्च अदालतसम्बन्धी व्यवस्था

३.१ सर्वोच्च अदालतको गठन

सर्वोच्च अदालत न्यायपालिकाको सबैभन्दा माथिल्लो तहको अदालत हो। सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीशहरू रहने संवैधानिक व्यवस्था छ। यस आर्थिक वर्षमा प्रधान न्यायाधीश र सर्वोच्च अदालतमा कार्यरत माननीय न्यायाधीशहरूले सम्पादन गर्नु भएको कार्यको विवरण परिशिष्ट- १ मा उल्लेख गरिएको छ।

३.२ प्रधान न्यायाधीश र न्यायाधीशहरूको नियुक्ति

नेपालको संविधानको धारा १२९ को उपधारा (२) बमोजिम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा नेपालको प्रधान न्यायाधीश र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू नियुक्ति गर्ने व्यवस्था रहेको छ।

३.३ इजलासको गठन र कार्यप्रणाली

सर्वोच्च अदालतको इजलास र कार्यप्रणाली सञ्चालन सर्वोच्च अदालत ऐन, २०४८ र सर्वोच्च अदालत नियमावली, २०७४ बमोजिम गरिन्छ। सर्वोच्च अदालत ऐन, २०४८ को दफा ४ बमोजिम सर्वोच्च अदालतबाट मुद्दा मामिलाको सुनुवाइ र किनारा गर्ने अधिकारको प्रयोग तोकिएबमोजिम एकजना न्यायाधीशको इजलासबाट वा एकभन्दा बढी न्यायाधीशहरूको संयुक्त इजलास, पूर्ण इजलास, बृहत् पूर्ण इजलास र संवैधानिक इजलासबाट हुने व्यवस्था छ। सोही ऐनले दिएको अधिकार प्रयोग गरी बनेको सर्वोच्च अदालत नियमावली, २०७४ र सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ मा देहायअनुसारका इजलासहरूको व्यवस्था गरिएको छ।

३.३.१ संवैधानिक इजलास

नेपालको संविधानको धारा १३७ को उपधारा १ बमोजिम सर्वोच्च अदालतमा प्रधान न्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले तोकेका अन्य चारजना न्यायाधीशसहितको संवैधानिक इजलास गठन हुने व्यवस्था रहेको छ। उक्त धाराको उपधारा २ बमोजिम संवैधानिक इजलासको क्षेत्राधिकार देहायबमोजिम हुने व्यवस्था रहेको छ।

- संविधानको धारा १३३ को उपधारा (१) बमोजिम परेका निवेदनहरू,
- संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीचको अधिकार क्षेत्रको बारेमा भएको विवाद,
- सङ्घीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र सङ्घीय संसद्का सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यतासम्बन्धी विवाद,
- सर्वोच्च अदालतमा विचाराधीन कुनै मुद्दामा गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखिएमा त्यस्तो मुद्दा संवैधानिक इजलासबाट हेर्ने गरी प्रधान न्यायाधीशले तोकेको मुद्दा।

संवैधानिक इजलासको सञ्चालनसम्बन्धी अन्य व्यवस्था सर्वोच्च अदालतले निर्धारण गरेबमोजिम हुने संवैधानिक व्यवस्थाअनुसार सर्वोच्च अदालतले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ जारी गरेको छ। यस आर्थिक वर्षमा संवैधानिक इजलासबाट हेरिएका मुद्दाहरूको विवरण परिशिष्ट-४ मा उल्लेख गरिएको छ।

३.३.२ बृहत् पूर्ण इजलास

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२ बमोजिम बृहत् पूर्ण इजलासमा ५ जना वा सोभन्दा बढी न्यायाधीश रहने व्यवस्था रहेको छ। कानूनको व्याख्या वा कानूनी सिद्धान्तको सम्बन्धमा बृहत् पूर्ण इजलासबाट निरूपण हुन आवश्यक छ भनी पूर्ण इजलासले आदेश दिएको मुद्दा, दुई पूर्ण इजलासबाट भएको व्याख्या वा निर्णय फरक-फरक भई व्याख्यामा एकरूपता कायम गर्न आवश्यक देखी पेस भएका मुद्दा, कुनै जटिल कानूनी प्रश्नको निर्णय बृहत् पूर्ण इजलासबाट हुन उपयुक्त ठानी पूर्ण इजलासले आदेश दिएको मुद्दा, बृहत पूर्ण इजलास र पूर्ण इजलासमा विचाराधीन उस्तै कानूनी प्रश्न समावेश भएकोले दुवै मुद्दाको निर्णय एकसाथ हुन उपयुक्त ठानी पूर्ण इजलासले बृहत् पूर्ण इजलासमा पेस गर्न आदेश दिएको मुद्दा, पूर्ण इजलासमा न्यायाधीशको राय भिन्दाभिन्दै भई बहुमत कायम हुन नसकेको मुद्दा र कानूनी प्रश्नको जटिलता र महत्त्वको विचार गरी प्रधान न्यायाधीशले बृहत् पूर्ण इजलासमा पेस गर्न तोकिदिएको मुद्दा बृहत् पूर्ण इजलासबाट हेरिने व्यवस्था छ।

३.३.३ पूर्ण इजलास

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ बमोजिम पूर्ण इजलासमा तीनजना न्यायाधीशहरूको सङ्ख्या रहने व्यवस्था रहेको छ । सर्वोच्च अदालतमा परेका मुद्दा मामिलाहरूमध्ये संयुक्त इजलासमा न्यायाधीशहरूको राय बाझिएको मुद्दा वा प्रतिवेदन, कुनै कानूनको व्याख्या वा कुनै कानूनी सिद्धान्तको सम्बन्धमा दुई संयुक्त इजलासको राय वा निर्णय भिन्दा-भिन्दै भई संयुक्त इजलासले पूर्ण इजलासमा पेस गर्न आदेश दिएको मुद्दा, कुनै मुद्दामा समावेश भएको जटिल कानूनी प्रश्न वा सिद्धान्तको सम्बन्धमा पूर्ण इजलासबाट हेरिनु उपयुक्त ठानी संयुक्त इजलासले पूर्ण इजलासमा पेस गर्न आदेश दिएको मुद्दा, कानूनी प्रश्नका जटिलता र महत्त्व विचार गरी प्रधान न्यायाधीशले पूर्ण इजलासमा पेस गर्न तोकिदिएको मुद्दा पूर्ण इजलासबाट हेरिने व्यवस्था छ । यस आर्थिक वर्षमा पूर्ण इजलासबाट हेरिएका मुद्दा र रिट निवेदनहरूको विवरण परिशिष्ट-४ मा उल्लेख गरिएको छ ।

३.३.४ संयुक्त इजलास

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २४ ले संयुक्त इजलासमा दुई जना न्यायाधीशहरू रहने व्यवस्था गरेको छ । सर्वोच्च अदालत नियमावलीमा व्यवस्था भएअनुसार पुनरावेदन वा साधक, नेपालको संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गत परेका निवेदनहरू, न्याय प्रशासन ऐन, २०७३ को दफा १२ अन्तर्गत मुद्दा दोहोऱ्याई पाउँ भनी परेका निवेदन र दोहोऱ्याई पाउने अनुमति प्राप्त भएका मुद्दा, राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम पुनरावेदन अनुमतिका लागि परेका निवेदन र अनुमति प्रदान भएका मुद्दा, न्याय प्रशासन ऐन, २०७३ को दफा १९ बमोजिम तल्लो अदालतबाट झिकाइएको मुद्दा तथा दफा १५ बमोजिमको निवेदन र दफा १६ बमोजिमको मुद्दा र प्रचलित कानूनबमोजिम सुरू कारबाही र किनारा गर्ने भनी तोकेका मुद्दाहरू संयुक्त इजलासबाट हेरिने व्यवस्था छ । यस आर्थिक वर्षमा संयुक्त इजलासबाट हेरिएका विभिन्न रिट तथा मुद्दाहरूको विवरण परिशिष्ट-५ मा उल्लेख गरिएको छ ।

३.३.५ एक न्यायाधीशको इजलास

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २५ ले संवैधानिक, बृहतपूर्ण, पूर्ण र संयुक्त इजलासबाट हेरिनेबाहेकका अन्य केही मुद्दाहरू एक न्यायाधीशको इजलासबाट हेरिने व्यवस्था गरेको छ । नेपालको संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गत परेका निवेदनहरूको प्रारम्भिक सुनुवाइ, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६(४), १५७ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१(३), ७२(२) र ७३ एवं न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अन्तर्गत परेका निवेदन एवम् मुद्दाको कारबाहीको सिलसिलामा अदालतको सम्बन्धित अधिकारीले गरेको आदेशउपरको निवेदन पत्र एक न्यायाधीशको इजलासबाट हेरिने व्यवस्था छ । यस आर्थिक वर्ष एक न्यायाधीशको इजलासबाट हेरिएका विभिन्न रिट तथा मुद्दाहरूको विवरण परिशिष्ट-५ मा उल्लेख गरिएको छ ।

३.३.६ बिदाको अवधिमा इजलास तोकिने

न्याय प्रशासन ऐन, २०७३ को दफा २६ ले ३ दिन वा सोभन्दा बढी अवधिको लागि अदालत बन्द रहने भएमा त्यस्तो बिदाको अवधिभर बन्दीप्रत्यक्षीकरणको निवेदन लिई सुनुवाइ गर्ने व्यवस्था गरेको छ । साथै प्रचलित कानूनबमोजिम जारी हुने पक्राउ पूर्जीको अनुमति तथा जरूरी पक्राउ पूर्जीको समर्थनको लागि सम्बन्धित अदालतहरू बिदाको समयमा समेत खुला रहने व्यवस्था छ ।

३.४ जनशक्ति

सर्वोच्च अदालतमा यस आर्थिक वर्षमा प्रधान न्यायाधीशको अतिरिक्त २० जना माननीय न्यायाधीशहरू कार्यरत रहनुभएको थियो । सर्वोच्च अदालत र फैसला कार्यान्वयन निर्देशनालयमा न्यायाधीश र कर्मचारीको जम्मा ६११ दरबन्दी रहेकामा यस आर्थिक वर्षमा न्यायाधीशबाहेक विभिन्न पदका दरबन्दीमा ५५९ जना कर्मचारीहरू कार्यरत रहेका थिए । जसमध्ये १६५ जना करारमा कार्यरत रहेका थिए । सर्वोच्च अदालतमा सूचना प्रविधि शाखाका कर्मचारीहरूको स्थायी दरबन्दी नरहेको हुँदा अस्थायी दरबन्दी सिर्जना गरी करारमा कार्यरत रहेको अवस्था छ । सर्वोच्च अदालतमा कार्यरत जनशक्तिको विस्तृत विवरण परिशिष्ट-३३ मा उल्लेख गरिएको छ ।

३.५ न्यायिक कार्य

सर्वोच्च अदालतले आफूलाई प्राप्त विभिन्न क्षेत्राधिकारअन्तर्गत न्यायिक कार्य सम्पन्न गरिआएको छ । यस आर्थिक वर्ष विभिन्न क्षेत्राधिकारअन्तर्गत सम्पादन गरेको न्यायिक कार्यलाई निम्नानुसार उल्लेख गरिएको छ ।

३.५.१ साधारण अधिकारक्षेत्र

सर्वोच्च अदालतको साधारण क्षेत्राधिकारअन्तर्गतका विषयहरू निम्नबमोजिम प्रस्तुत गरिएको छ:

क. सुरू मुद्दा हेर्ने

नेपालको संविधानको धारा १३३ (४) अनुसार सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम सुरू मुद्दा हेर्ने अधिकार प्राप्त छ। न्याय प्रशासन ऐन, २०७३ को दफा १७ अनुसार सर्वोच्च अदालतले आफ्नो र आफ्ना मातहतका अदालतको अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने व्यवस्था छ। नेपालको संविधानको धारा १३४(१) र न्याय प्रशासन ऐन, २०७३ को दफा १९ अनुसार सारभूत रूपमा समान प्रश्न समावेश भएको मुद्दा सर्वोच्च अदालत र उच्च अदालतहरूमा विचाराधीन रहेको अवस्थामा त्यस्तो प्रश्न सार्वजनिक महत्त्वको हो भन्ने सर्वोच्च अदालतलाई लागेमा वा महान्यायाधिवक्ता वा मुद्दाको पक्षको निवेदनबाट देखिएमा त्यस्तो मुद्दा झिकाई फैसला गर्ने अधिकार सर्वोच्च अदालतलाई रहेको छ। यस आर्थिक वर्ष सर्वोच्च अदालतबाट हेरिएका सुरू र विविध मुद्दाहरूको विवरण परिशिष्ट-१० मा उल्लेख गरिएको छ।

ख. पुनरावेदन सुन्ने

नेपालको संविधानको धारा १३३(४) ले सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम पुनरावेदन सुन्ने अधिकार प्रदान गरेको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम सर्वोच्च अदालतमा देहायका मुद्दाहरूउपर पुनरावेदन लाग्ने व्यवस्था रहेको छ।

- उच्च अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दा,
- दश वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दा,
- तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पाँच लाख रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पच्चीस लाख रूपैयाँ वा सोभन्दा बढी बिगो भएको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दा, विशेष अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दा, कानूनमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएका अन्य मुद्दाहरू।

यस आर्थिक वर्ष सर्वोच्च अदालतबाट हेरिएका पुनरावेदनसम्बन्धी मुद्दाको विवरण परिशिष्ट-२ मा उल्लेख गरिएको छ।

ग. पुनरावलोकन गर्ने

नेपालको संविधानको धारा १३३(४) अनुसार सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्ने अधिकार प्राप्त छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ११ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २७ को उपनियम (१), (२) र (३) को अधीनमा रही सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेश देहायको अवस्थामा पुनरावलोकन गर्न सक्दछ :

- मुद्दामा भएको इन्साफमा तात्त्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा वा
- सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा।

यस आर्थिक वर्ष सर्वोच्च अदालतबाट भएको मुद्दाको पुनरावलोकनसम्बन्धी विवरण परिशिष्ट-११ मा उल्लेख गरिएको छ।

घ. मुद्दा दोहोऱ्याई हेर्ने

नेपालको संविधानको धारा १३३(४) ले सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अधिकार प्रदान गरेको छ। न्याय प्रशासन ऐन, २०७३ वा प्रचलित कानूनबमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरूमा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याई हेर्न सक्ने व्यवस्था गरिएको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा १२ मा उल्लेख भएअनुसार देहायको अवस्थामा सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याई हेर्न सक्नेछ :

- उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रूटि भएको,
- सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालना नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,
- सरकारी वा सार्वजनिक सम्पत्तिसम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा
- बालक, महिला, अपाङ्गता भएको व्यक्ति, मानसिक रोगबाट पीडित वा ७५ वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्त्विक असर परेको।

यस वर्ष सर्वोच्च अदालतबाट दोहोऱ्याई हेरिएका निवेदनहरूको विवरण परिशिष्ट-१२ मा उल्लेख गरिएको छ।

ङ. पुनरावेदनको अनुमति प्रदान गर्ने

सर्वोच्च अदालतले राजस्व न्यायाधिकरणहरूबाट निर्णय भएका मुद्दाहरूमा कानूनमा व्यवस्था भएबमोजिम पुनरावेदनको अनुमति दिने नदिने सम्बन्धमा समेत अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत रही आदेश गर्ने गर्दछ । यस वर्ष सर्वोच्च अदालतबाट हेरिएका पुनरावेदनको अनुमतिसम्बन्धी निवेदनहरूको विवरण परिशिष्ट-१३ मा उल्लेख गरिएको छ।

च. साधक जाँच्ने

नेपालको संविधानको धारा १३३(४) ले सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम साधक जाँच्ने अधिकार प्रदान गरेको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा १० मा जन्मकैद हुने मुद्दामा उच्च अदालतले सो सजाय गर्ने ठहऱ्याएकोमा सर्वोच्च अदालतमा साधक जाहेर गर्नुपर्ने व्यवस्था छ। यस आर्थिक वर्ष सर्वोच्च अदालतमा साधक जाहेर भएका मुद्दाहरूको विवरण परिशिष्ट-२ मा उल्लेख गरिएको छ।

छ. निवेदन प्रतिवेदन सुन्ने

नेपालको संविधानको धारा १३३ (४) ले सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम निवेदन सुन्ने अधिकार प्रदान गरेको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा १५ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षको लागि प्रतिवादीलाई तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारबाहीको सिलसिलामा भएको अन्य कुनै अन्तरकालीन आदेशउपर एक तहमाथिको अदालतमा निवेदन गर्न सकिने तर १० वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पुर्पक्षको लागि तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेशउपर कानूनी त्रूटि वा कार्यविधिसम्बन्धी अनियमितताको प्रश्नमा सर्वोच्च अदालतमा निवेदन दिन सकिने व्यवस्था छ। त्यस्तै, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१(२), ७२(२) र ७३ ले उक्त परिच्छेदबमोजिम भएको थुनछेक आदेश वा तोकिएको धरौट, जमानत वा बैङ्क जमानतमा चित्त नबुझ्ने व्यक्तिले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्ने तर जन्मकैद वा दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुन सक्ने कसुरमा भएको थुनछेक आदेश बेरित भएको प्रश्नमा एक तह माथिको पुनरावेदन सुन्ने अदालतमा पनि निवेदन दिन सकिने व्यवस्था गरेको छ। त्यसैगरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६(४), १५७ बमोजिम यस आर्थिक वर्ष सर्वोच्च अदालतबाट हेरिएका निवेदन प्रतिवेदनहरूको विवरण परिशिष्ट-१४, १५ र १६ मा उल्लेख गरिएको छ।

३.५.२. असाधारण अधिकारक्षेत्र

सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत देहायका मुद्दाहरू पर्दछन् :

क. न्यायिक पुनरावलोकनको अधिकारक्षेत्र

नेपालको संविधानको धारा १३३(१) ले कुनै कानून संविधानसँग बाझिएको हुँदा बदर गरिपाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालत संवैधानिक इजलासमा निवेदन दिन सक्ने र कुनै कानून संविधानसँग बाझिएको देखिएमा सो कानूनलाई बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था गरेको छ । यस आर्थिक वर्ष सर्वोच्च अदालत संवैधानिक इजलासबाट हेरिएका न्यायिक पुनरावलोकनसम्बन्धी निवेदनहरूको विवरण परिशिष्ट-६ मा उल्लेख गरिएको छ।

ख. रिटको अधिकारक्षेत्र

संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा संविधान र कानून प्रदत्त हकको प्रचलनको लागि सिधै माथिल्लो तहको अदालतमा प्रवेश गर्न पाउने र अदालतबाट उचित उपचार प्रदान गर्न उपयुक्त आदेश जारी गरी हनन् भएको हकको प्रचलन गराउने असाधारण अधिकार नेपालको संविधानको धारा १३३ (२) र (३) ले सर्वोच्च अदालतलाई प्रदान गरेको छ। यसअन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था छ। यस आर्थिक वर्ष सर्वोच्च अदालतमा परेका यस प्रकारका रिट निवेदनहरूको विवरण परिशिष्ट-६ मा उल्लेख गरिएको छ।

ग. सार्वजनिक सरोकारको विवाद हेर्ने अधिकारक्षेत्र

कुनै व्यक्ति विशेषसँग मात्र सम्बन्धित नभएर समाजको कुनै वर्ग वा समुदायको हित र सरोकार निहित रहेको मुद्दालाई सार्वजनिक सरोकारको विवाद मानिन्छ। मुद्दा गर्ने हकदैयासम्बन्धी सामान्य सिद्धान्तअनुसार जसको जुन कुरामा हक पुग्छ सो कुरामा उसैले मात्र मुद्दा गर्न पाउँछ। तर सार्वजनिक हित र सरोकार निहित रहेको विषयमा भने सरोकारवाला जोसुकैले पनि मुद्दा गर्न पाउने गरी हकदैयाको उदार व्याख्या

गर्ने गरिएको हुन्छ। यो न्यायिक सक्रियताको एउटा महत्त्वपूर्ण पक्ष पनि हो। नेपालको संविधानको धारा १३३(२) र (३) ले सर्वोच्च अदालतलाई सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक र कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो विवाद टुङ्गो लगाउने असाधारण अधिकार प्रदान गरेको छ। यस आर्थिक वर्ष सर्वोच्च अदालतबाट हेरिएका सार्वजनिक सरोकारका विवादहरूको विवरण परिशिष्ट-६ मा उल्लेख गरिएको छ।

माथि विभिन्न शीर्षकमा चर्चा भएबमोजिम सर्वोच्च अदालतलाई प्राप्त अधिकारक्षेत्रअन्तर्गत यस आर्थिक वर्षमा दायर हुन आएका मुद्दा तथा रिट निवेदनहरूको लगतको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १७

सर्वोच्च अदालतमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको लगतको विवरण

सुरु मुद्दा / विविध	पुनरावेदन	राजस्व/ बाणिज्य	साधक	दोहोऱ्याई पाऊँ	पुनरावलोकन	पुनरावेदनको अनुमति	रिट	संवैधानिक इजलासबाट हेरिने मुद्दा तथा रिट	निवेदन	प्रतिवेदन	फुटकर निवेदन	जम्मा
१५८	१५८१८	३००३	३०९	५९६४	४०५	३२९	५१९०	२९७	५०१	५७२	९२०	३३४६६

यस आर्थिक वर्ष २०७७/७८ मा सर्वोच्च अदालतमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको जम्मा लगतको विवरणलाई देहायको वृत्त चित्रमा उल्लेख गरिएको छ।

वृत्त चित्र नं.३

सर्वोच्च अदालतमा परेका मुद्दा, रिट, निवेदनहरूको वर्गीकृत वृत्त चित्र



यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा दर्ता गर्नका लागि पेस भएका मध्ये १०० थान रिट निवेदनहरू र १३५ थान मुद्दाहरू दरपीठ भएको देखिन्छ।

३.६ निरीक्षण तथा अनुगमन

नेपालको संविधानको धारा १२८ (३) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा २१ ले सर्वोच्च अदालतले आफ्नो मातहतका अदालत र न्यायिक निकायहरूको निरीक्षण एवम् सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने व्यवस्था गरेको छ। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १५४ बमोजिम सर्वोच्च अदालतको निरीक्षण तथा अनुगमन महाशाखाले मिसिलको आन्तरिक निरीक्षण भए नभएको अनुगमन गर्ने तथा मातहतका उच्च अदालत एवम् न्यायाधिकरणहरूको निरीक्षणसम्बन्धी कार्यको समन्वय गर्ने गरेको छ। यस सम्बन्धमा भएका कार्यहरू देहायबमोजिम छन् :

क. मातहत अदालत निरीक्षण

सम्माननीय प्रधान न्यायाधीश एवम् सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूबाट वार्षिक रूपमा उच्च तथा जिल्ला अदालतहरू र आकस्मिक रूपमा कुनै पनि अदालतको निरीक्षण हुने गरेको छ। निरीक्षणका सिलसिलामा आवश्यक पर्ने सूचना, तथ्याङ्कलगायतको आवश्यक सहयोग अनुगमन तथा निरीक्षण महाशाखाबाट उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। सर्वोच्च अदालतबाट यस आर्थिक वर्ष न्याय प्रशासन ऐन, २०७३ बमोजिम उच्च अदालत जनकपुर र अस्थायी इजलास वीरगञ्ज बाहेक अन्य सबै उच्च अदालत, इजलासहरू एवम् अस्थायी इजलासको निरीक्षण सम्पन्न भएको छ। सर्वोच्च अदालतबाट भएका मातहत अदालतहरूको निरीक्षण एवम् सुपरिवेक्षणसम्बन्धी विवरण परिशिष्ट-२८ मा उल्लेख गरिएको छ।

ख. आन्तरिक निरीक्षण

सर्वोच्च अदालतको मुद्दा तथा रिट महाशाखाअन्तर्गतका विभिन्न शाखा तथा फाँटहरूमा रहेका मिसिलहरूको आन्तरिक निरीक्षण सम्बन्धित शाखा प्रमुखबाट हुने र त्यस्तो निरीक्षणको अनुगमनको कार्य अनुगमन तथा निरीक्षण महाशाखाले गर्ने गर्दछ। यस आर्थिक वर्षमा लामो समयसम्म पेसीमा चढ्न नसकेका, २ वर्ष नाघेका र थुनुवा मुद्दाहरू तथा रिटहरूसमेतलाई विशेष प्राथमिकता दिई सर्वोच्च अदालतमा दायर रहेका मिसिलहरू मध्ये ३५९४३ थान मिसिलहरूको निरीक्षण गरिएको थियो। निरीक्षणको क्रममा फाँटबाट तुरून्तै गर्न सकिने कार्यहरू जस्तै पत्राचार, तरताकेता, म्याद तामेल, मिसिल झिकाउनेलगायतका कार्यहरू तत्कालै गर्न निर्देशन दिइएको थियो। सम्बन्धित शाखाले निरीक्षण गरेको विवरण हरेक महिनाको ७ गतेभित्र अनुगमन तथा निरीक्षण महाशाखामा प्राप्त गरी निरीक्षण निर्देशनमा दिएका सुझाव कार्यान्वयन भए नभएको तथा कार्यान्वयनमा केही कठिनाई भए सहजीकरण गर्ने गरिएको थियो।

ग. विविध

विभिन्न अदालतमा कार्यरत् वैतनिक कानून व्यवसायीद्वारा सम्पादित कार्यको नियमित रूपमा अनुगमन गर्ने र वैतनिक कानून व्यवसायीबाट भए गरेका कार्यहरूको प्रगति विवरण प्रत्येक महिना पेस गर्ने व्यवस्था रहेको छ। यसका अतिरिक्त विभिन्न उच्च तथा जिल्ला अदालतहरूमा रहेका मुलतबी मुद्दाहरूको विवरण माग गरी मुलतबी जगाउने सम्बन्धमा आवश्यक कारबाही गर्न पत्राचार गर्नुका साथै आवश्यक निर्देशन दिने गरिएको छ। मातहत अदालतबाट प्रवाह हुने सेवाका सम्बन्धमा प्राप्त हुने गुनासो र उजुरीहरूको सम्बन्धमा छानबिन तथा सम्बन्धित कार्यस्थलको अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

३.७ फैसला कार्यान्वयन निर्देशनालय

फैसला कार्यान्वयनको स्थितिलाई प्रभावकारी बनाउन फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरी संस्थागत, कानूनी एवम् प्रक्रियागत रूपमा समेत सक्षम बनाउनु पर्ने आवश्यकताको सन्दर्भमा सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०६६/०१/२९ को निर्णयपश्चात् फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरिएको थियो। सर्वोच्च अदालत नियमावली, २०७४ को परिच्छेद १५ नियम १२७ देखि १४१ सम्म फैसला कार्यान्वयन सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ। सर्वोच्च अदालत नियमावली बमोजिम सर्वोच्च अदालत र मातहत अदालतबाट भएको फैसला तथा अन्तिम आदेशको कार्यान्वयन तथा अनुगमन फैसला कार्यान्वयन निर्देशनालयले गर्ने गर्दछ। नेपालको संविधानको धारा १३३(२) र (३) अन्तर्गत सर्वोच्च अदालतमा दायर भएका रिट निवेदनहरूमा भएका आदेशहरूको कार्यान्वयनको अनुगमन गर्ने कार्यलाई यस आर्थिक वर्ष पनि निरन्तरता दिइएको छ।

संविधानको धारा १२६(२) बमोजिम मुद्दा मामिलाको रोहमा अदालतबाट भएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्नेछ। फैसला तथा आदेशको कार्यान्वयन हुन नसकेमा त्यसले न्यायपालिकाप्रतिको जनआस्थामा नकारात्मक असर पार्ने हुँदा नेपाल सरकारलगायत सम्बद्ध सम्पूर्ण निकायहरूले फैसला एवम् आदेशको पूर्ण परिपालनाको अपेक्षाका साथ आवश्यक समन्वय गरिएको छ।

३.७.१ सार्वजनिक सरोकारको विषयका निवेदनमा भएका आदेशको कार्यान्वयन

सार्वजनिक सरोकारको विषयमा सर्वोच्च अदालतबाट जारी भएका आदेशहरू कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा लेखी पठाइने गरिएको छ। सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश, परमादेशलगायतका अन्यसमेत गरी जम्मा २०८ वटा आदेश फैसला कार्यान्वयन निर्देशनालयमा दर्ता भएकोमा सोमध्ये ३४ वटा आदेशको कार्यान्वयन भएको छ भने १७४ वटा आदेशको कार्यान्वयन हुन बाँकी रहेकोले सोका लागि सम्बन्धित निकायहरूमा पत्राचार एवम् आवश्यक समन्वय गरिएको छ। निर्देशनात्मक आदेश र परमादेशसमेतको कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छ।

तालिका नं.१८

निर्देशनात्मक आदेश र परमादेशसमेतको कार्यान्वयनको विवरण

सि.नं.	आदेशको प्रकृति	जम्मा	कार्यान्वयन भएको	कार्यान्वयन हुन बाँकी
१	निर्देशनात्मक आदेश	१३४	२४	११०
२	परमादेश	६९	१०	५९
३	अन्य	५	०	५
जम्मा		**२०८**	**३४**	**१७४**

३.८ सर्वोच्च अदालतमा रहेका समितिहरूबाट सम्पादित कार्यहरू

सर्वोच्च अदालतले न्यायिक कार्यका अतिरिक्त न्याय प्रशासनसँग प्रत्यक्ष र परोक्ष रूपमा सम्बन्धित अन्य कार्यहरूसमेत सम्पादन गर्दछ। आफ्नो र मातहतका अदालतहरूसँग सम्बन्धित नीतिगत, व्यवस्थापकीय र सुधारात्मक कार्यहरू गर्नका लागि सर्वोच्च अदालतबाट गठित विभिन्न समितिहरूबाट सम्पादन भएका कार्यहरू देहायबमोजिम रहेका छन् :

३.८.१ पूर्ण बैठक (फुलकोर्ट)

मुद्दा मामिलामा इन्साफ दिनुपर्ने कामबाहेक अरू कामका लागि प्रधान न्यायाधीश र उपस्थित भएसम्मका अन्य सबै न्यायाधीशहरूको बैठकलाई पूर्ण बैठक भनिन्छ। सर्वोच्च अदालत नियमावली २०७४ को परिच्छेद-१३, नियम १०९ बमोजिम न्याय प्रशासनसँग सम्बन्धित कुनै कानूनी व्यवस्था गर्ने वा त्यस्तो कुनै कानूनी व्यवस्थामा संशोधन वा परिवर्तन गर्ने, सर्वोच्च अदालत एवम् मातहतका अदालतको वार्षिक प्रतिवेदन, विशेष समितिको प्रतिवेदन, कुनै अधिवक्तालाई वरिष्ठ अधिवक्ताको उपाधि दिनेलगायत न्याय प्रशासन तथा अदालत प्रशासनसम्बन्धी नीतिगत विषयहरू पूर्ण बैठकसमक्ष प्रस्तुत हुने व्यवस्था रहेको छ। पूर्ण बैठकको सदस्य सचिवको रूपमा सर्वोच्च अदालतको मुख्य रजिस्ट्रार रहने व्यवस्था छ। सर्वोच्च अदालतको पूर्ण बैठक (फुलकोर्ट) ले आर्थिक वर्ष ०७७/०७८ मा १७ वटा बैठक बसी विभिन्न निर्णयहरू गरेको थियो।

३.८.२ स्थायी समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११०(१) ले न्याय प्रशासनसम्बन्धी विषयमा तत्काल कुनै निर्णय गर्न वा अत्यावश्यक नीति निर्धारण गर्न प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका चार जना वरिष्ठतम न्यायाधीश सदस्य रहेको स्थायी समिति रहने व्यवस्था गरेको छ। उक्त समितिको सदस्य सचिवको रूपमा सर्वोच्च अदालतको मुख्य रजिस्ट्रार रहने र स्थायी समितिको बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन गर्ने जिम्मेवारी सर्वोच्च अदालतको मुख्य रजिस्ट्रारको हुने व्यवस्था रहेको छ।

३.८.३ अदालत व्यवस्थापन समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १११ ले प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा अदालत व्यवस्थापन समिति गठन हुने व्यवस्था गरेको छ। सोही व्यवस्थाबमोजिम मिति २०७७।०४।११ देखि सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.व.रा अध्यक्ष रहेको अदालत व्यवस्थापन समिति गठन भएको थियो। उक्त समितिको यस आर्थिक वर्षमा ७ वटा बैठक बसी सर्वोच्च अदालत तथा मातहत अदालतहरूको जनशक्ति, सुरक्षा, भौतिक पूर्वाधार, भौतिक साधनहरूको व्यवस्थापन र बजेट बाँडफाँटलगायतका व्यवस्थापकीय विषयमा आवश्यक नीति निर्धारण र अनुगमन गर्ने सम्बन्धमा विभिन्न निर्णय गरेको थियो।

३.८.४ सम्पादन तथा प्रकाशन समिति

मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतबाट प्रतिपादन गरिएका सिद्धान्तहरूले कानूनसरहको मान्यता राख्दछन् । नेपालको संविधानको धारा १२८(४) ले मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनका व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नुपर्ने व्यवस्था रहेको छ । सर्वोच्च अदालतले गरेको फैसलाहरू मासिकरूपमा नेपाल कानून पत्रिकामा र पाक्षिक रूपमा सर्वोच्च अदालत बुलेटिन र अन्य आवश्यक विषयगत नजिरहरू प्रकाशित हुँदै आएका छन् । नेपाल कानून पत्रिकाको प्रकाशन सर्वोच्च अदालतले २०१५ साल फाल्गुन ७ गते आरम्भ गरेको थियो । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११२ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीशको अध्यक्षतामा सम्पादन तथा प्रकाशन समिति गठन हुने व्यवस्था रहेको छ । सोही व्यवस्थाबमोजिम मिति २०७६।८।१८ देखि माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल अध्यक्ष रहेको सम्पादन तथा प्रकाशन समिति गठन भएको थियो । उक्त समितिको यस आर्थिक वर्षमा १४ वटा बैठक बसी नेपाल कानून पत्रिकामा प्रकाशन गरिने फैसलाहरूको छनौटलगायतका विभिन्न निर्णयहरू गरेको थियो । सर्वोच्च अदालतबाट यस आर्थिक वर्षमा प्रकाशित नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिनसम्बन्धी विवरण परिशिष्ट-२४ मा उल्लेख गरिएको छ ।

३.८.५ मुद्दा व्यवस्थापन समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११३ मा प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा मुद्दा व्यवस्थापन समिति गठन हुने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ मिति २०७७।०४।११ देखि अध्यक्ष रहेको मुद्दा व्यवस्थापन समिति गठन भएको थियो । उक्त समितिको यस आर्थिक वर्षमा १ वटा बैठक बसी विभिन्न निर्णय गरेको थियो ।

३.८.६ मेलमिलाप समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११४ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा मेलमिलाप समिति गठन हुने व्यवस्था रहेको छ । सोही ब्यवस्थाबमोजिम मिति २०७७।०४।११ देखि मिति २०७८।०२।१२ सम्म माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी अध्यक्ष रहनुभएकोमा वहाँको अवकास पछि माननीय न्यायाधीश श्री वमकुमार श्रेष्ठ अध्यक्ष रहनु भएको थियो । उक्त समितिको यस आर्थिक वर्षमा **२** वटा बैठक बसी विभिन्न निर्णय गरेको थियो ।

३.८.७ सूचना प्रविधि समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११५ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा सूचना प्रविधि समिति गठन हुने व्यवस्था रहेको छ । सोही व्यवस्थाबमोजिम मिति २०७७।०६।१४ गतेदेखि माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा अध्यक्ष रहेको सूचना प्रविधि समिति गठन भएको थियो । उक्त समितिको यस आर्थिक वर्षमा १५ वटा बैठक बसी अदालतहरूको विभिन्न सफ्टवेयरहरूको Integration, फरक मुद्दा व्यवस्थापन पद्धति, अभिलेख व्यवस्थापनसम्बन्धी सफ्टवेयर निर्माण, संहिता कानूनबमोजिम विभिन्न सफ्टवेयरहरूमा आवश्यक परिमार्जनलगायतका विषयमा विभिन्न निर्णय गरेको थियो ।

३.८.८ पुस्तकालय समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११६ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा पुस्तकालय समिति गठन हुने व्यवस्था रहेको छ । सोही व्यवस्थाबमोजिम मिति २०७७।०४।११ देखि माननीय न्यायाधीश श्री तेजबहादुर के.सी अध्यक्ष रहेको पुस्तकालय समिति गठन भएको थियो । उक्त समितिको यस आर्थिक वर्षमा १ वटा बैठक बसी विभिन्न निर्णय गरेको थियो ।

३.८.९ केन्द्रीय न्याय क्षेत्र समन्वय समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११७ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा केन्द्रीय न्याय क्षेत्र समन्वय समिति गठन हुने व्यवस्था रहेको छ । सोही व्यवस्थाबमोजिम मिति २०७७।११।११ देखि माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई अध्यक्ष रहेको केन्द्रीय न्याय क्षेत्र समन्वय समिति गठन भएको थियो । उक्त समितिको यस आर्थिक वर्षमा कुनै पनि बैठक बस्न सकेन ।

३.८.१० अनुसन्धान तथा योजना समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११८ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा अनुसन्धान तथा योजना समिति गठन हुने व्यवस्था रहेको छ । सोही व्यवस्थाबमोजिम मिति २०७७।०४।११ देखि माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की अध्यक्ष रहेको अनुसन्धान तथा योजना समिति गठन भएको थियो । उक्त समितिको यस आर्थिक वर्षमा १६ वटा बैठक बसी सर्वोच्च अदालतको वार्षिक कार्य योजना तर्जुमा, मातहत अदालतहरूको वार्षिक कार्य योजनामा आवश्यक निर्देशन, सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन तयारी, विभिन्न १२ वटा विषयमा अध्ययन कार्य अगाडि बढाउनेलगायतका विभिन्न निर्णयहरू गरेको थियो ।

३.८.११ मानव संसाधन विकास समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११९ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा मानव संसाधन विकास समिति गठन हुने व्यवस्था रहेको छ । सोही व्यवस्थाबमोजिम मिति २०७७।०४।११ देखि माननीय न्यायाधीश श्री मीरा खड्का अध्यक्ष रहेको मानव संसाधन विकास समिति गठन भएको थियो । उक्त समितिको यस आर्थिक वर्षमा १ वटा बैठक बसी विभिन्न निर्णय गरेको थियो ।

३.८.१२ न्यायमा पहुँच आयोग

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२० को व्यवस्थाबमोजिम गठित न्यायमा पहुँच आयोगको अध्यक्षमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा. रहनुभएको थियो । उक्त आयोगको यस आर्थिक वर्षमा ११ वटा बैठक बसी न्यायमा पहुँच अभिवृद्धि गर्नेसम्बन्धी विभिन्न निर्णय गरेको थियो ।

३.९ अन्य विशेष समितिहरू

न्यायपालिकाको समग्र सुधारको लागि नीतिगत निर्णय गर्न गठित स्थायी प्रकृतिका विभिन्न समितिहरूको अतिरिक्त सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२० को कानूनी व्यवस्थाबमोजिम गठित समितिहरू निम्नबमोजिम रहेका छन्:-

३.९.१ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८७ बमोजिम गठित बाधा अड्काउ फुकाउ समिति

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८७ को व्यवस्थाबमोजिम संहिता कानूनहरूको कार्यान्वयनका क्रममा आउन सक्ने बाधा अड्काउको सम्बन्धमा निकासा दिन सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री दीपककुमार कार्की अध्यक्ष र सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ एवम् माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा सदस्य रहेको ५ सदस्यीय समिति गठन भएको थियो । यस आर्थिक वर्षमा उक्त समितिको कुनै बैठक बसेको थिएन ।

३.९.२ वरिष्ठ अधिवक्ताको उपाधि सिफारिस समिति

सर्वोच्च अदालत नियमावली २०७४ को नियम ११०क बमोजिम पूर्ण बैठकसमक्ष वरिष्ठ अधिवक्ताको उपाधि दिन नाम सिफारिस गर्ने प्रयोजनका लागि मिति २०७७।३।३१ गते गठित समितिको अध्यक्षमा मिति २०७७।०३।३१ देखि मिति २०७७।१२।३० सम्म माननीय न्यायाधीश श्री दिपककुमार कार्की तथा मिति २०७७।१२।३१ देखि माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत रहनुभएको थियो । उक्त समितिको यस आर्थिक वर्षमा ६ वटा बैठक बसी विभिन्न निर्णय गरेको थियो ।

३.९.३ फरक मुद्दा व्यवस्थापन निर्देशक समिति

आर्थिक वर्ष २०७७/०७८ देखि जिल्ला अदालत तथा उच्च अदालतहरूमा लागु भएको फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारी कार्यान्वयन एवम् समन्वयको लागि चौथो पञ्चवर्षीय रणनीतिक योजनाबमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीको अध्यक्षतामा रहेको फरक मुद्दा व्यवस्थापन निर्देशक समितिको यस आर्थिक वर्षमा ५ वटा बैठक बसी फरक मुद्दा व्यवस्थापनसम्बन्धी कानूनी एवम् नीतिगत सुधार, दिग्दर्शन परिमार्जन, सफ्टवेयरमा परिमार्जनलगायतका विभिन्न निर्णयहरू गरेको थियो ।

३.१० नि:शुल्क कानूनी सहायता

नेपालको संविधानको धारा २० को उपधारा (१०) मा आर्थिक, सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न

नसक्ने असमर्थ तथा असहाय पक्षको तर्फबाट कानूनी प्रतिनिधित्व गराउने तथा आवश्यक कानूनी सहायता उपलब्ध गराउने संवैधानिक व्यवस्था रहेको छ । नेपाल सरकारले एकीकृत कानूनी सहायता नीति, २०७६ जारी गरी नि:शुल्क कानूनी सहायतालाई एकीकृत रूपमा थप समन्वयात्मक ढंगबाट प्रवाह गर्ने लक्ष्य लिएको छ । यसैगरी नेपालका अदालतहरूमा नि:शुल्क कानूनी सहायतासम्बन्धी सुविधा वि.सं. २०१५ सालदेखि सुरू गरिएको थियो । सोही सालदेखि नै वैतनिक कानून व्यवसायीको व्यवस्था गरी मुद्दाका असमर्थ पक्षहरूले अनुरोध गरेमा वा इजलासलाई लागेमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदै आएको अवस्था छ । यस व्यवस्थाको निरन्तरता स्वरूप हाल सर्वोच्च अदालतमा २ जना र अन्य सबै उच्च तथा जिल्ला अदालतहरूमा १/१ जना वैतनिक कानून व्यवसायी नियुक्ति गरी निःशुल्क कानूनी सहायता उपलब्ध गराइएको छ । यस आर्थिक वर्ष सर्वोच्च अदालतमा वैतनिक कानून व्यवसायीबाट कानूनी सहायताको क्रममा ६८५ वटा लिखत तयारी, ७९ टेम्प्लेट भरेको, १६१ वटा परामर्श सेवा, १५२ वटा बहस पैरवी र २ पटक कारागार भ्रमण गरी १०७९ जना व्यक्तिलाई वैतनिक कानून व्यवसायीबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराइएको छ । यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-८९ मा उल्लेख गरिएको छ ।

३.११ मेलमिलाप प्रक्रिया

वि.सं. २०६० सालमा जिल्ला अदालत नियमावली, २०५२ मा संशोधन गरी नेपालमा पहिलो पटक मेलमिलाप पद्धतिलाई औपचारिक रूपमा न्यायिक प्रक्रियामा समावेश गरिएको थियो । विवाद समाधानको प्रभावकारी र भरपर्दो वैकल्पिक उपायको रूपमा मेलमिलाप पद्धतिको प्रयोगलाई बढावा दिने विश्वव्यापी मान्यतालाई आत्मसात् गर्दै नेपालमा अदालत प्रेषित मेलमिलाप र सामुदायिक मेलमिलाप पद्धतिलाई थप प्रभावकारी बनाउन छाता ऐनको रूपमा मेलमिलापसम्बन्धी ऐन, २०६८ र मेलमिलापसम्बन्धी नियमावली, २०७० जारी भई कार्यान्वयनमा रहेको छ । यस आर्थिक वर्ष सर्वोच्च अदालतमा मेलमिलाप हुन सक्ने मुद्दा संख्या ११३९७ रहेकोमा सोमध्ये १४३ थान अर्थात् १.२५ प्रतिशत मुद्दा मेलमिलाप प्रक्रियाका लागि मेलमिलाप केन्द्रमा पठाइएकोमा १२ थान अर्थात् ८.३९ प्रतिशत मुद्दा मेलमिलापबाट सफल भएका छन् । ५२ थान अर्थात् ३६.३६ प्रतिशत मुद्दाहरू मेलमिलापको प्रक्रियामा रहेका र बाँकी ७९ थान अर्थात् ५५.२४ प्रतिशत मुद्दाहरू मेलमिलाप हुन नसकी फिर्ता भएका छन् । सर्वोच्च अदालतमा १६८ जना मेलमिलापकर्ता सूचीकृत भएका छन् । यस आर्थिक वर्षमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतबाट मेलमिलाप प्रक्रियामा पठाइएका मुद्दाहरूको विवरण परिशिष्ट-८८ मा उल्लेख गरिएको छ ।

३.१२ बालन्याय प्रणाली

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी सो व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि बालबालिकासम्बन्धी ऐन, २०७५ जारी भएको छ । बालबालिकालाई बाल अनुकुलको न्याय प्रत्याभूत गरेको अवस्थामा छुट्टै बाल अदालतको गठन गरी बालबालिका संलग्न भएका मुद्दाहरूको सुनुवाइ गर्ने व्यवस्था गरिएको छ । बाल अदालत गठन नहुन्जेलसम्म जिल्ला न्यायाधीश, बाल मनोविज्ञ र समाजसेवी संलग्न रहेको बाल इजलास गठन हुने व्यवस्थाअनुसार ७७ वटै जिल्ला अदालतहरूमा बाल इजलासको स्थापना भएको छ । बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखेर बाल न्याय प्रणाली सञ्चालन गर्ने गरिएको छ । यस आर्थिक वर्षमा बालबालिका पक्ष भएको जम्मा मुद्दाको लगत ८९०५ कायम भएकोमा ४४१९ अर्थात् ४९.६२% फछ्र्यौट भई ४४८६ थान बाँकी रहेको छ । त्यसैगरी यस आर्थिक वर्षमा बालबालिका पीडित भएको जम्मा मुद्दा संख्या ४८४० रहेको थियो भने बालबालिका मात्र वादी वा प्रतिवादी भएको मुद्दा संख्या ५२१५ रहेको थियो । यस आर्थिक वर्षमा १०० भन्दा बढी बालबालिका पक्ष भएको मुद्दाको लगत कायम भएका जिल्ला अदालत ११ वटा रहेका छन् जसमध्ये काठमाण्डौं जिल्ला अदालतमा सबैभन्दा बढी ६०२ मुद्दा रहेको देखिन्छ । बालबालिका पक्ष भएका र पीडित भएका मुद्दाहरूको विस्तृत विवरण परिशिष्ट- ९२ मा उल्लेख गरिएको छ ।

३.१३ न्यायिक सङ्ग्रहालय

नेपालको न्यायपालिकासँग सम्बन्धित ऐतिहासिक महत्त्वको सामग्रीहरूको सङ्कलन, संरक्षण तथा न्यायिक इतिहासको अध्ययन अवलोकन गर्ने अवसर सिर्जना गर्ने उद्देश्यले सर्वोच्च अदालतमा न्यायिक सङ्ग्रहालयको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरी सोको कार्य योजनासमेत तयार गरिएको थियो । न्यायिक सङ्ग्रहालयको स्थापना सम्बन्धमा भएको अध्ययन प्रतिवेदनसमेतका आधारमा पहिलो चरणमा न्यायिक महत्त्वका सामग्रीहरूको सङ्कलन, संरक्षण र प्रदर्शनको कार्य प्रारम्भ गरिएको छ । दीर्घकालीनरूपमा सर्वोच्च अदालतको पुस्तकालय अर्न्तगत छुट्टै सङ्ग्रहालय कक्ष स्थापना गरी सर्वसाधारणसमेतलाई अवलोकन गर्ने अवसरसहितको व्यवस्थित सङ्ग्रहालय बनाउने लक्ष्यअनुरूप आवश्यक तयारीका कार्यहरू अन्तिम चरणमा पुगेको छ । ऐतिहासिक महत्त्वका सामग्रीहरूको सङ्कलन गरी आर्थिक वर्ष २०७५।०७६ देखि सर्वोच्च अदालतमा न्यायिक संग्रहालय शाखा सञ्चालनमा ल्याइएको छ ।

३.१४ शिशु स्याहार केन्द्र

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले अदालतहरूमा शिशु स्याहार केन्द्रको स्थापना गर्नुपर्ने व्यवस्था गरेको थियो ।

उक्त व्यवस्थासमेतका आधारमा आर्थिक वर्ष २०७५/०७६ मा सर्वोच्च अदालतमा शिशु स्याहार केन्द्रको स्थापना भएकोमा हाल कोभिड-१९ को कारणले उक्त शिशु स्याहार केन्द्र सञ्चालन हुन सकेको छैन।

३.१५ रेखा तथा लिखत परीक्षण

अदालतमा परेका मुद्दामा प्रमाणका रूपमा पेस गरिएका लिखतहरूको सत्यताका बारेमा विवाद उठेमा वैज्ञानिक परीक्षण गरी लिखतमा परेको हस्ताक्षर र सहीछापको यकिन गर्नुपर्ने हुन्छ। हस्ताक्षर वा सहीछापको वैज्ञानिक परीक्षण गरी यकिन गर्ने प्रयोजनका लागि सर्वोच्च अदालतमा वि.सं. २०४१ सालदेखि सम्बन्धित विशेषज्ञसहितको रेखा तथा लिखत परीक्षण शाखा स्थापना गरिएको थियो। विषय विज्ञको पदपूर्ति हुन नसकेको कारण यस आर्थिक वर्षमा सेवा प्रवाह हुन सकेन।

३.१६ सर्वोच्च अदालतको भवनको स्थिति, निर्माण तथा भौतिक सुधारको कार्य र वित्तीय विवरण

(क) भवनको स्थिति

सर्वोच्च अदालतसँग हाल आफ्नो नाममा २७०७३.५५ वर्ग मिटर जग्गा रहेको छ। उक्त जग्गामा एउटा मूल भवनसहित साना ठूला गरेर जम्मा ८ वटा कार्यालय भवनहरू रहेका छन्। मूल भवनमा २०७२ सालको भूकम्पले क्षति पुऱ्याएपश्चात् प्रवलीकरणको कार्य सम्पन्न भई सोही भवनबाट अदालतको दैनिक कामकाज सञ्चालन भइरहेको छ। सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि तयार भएका नक्सा र डिजाइनबमोजिम भवन निर्माणको ठेक्का लगाई निर्माण कार्य प्रारम्भ भएको छ। सर्वोच्च अदालतको जग्गा र भवनको विस्तृत विवरण परिशिष्ट-२९ मा उल्लेख गरिएको छ।

(ख) वित्तीय विवरण

सर्वोच्च अदालतको यस आर्थिक वर्ष वित्तीय स्थिति हेर्दा चालुतर्फ रू. ५१८१८४०००।०० र पुँजीगततर्फ रू. १६३३६३७०००।०० गरी जम्मा रू. २१५१८२१०००।०० विनियोजित भएकोमा चालुतर्फ रू. ४५८५५६०००।०० र पुँजीगततर्फ रू. १५००५२१०००।०० गरी जम्मा रू. १९५९०७७००० खर्च भएको देखिन्छ। सर्वोच्च अदालतको वित्तीय विवरण परिशिष्ट-२५ मा उल्लेख गरिएको छ।

(ग) धरौटी र राजस्वको विवरण

सर्वोच्च अदालतमा आर्थिक वर्ष २०७७।०७८ सम्म धरौटी रू ३५०४२०९२२.०१ र राजस्व रू. ३६०८३३०५.६० कायम भएको देखिन्छ। सो सम्बन्धी विस्तृत विवरण क्रमश: परिशिष्ट-२६ र २७ मा उल्लेख गरिएको छ।

(घ) बेरूजुसम्बन्धी विवरण

सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा आर्थिक वर्ष २०७७।०७८ सम्म जम्मा बेरूजु लगत रू २२८२६००००।०० रहेकोमा रू १४०६७८०००।०० अर्थात् ६१.६० प्रतिशत फछ्र्यौट भई बाँकी बेरूजु रू ८७५८२०००।०० रहेको देखिन्छ।

परिच्छेद - चार
उच्च अदालतसम्बन्धी व्यवस्था

४.१ उच्च अदालतको गठन

नेपालको संविधानको धारा १३९ ले प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने संवैधानिक व्यवस्था गरेको छ। साथै न्याय प्रशासन ऐन, २०७३ ले उच्च अदालतहरूको स्थापना र सञ्चालनसम्बन्धी कानूनी व्यवस्था गरेको छ। नेपालमा उच्च अदालतहरूको सङ्ख्या ७ र उच्च अदालतका इजलासहरू ९ र अस्थायी इजलासहरू २ रहेका छन्। उच्च अदालतमा एकजना मुख्य न्यायाधीश र आवश्यक सङ्ख्यामा अन्य न्यायाधीशहरू रहने व्यवस्था छ। उच्च अदालतका इजलासहरू तथा अस्थायी इजलासहरूमा मुख्य भई काम गर्ने एकजना र आवश्यक सङ्ख्यामा अन्य न्यायाधीशहरू रहने व्यवस्था रहेको छ। हाल स्थापना भएका उच्च अदालत, उच्च अदालतको इजलास र अस्थायी इजलासहरूमा मुख्य न्यायाधीश, मुख्य भई काम गर्ने न्यायाधीश, न्यायाधीश र विभिन्न तहका कर्मचारीहरू कार्यरत रहेका छन्।

४.२ न्यायाधीशको नियुक्ति

नेपालको संविधानको धारा १४० बमोजिम प्रधान न्यायाधीशले न्याय परिषद्को सिफारिसमा उच्च अदालतका मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरूको नियुक्ति गर्ने व्यवस्था रहेको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ६ मा उच्च अदालतका न्यायाधीशको कूल दरबन्दी १६० जनामा नबढाई आवश्यक संख्यामा कायम गरिने व्यवस्था रहेको छ। यस आर्थिक वर्षमा विभिन्न उच्च अदालतमा कार्यरत माननीय न्यायाधीशहरूले सम्पादन गरेको कार्यको विवरण परिशिष्ट ३४ र ३५ मा उल्लेख गरिएको छ।

४.३ इजलासको गठन र कार्य प्रणाली

उच्च अदालतको अधिकारक्षेत्रको प्रयोग तोकिएबमोजिम एक जना न्यायाधीशको इजलास वा संयुक्त इजलासबाट हुने व्यवस्था रहेको छ। ती इजलासको गठन र कार्य प्रणाली निम्नानुसार रहेको छ :

(क) संयुक्त इजलास

उच्च अदालतको संयुक्त इजलासमा दुई जना न्यायाधीशहरू रहन्छन्। नेपालको संविधानको धारा १४४ ले उच्च अदालतको क्षेत्राधिकार सम्बन्धमा व्यवस्था गरेको छ। उच्च अदालत नियमावली, २०७३ को नियम १० अनुसार निम्नानुसारका मुद्दा, निवेदनपत्र र प्रतिवेदनहरू उच्च अदालतको संयुक्त इजलासबाट हेरिने व्यवस्था छ।

- पुनरावेदनका रूपमा दर्ता भएका मुद्दाहरू,
- साधक
- कारण देखाउने आदेश भइसकेपछि पेस हुने देहायका रिट निवेदन पत्रहरू:
    - बन्दीप्रत्यक्षीकरणसम्बन्धी निवेदन,
    - परमादेशसम्बन्धी निवेदन,
    - उत्प्रेषणसम्बन्धी निवेदन,
    - प्रतिषेधसम्बन्धी निवेदन
    - अधिकारपृच्छासम्बन्धी निवेदन र
    - निषेधाज्ञासम्बन्धी निवेदन
- मातहत अदालतबाट झिकाइएका मुद्दा,
- अदालतको अवहेलनासम्बन्धी मुद्दा,
- संयुक्त इजलासबाट हेरिने मुद्दाको लगाउ मुद्दा,
- संयुक्त इजलासमा पेस हुने मुद्दासँग सम्बन्धित निवेदन,
- मुद्दा मामिला तथा फैसला कार्यान्वयनसँग सम्बन्धित प्रतिवेदनहरू

(ख) एक न्यायाधीशको इजलास

एक न्यायाधीशको इजलासमा एकजना न्यायाधीशले मुद्दा हेर्ने कार्य गर्दछन्। उच्च अदालत नियमावली, २०७३ को नियम ११ अनुसार निम्न मुद्दाहरू एक न्यायाधीशको इजलासबाट हेरिने व्यवस्था रहेको छ :

- सङ्घीय कानूनबमोजिम उच्च अदालतबाट सुरू कारबाही र किनारा गर्ने मुद्दा,
- निवेदनपत्र दर्ता भई प्रत्यर्थीबाट लिखित जवाफ मगाउने आदेश भई नसकेका देहायका निवेदन पत्रहरू :
  १. बन्दीप्रत्यक्षीकरणसम्बन्धी निवेदन,
  २. परमादेशसम्बन्धी निवेदन,
  ३. उत्प्रेषणसम्बन्धी निवेदन,
  ४. प्रतिषेधसम्बन्धी निवेदन,
  ५. अधिकारपृच्छासम्बन्धी निवेदन र
  ६. निषेधाज्ञासम्बन्धी निवेदन।
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६(४),१५७, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१(३), ७२(२) र ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अन्तर्गत परेका निवेदनहरू,
- अभियुक्तका नाममा पक्राउ पुर्जी जारी गर्ने अनुमतिसम्बन्धी निवेदन,
- मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा ६५ बमोजिमको निवेदन,
- मुद्दा मामिलाको कारबाहीको सिलसिलामा रजिस्ट्रारले दिएको आदेशउपरको उजुरी र
- उच्च अदालत नियमावलीमा अन्यथा व्यवस्था भएको वा रजिस्ट्रारको अधिकारक्षेत्रभित्रको निवेदन पत्रबाहेक अरू सबै निवेदनहरू।

(ग) बिदाको अवधिमा इजलास तोकिने

न्याय प्रशासन ऐन, २०७३ को दफा २६ अनुसार तीन दिन वा सोभन्दा बढी अवधिको लागि अदालत बन्द रहने भएमा प्रत्येक उच्च अदालतका १/१ जना न्यायाधीशलाई बिदाको अवधिमा सो अदालतको प्रादेशिक क्षेत्राधिकारमा पर्ने बन्दीप्रत्यक्षीकरणको निवेदन लिई सुनुवाइ गर्नको लागि तोकिने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम तीन दिन वा सोभन्दा बढी बिदाको अवधिमा बन्दीप्रत्यक्षीकरण निवेदनको सुनुवाइको लागि न्यायाधीश तोकिने गरेको छ।

४.४ जनशक्ति

यस आर्थिक वर्षमा उच्च अदालतहरूमा मुख्य न्यायाधीश र न्यायाधीशहरू गरी जम्मा १६० दरबन्दी रहेकोमा पुरूष १२८ र महिला २३ गरी जम्मा १५१ जना कार्यरत रहनुभएको थियो। सबै तहका गरी जम्मा ११९३ दरबन्दी रहेकोमा करार समेत गरी जम्मा १०२२ जना कर्मचारीहरू कार्यरत रहेका थिए। उच्च अदालतहरूमा रहेको जनशक्तिको विस्तृत विवरण परिशिष्ट-५३ मा उल्लेख गरिएको छ।

४.५ उच्च अदालतको क्षेत्राधिकार

नेपालको संविधानको धारा १३९ बमोजिम प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने व्यवस्था रहेको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ५ ले प्रत्येक प्रदेशको राजधानी रहेको ठाउँमा उच्च अदालत रहने व्यवस्था गरेको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ५ ले उच्च अदालतको इजलास र उच्च अदालतको अस्थायी इजलास तोक्न सक्ने व्यवस्था गरेबमोजिम हाल ७ वटा उच्च अदालत, ९ वटा उच्च अदालतको इजलास र २ वटा उच्च अदालतको अस्थायी इजलास स्थापना गरिएका छन्। उच्च अदालतलाई प्राप्त अधिकारक्षेत्र देहायअनुसार रहेको छ:

४.५.१ सुरू मुद्दा हेर्ने

नेपालको न्यायिक संरचनामा उच्च अदालतलाई सामान्यतया पुनरावेदन सुन्ने अदालतको रूपमा लिइने भए पनि केही खास मुद्दाहरूमा यसलाई सुरू कारबाही र किनारा गर्ने अधिकारसमेत प्राप्त छ। न्याय प्रशासन ऐन, २०७३ बमोजिम कानूनमा नै उच्च अदालतबाट सुरू कारबाही र किनारा हुने भनी तोकिएका मुद्दाहरू, उच्च अदालतबाट सुरू कारबाही र किनारा गर्नु भनी सर्वोच्च अदालतबाट आदेश भई आएका मुद्दाहरू तथा आफ्नो तथा आफ्नो मातहतका अदालतको अवहेलनामा परेका मुद्दाहरूको सुरू कारबाही र किनारा उच्च अदालतबाट हुने व्यवस्था छ। उच्च अदालतहरूले सुरू अधिकारक्षेत्रअन्तर्गत सुनुवाइ गरेका मुद्दाहरूको विवरण परिशिष्ट-३६ मा उल्लेख गरिएको छ।

४.५.२ पुनरावेदन सुन्ने

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) मा उच्च अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकामा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको सुरू फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने अधिकार रहेको छ। यस आर्थिक वर्षमा उच्च अदालतहरूमा परेका पुनरावेदनसम्बन्धी मुद्दाहरूको विवरण परिशिष्ट- ३६ मा उल्लेख गरिएको छ।

४.५.३ साधक हेर्ने

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(४) अनुसार प्रचलित कानूनबमोजिम साधक सदर गराउनुपर्ने मुद्दामा पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नुपर्ने व्यवस्था छ। सोअनुसार जन्मकैद हुने मुद्दामा उच्च अदालतमा साधक जाहेर हुन्छ। उच्च अदालतबाट हेरिएका साधकहरूको विवरण परिशिष्ट-३६ मा उल्लेख गरिएको छ।

४.५.४ रिट निवेदन

नेपालको संविधानको धारा १४४(१) र (२), न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) र उच्च अदालत नियमावली, २०७३ को नियम १० ले उच्च अदालतलाई आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्र कुनै निकाय वा अधिकारीले संविधान प्रदत्त मौलिक हक वा कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा वा सार्वजनिक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणको लागि आवश्यकताअनुसार बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा एवम् निषेधाज्ञाको निवेदन हेर्ने अधिकारक्षेत्र तोकेको छ। यस आर्थिक वर्ष उच्च अदालतले यस क्षेत्राधिकारअन्तर्गत सुनुवाइ गरेका निवेदनहरूको विवरण परिशिष्ट-३९ मा उल्लेख गरिएको छ।

४.५.५ समग्र मुद्दा तथा रिट र निवेदनसमेतको लगत फछ्र्यौट र बाँकी विवरण

मुद्दातर्फ

माथि उल्लिखित विभिन्न क्षेत्राधिकारअन्तर्गत उच्च अदालतबाट हेरिएका मुद्दातर्फ यस आर्थिक वर्षमा जिम्मेवारी सरेका १७५११ र नयाँ दर्ता १९२९० गरी जम्मा लगत ३६८०१ थान रहेकोमा १७७६९ थान फछ्र्यौट भई १९०३२ थान बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा जिम्मेवारी सरेका १३४१८ र नयाँ दर्ता २३७८९ गरी जम्मा लगत ३७२०७ थान रहेकोमा १९६९६ थान फछ्र्यौट भई १७५११ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५।७६ मा जिम्मेवारी सरेका १२६५३ र नयाँ दर्ता २६६०७ गरी जम्मा लगत ३९२६० थान रहेकोमा २५८४२ थान फछ्र्यौट भई १३४१८ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७६/०७७ को तुलनामा यस आर्थिक वर्षमा फछ्र्यौट अनुपात ९.७८ प्रतिशतले घटेको देखिन्छ।

रिट निवेदनतर्फ

यस आर्थिक वर्षमा रिटतर्फ जिम्मेवारी सरेका १७६४ र नयाँ दर्ता ४२५८ गरी जम्मा लगत ६०२२ थान रहेकोमा ३०४८ थान फछ्र्यौट भई २९७४ थान बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ मा रिटतर्फ जिम्मेवारी सरेका १७४१ र नयाँ दर्ता ३५१८ गरी जम्मा लगत ५२५९ थान रहेकोमा ३४९५ थान फछ्र्यौट भई १७६४ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५।७६ मा रिटतर्फ जिम्मेवारी सरेका १९४४ र नयाँ दर्ता ४७५६ गरी जम्मा लगत ६७०० थान रहेकोमा ४९५९ थान फछ्र्यौट भई १७४१ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७६/०७७ को तुलनामा यस आर्थिक वर्षमा फछ्र्यौट अनुपात १२.७९ प्रतिशतले घटेको देखिन्छ।

मुद्दा र रिट निवेदनतर्फ

यस आर्थिक वर्ष उच्च अदालतहरूमा रहेका मुद्दा तथा रिट निवेदनको समग्र स्थितिलाई हेर्दा जिम्मेवारी सरेका १९२७५ र नयाँ दर्ता २३५४८ गरी जम्मा लगत ४२८२३ थान रहेकोमा २०८१७ थान फछ्र्यौट भई २२००६ थान बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ मा उच्च अदालतहरूमा रहेका मुद्दा तथा रिट निवेदनको समग्र स्थितिलाई हेर्दा जिम्मेवारी सरेका १५१५९ र नयाँ दर्ता २७३०७ गरी जम्मा लगत ४२४६६ थान रहेकोमा २३१९१ थान फछ्र्यौट भई १९२७५ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५।७६ मा उच्च अदालतहरूमा रहेका मुद्दा तथा रिट निवेदनको समग्र स्थितिलाई हेर्दा जिम्मेवारी सरेका १४५९७ र नयाँ दर्ता ३१३६३ गरी जम्मा लगत ४५९६० थान रहेकोमा ३०८०१ थान फछ्र्यौट भई १५१५९ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७६/०७७ को तुलनामा यस आर्थिक वर्षमा फछ्र्यौट अनुपात १०.२४ प्रतिशतले घटेको देखिन्छ।

यस आर्थिक वर्ष २०७७/०७८ मा बाँकी मुद्दा तथा रिट निवेदन २२००६ मध्ये १८ महिनाभित्रका १७७४८ थान, १८ महिनादेखि २ वर्षभित्रका ३२९४ थान र २ वर्ष नाघेका ९६४ थान बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्ष २०७६/०७७ मा बाँकी मुद्दा तथा रिट निवेदन १९२७५ मध्ये १८ महिनाभित्रका १८३१६ थान, १८ महिनादेखि २ वर्षभित्रका ७०८ थान र २ वर्ष नाघेका २५१ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा बाँकी मुद्दा तथा रिट निवेदन १५१५९ मध्ये १८ महिनाभित्रका १४७०५ थान, १८ महिनादेखि २ वर्षभित्रका ३४२ थान र २ वर्ष नाघेका ११२ थान बाँकी रहेको थियो। गत आर्थिक वर्ष २०७६/०७७ को तुलनामा यस आर्थिक वर्षमा २ वर्ष नाघेका मुद्दा संख्या ७१३ ले बढी रहेको देखिन्छ। उच्च अदालतमा परेका मुद्दा तथा रिट निवेदनको समष्टिगत लगत फछ्र्यौट विवरण र दुई वर्ष नाघेका बाँकी मुद्दा तथा निवेदनको विवरण परिशिष्ट-३६ मा उल्लेख गरिएको छ।साथै उच्च अदालतमा रहेका थुनुवा मुद्दाको लगत फछ्र्यौट र बाँकी विवरण परिशिष्ट ४३ र मुलतबी रहेका मुद्दाहरूको विवरण परिशिष्ट ४४ मा उल्लेख गरिएको छ।

४.५.६ निवेदन, प्रतिवेदन र फुटकर निवेदन सुन्ने

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ अनुसार मुद्दाको कारबाहीको सिलसिलामा तल्लो अदालतबाट भएका मुद्दाका पक्षलाई तारिखमा राखेको वा निजबाट जमानत वा अदालती शुल्क लिएको, मुद्दा दर्ता गर्न नमिल्ने भनी गरेको दरपिठ आदेशउपर न्यायाधीशसमक्ष उजुर गरेकोमा त्यस्तो उजुर रद्द भएको, प्रारम्भिक सुनुवाइ गर्दा हकदैया, हदम्याद वा अधिकारक्षेत्रसम्बन्धी विषय निरूपण गरी आदेश गरेको र मुद्दाको कारबाहीको सिलसिलामा अन्य कुनै आदेश र कुनै अदालतमा भएको काम कारबाहीमा म्याद नाघेको वा मुद्दामा कानूनबमोजिम गर्नुपर्ने काम कारबाही बदर गराउन चित्त नबुझ्ने पक्षले त्यस्तो अदालतको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्ने व्यवस्था छ। त्यस्तो निवेदन परेमा निवेदन र सोको प्रतिवेदन उच्च अदालतबाट हेरिने व्यवस्था छ। यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसार कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षका लागि प्रतिवादीलाई तारिख, जमानत वा थुनामा राख्ने गरी भएको वा अन्य अन्तरकालीन आदेशउपरको निवेदन र प्रतिवेदनसमेत उच्च अदालतबाट हेरिने व्यवस्था रहेको छ।

यस आर्थिक वर्षमा उच्च अदालतहरूमा निवेदन, प्रतिवेदन, फुटकर निवेदन जिम्मेवारी सरेको ७२३ र नयाँ दर्ता १२८७१ गरी जम्मा लगत १३५९४ थान हुन आएकोमा सोमध्ये १२६८७ थान अर्थात् ९३.३३ प्रतिशत फछ्र्यौट भई ९०७ थान बाँकी रहेका छन्। आर्थिक वर्ष २०७६/०७७ मा उच्च अदालतहरूमा निवेदन, प्रतिवेदन र फुटकर निवेदन जिम्मेवारी सरेको ४२३ र नयाँ दर्ता १२६७१ गरी जम्मा लगत १३०९४ थान हुन आएकोमा सोमध्ये १२३७१ थान अर्थात् ९४.४८ प्रतिशत फछ्र्यौट भई ७२३ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५।७६ मा उच्च अदालतहरूमा निवेदन, प्रतिवेदन र फुटकर निवेदनको जम्मा लगत १४११० थान हुन आएकोमा सोमध्ये १३६८७ थान अर्थात् ९७.०० प्रतिशत फछ्र्यौट भई ४२३ थान बाँकी रहेका थिए। आर्थिक वर्ष २०७६/०७७ को तुलनामा यस आर्थिक वर्षमा फछ्र्यौट अनुपात २.५५ प्रतिशतले बढेको देखिन्छ। यससम्बन्धी विवरण परिशिष्ट ३७ मा उल्लेख गरिएको छ।

माथि विभिन्न शीर्षकमा विश्लेषण गरिएको यस आर्थिक वर्षमा उच्च अदालतहरूमा परेका समग्र मुद्दाको लगत विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं. १९

उच्च अदालतमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनहरूको समग्र विवरण

सुरू मुद्दा	पुनरावेदन	साधक	रिट	निवेदन	प्रतिवेदन	फुटकर निवेदन	जम्मा
६३९७	३०२६६	१३८	६०२२	५४१८	६४२०	१७५६	५६४१७

यस आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतहरूमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको जम्मा लगतको विवरणलाई देहायको वृत्त चित्रमा प्रस्तुत गरिएको छ।

वृत्त चित्र नं.४

उच्च अदालतमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनहरूको समग्र विवरणको वृत्त चित्र



तालिका नं. २०

उच्च अदालतहरूमा कायम भएको समग्र लगत, फछ्र्यौट र कार्यबोझको प्रदेशगत विवरणः

क्र.सं.	अदालतको नाम	मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन				प्रदेशगत कार्यबोझ प्रतिशत	कुल फछ्र्यौटको प्रदेशगत फछ्र्यौट %
		लगत	फछ्र्यौट	प्रतिशत	बाँकी		
१	एक नम्बर प्रदेश	८५३४	५८०२	६७.९९	२७३२	१५.१३	१७.३२
२	मधेश प्रदेश	१४१८७	७२५८	५१.१६	६९२९	२५.१५	२१.६६
३	बागमती प्रदेश	१९६४४	११२५८	५७.३१	८३८६	३४.८२	३३.६०
४	गण्डकी प्रदेश	३५१५	२३२९	६६.२६	११८६	६.२३	६.९५
५	लुम्बिनी प्रदेश	६९४७	४३७४	६२.९६	२५७३	१२.३१	१३.०६
६	कर्णाली प्रदेश	१२८६	८९९	६९.९१	३८७	२.२८	२.६८
७	सुदूर पश्चिम प्रदेश	२३०४	१५८४	६८.७५	७२०	४.०८	४.७३
कुल जम्मा		५६४१७	३३५०४	५९.३९	२२९१३	१००	१००

आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको वार्षिक लगत र फछ्र्यौटको प्रदेशगत बिश्लेषण गर्दा सबैभन्दा बढी लगत बागमती प्रदेशमा (१९६४४) र सबैभन्दा कम लगत कर्णाली प्रदेशमा (१२८६) रहेको देखिन्छ भने लगतको तुलनामा सबैभन्दा बढी फछ्र्यौट कर्णाली प्रदेशमा (६९.९१%) र सबैभन्दा कम मधेश प्रदेशमा (५१.१६%) भएको देखिन्छ। त्यसै गरी उच्च अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको वार्षिक लगतको प्रदेशगत कार्यबोझ बिश्लेषण गर्दा सबैभन्दा बढी कार्यबोझ बागमती प्रदेशमा (३४.८२%) र सबैभन्दा कम कर्णाली प्रदेशमा (२.२८%) रहेको छ।त्यसै गरी कूल मुद्दाहरूको वार्षिक फछ्र्यौटको प्रदेशगत फछ्र्यौट बिश्लेषण गर्दा सबैभन्दा बढी फछ्र्यौट बागमती प्रदेशमा (३३.६०%) र सबैभन्दा कम कर्णाली प्रदेशमा (२.६८%) रहेको छ। उच्च अदालतहरूको समग्र लगत, फछ्र्यौट तथा कार्यबोझको प्रदेशगत विवरणलाई तालिका नं २० मा उल्लेख गरिएको छ।

उच्च अदालतहरूमा कायम हुन आएको कूल वार्षिक लगत, फछ्र्यौट र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका प्रदेशगत विवरणलाई देहायबमोजिमको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

स्तम्भ चित्र नं. १०

उच्च अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



वृत्त चित्र नं. ५

उच्च अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत कार्यबोझ (%) को वृत्तचित्र



४.५.७ मुद्दा तथा रिट निवेदनको वर्गिकृत विवरण

यस आर्थिक वर्षमा उच्च अदालतमा परेका ४२८२३ मुद्दाको विषयगत वर्गीकरण गरी सोको जम्मा लगत, फछ्र्यौट र बाँकीको विस्तृत विवरण परिशिष्ट-४१ मा उल्लेख गरिएको छ। साथै उच्च अदालतहरूमा बाँकी रहेका मुद्दा तथा रिटको सालबसाली विवरण परिशिष्ट-४२ मा उल्लेख गरिएको छ।

४.५.८ फरक मुद्दा व्यवस्थापन (DCM) सम्बन्धी तथ्याङ्कको वर्गीकृत विवरण

आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति अन्तर्गत सरल मार्ग समूहमा १२५२० थान, सामान्य मार्ग समूहमा ७९७८ थान र विशेष मार्ग समूहमा ६४ थान गरी जम्मा २०,५६२ थान मुद्दा दर्ता भएकोमा सरल मार्ग समूहमा ५५५७, सामान्य मार्ग समूहमा ११८६ थान र विशेष मार्ग समूहमा ४ गरी ६७४७ थान अर्थात् ३२.८१ प्रतिशत मुद्दा फछ्र्यौट भई सरल मार्ग समूहमा ६९६३ थान, सामान्य मार्ग समूहमा ६७९२ थान र विशेष मार्ग समूहमा ५० थान गरी जम्मा १३,८१५ थान अर्थात् ६७.१९ प्रतिशत मुद्दा बाँकी रहेको देखिन्छ।

सरल मार्ग समूहमा फछ्र्यौट भएका मध्ये २४७३ थान अर्थात् ४४.५० प्रतिशत मुद्दा निर्धारित अवधिभित्र र ३०८४ थान अर्थात् ५५.५० प्रतिशत निर्धारित अवधि नाघेर फछ्र्यौट भएको देखिन्छ। फरक मुद्दा व्यवस्थापन पद्धति आर्थिक वर्ष २०७७/०७८ देखि लागु भएको हुँदा सामान्य मार्ग समूह र विशेष मार्ग समूहमा फछ्र्यौट भएका सबै मुद्दाहरू निर्धारित अवधिभित्रै फछ्र्यौट भएको देखिन्छ। यसैगरी आर्थिक वर्ष २०७७/०७८ मा फरक मुद्दा व्यवस्थापन पद्धति अन्तर्गत दर्ता भई आर्थिक वर्षको अन्त्यमा सरल मार्ग समूह अन्तर्गत बाँकी रहेका ६९६३ थान मुद्दामध्ये ६२५० थान अर्थात् ८९.७६ प्रतिशत निर्धारित अवधिभित्रको र ७१३ थान अर्थात् १०.२४ प्रतिशत मुद्दाहरू निर्धारित अवधि नाघेको देखिन्छ। सामान्य मार्ग समूहमा बाँकी रहेका ६७९२ थान र विशेष मार्ग समूहमा बाँकी रहेका ६० थान मुद्दाहरू सम्बन्धित मार्ग समूहका लागि निर्धारित अवधिभित्रै रहेको देखिन्छ।

यस आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन अन्तर्गतको जम्मा लगत र फछ्र्यौटको विवरणलाई देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

स्तम्भ चित्र नं. ११

उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन अन्तर्गत मार्ग समूह अनुसार मुद्दाको लगत र फछ्र्यौटको स्तम्भ चित्र



	सरल	सामान्य	बिशेष	जम्मा
लगत	१२५२०	७९७८	६४	२०५६२
फछ्र्यौट	५५५७	११८६	४	६७४७

यस आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन अन्तर्गत जम्मा लगतको विवरणलाई देहायको वृत्त चित्रमा प्रस्तुत गरिएको छ।

वृत्त चित्र नं.६

उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन अन्तर्गत मार्ग समूह अनुसार मुद्दाको लगतको वृत्त चित्र



४.६ निरीक्षण र अनुगमन

न्याय प्रशासन ऐन, २०७३ को दफा २१ ले उच्च अदालतले आफ्नो मातहतको अदालत र आफूले पुनरावेदन सुन्ने निकायका अधिकारी वा कार्यालयको वर्षमा कम्तीमा एक पटक निरीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। यसैगरी कारागार ऐन, २०१९ को दफा १८(४)

बमोजिम उच्च अदालतले वर्षमा कम्तीमा एक पटक आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्रको कारागारको समेत निरीक्षण गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम उच्च अदालतहरूले मातहतका जिल्ला अदालत तथा कारागारहरूको निरीक्षण गरी निरीक्षण प्रतिवेदन आवश्यक कार्यान्वयनका लागि सर्वोच्च अदालत तथा कारागार व्यवस्थापन विभागमा पठाउने गरिएको छ। यस आर्थिक वर्ष २०७७/०७८ मा उच्च अदालतबाट मातहत अदालत तथा निकायको निरीक्षणसम्बन्धी विस्तृत विवरण परिशिष्ट-४९ मा उल्लेख गरिएको छ।

आन्तरिक निरीक्षणतर्फ यस आर्थिक वर्षमा उच्च अदालतहरूमा रहेका मुद्दा तथा रिटतर्फको जम्मा लगत ४२८२३ मिसिलहरूमध्ये २८८८६ मिसिलहरू एकपटक, ४२२३ मिसिलहरू दुईपटक निरीक्षण भएका थिए। मुद्दाको आन्तरिक निरीक्षणसम्बन्धी विस्तृत विवरण परिशिष्ट-४८ मा उल्लेख गरिएको छ।

४.७ अभिलेख मिसिल विवरण

उच्च अदालतहरूमा यस आर्थिक वर्षमा जम्मा अभिलेखमा रहेका मिसिल संख्या ५२०९८५ रहेको छ। अभिलेख व्यवस्थापनसम्बन्धी विस्तृत विवरण परिशिष्ट ५२ मा उल्लेख गरिएको छ।

४.८ १८ महिना नाघेका मुद्दा र रिट शून्य रहेका तथा फछ्र्यौट प्रतिशतको आधारमा घट्दोक्रमानुसार उच्च अदालतहरूको विवरण

यस आर्थिक वर्ष २०७७/०७८ मा २ वटा उच्च अदालतका इजलासहरूले पुराना मुद्दा फछ्र्यौट गर्ने सन्दर्भमा उल्लेख्य प्रगति गरेका छन्। १८ महिना नाघेका मुद्दाहरू शून्य बनाउने तथा उच्च अदालतहरूको जम्मा लगतमा फछ्र्यौट प्रतिशतको आधारमा घट्दोक्रमानुसारको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

क. १८ महिना नाघेका मुद्दा तथा निवेदनहरूको सङ्ख्या ० (शून्य) रहेका उच्च अदालतहरू

सि.नं	अदालतको नाम
१	उच्च अदालत विराटनगर धनकुटा इजलास
२	उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगा

ख. उच्च अदालतहरूको जम्मा लगतमा फछ्र्यौट प्रतिशतको आधारमा घट्दोक्रमानुसारको विवरण

क्र.स	अदालत	लगत	फछ्र्यौट	फछ्र्यौट %	बाँकी
१	उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गा	४९०	४१५	८४.७	७५
२	उच्च अदालत तुलसीपुर	७८३	५२०	६६.४	२६३
३	उच्च अदालत सुर्खेत	७३३	४६८	६३.८	२६५
४	उच्च अदालत विराटनगर	३६६१	२१०८	५७.६	१५५३
५	उच्च अदालत पाटन हेटौडा इजलास	१४४५	८२६	५७.२	६१९
६	उच्च अदालत विराटनगर इलाम इजलास	१८३५	१०३५	५६.४	८००
७	उच्च अदालत दिपायल	१०१५	५६६	५५.८	४४९
८	उच्च अदालत दिपायल महेन्द्रनगर इजलास	५९५	३३१	५५.६	२६४
९	उच्च अदालत पोखरा	१९७६	१०४६	५२.९	९३०
१०	उच्च अदालत पोखरा बाग्लुङ इजलास	३५२	१७७	५०.३	१७५
११	उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास	१६७९	८४०	५०.०	८३९
१२	उच्च अदालत सुर्खेत जुम्ला इजलास	२३०	११५	५०.०	११५
१३	उच्च अदालत तुलसीपुर बुटवल इजलास	२५७८	१२८५	४९.८	१२९३
१४	उच्च अदालत विराटनगर धनकुटा इजलास	३१४	१५२	४८.४	१६२

१५	उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्ज	४२५४	१९५१	४५.९	२३०३
१६	उच्च अदालत पाटन	१४००७	६३६६	४५.४	७६४१
१७	उच्च अदालत जनकपुर राजविराज इजलास	३१९४	१४००	४३.८	१७९४
१८	उच्च अदालत जनकपुर	३६८२	१२१६	३३.०	२४६६

४.९ उच्च अदालतहरूको भवनको स्थिति र वित्तीय विवरण

(क) भवनको स्थिति

नेपालका सबै उच्च अदालत तथा इजलासहरूको आफ्नै भवन रहेको छ। आफ्नै भवन रहेका कतिपय उच्च अदालतहरूको भवन अपर्याप्त रहेको छ। उच्च अदालतहरूको भवनसम्बन्धी विस्तृत विवरण परिशिष्ट-५० मा उल्लेख गरिएको छ। साथै उच्च अदालतहरूमा रहेका सवारी साधन, सञ्चार र कम्प्युटरसमेतको विवरण परिशिष्ट ५१ मा उल्लेख गरिएको छ।

(ख) वित्तीय विवरण

उच्च अदालतहरूको लागि यस आर्थिक वर्ष चालुतर्फ रू. १०९१३१७०००.०० तथा पुँजीगततर्फ रू २४८२३९०००.०० गरी जम्मा रू. १३३९५५६०००.०० विनियोजन भएकामा चालुतर्फ रू ९६२३८९८६२.०० र पुँजीगततर्फ रू. १०११०५०२७.०० गरी जम्मा रू. १०६३४९४८८९.०० खर्च भएको देखिन्छ। सोसम्बन्धी विवरण परिशिष्ट ४५ मा प्रस्तुत गरिएको छ।

(ग) धरौटी र राजस्वको विवरण

उच्च अदालतमा आर्थिक वर्ष २०७७।०७८ सम्म धरौटी रू. १२४३०४३८०३.७४ र राजस्व रू. ४४३५४७२०३.२६ कायम भएको देखिन्छ। सोसम्बन्धी विवरण क्रमश: परिशिष्ट ४६ र ४७ मा उल्लेख गरिएको छ।

परिच्छेद - पाँच
जिल्ला अदालतसम्बन्धी व्यवस्था

५.१ जिल्ला अदालतको गठन

नेपालको संविधानको धारा १४८ बमोजिम प्रत्येक जिल्लामा एक जिल्ला अदालत रहने व्यवस्था रहेको छ। प्रदेश कानूनबमोजिम स्थापित स्थानीय स्तरका न्यायिक निकाय जिल्ला अदालतको मातहत रहने र जिल्ला अदालतले आफ्नो मातहतका न्यायिक निकायहरूको निरीक्षण एवम् सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्ने संवैधानिक व्यवस्था रहेको छ। संविधानबमोजिम प्रत्येक जिल्लामा एक/एक गरी ७७ जिल्ला अदालतहरूको स्थापना गरिएको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ३ को उपदफा २ ले जिल्ला अदालत जिल्लाको सदरमुकाममा रहने व्यवस्था गरेको छ। हाल सङ्खुवासभा जिल्लामा सदरमुकाम भन्दा बाहिरको स्थान चैनपुरमा जिल्ला अदालतको मुकाम तोकिएको छ। सोबाहेक अन्यत्र सबै जिल्लाको सदरमुकाममा नै जिल्ला अदालतहरू रहेका छन्। कम मुद्दा भएका जिल्ला अदालतमा एक जना मात्र जिल्ला न्यायाधीश र मुद्दाको चाप बढी भएका जिल्ला अदालतहरूमा आवश्यक सङ्ख्यामा थप जिल्ला न्यायाधीशहरूसमेत रहेका छन्।

५.२ न्यायाधीशको नियुक्ति

नेपालको संविधानको धारा १४९ को उपधारा (१) ले जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशबाट हुने व्यवस्था गरेको छ। यस आर्थिक वर्षमा जिल्ला अदालतमा कार्यरत माननीय न्यायाधीशद्वारा सम्पादित कार्य विवरण परिशिष्ट ५४ र ५५ मा उल्लेख गरिएको छ।

५.३ इजलासको गठन

जिल्ला अदालतमा एक न्यायाधीशको इजलासबाट मुद्दाको सुनुवाइ गरिन्छ। एक न्यायाधीश रहेको अदालतमा एक इजलास र थप जिल्ला न्यायाधीश भएका अदालतहरूमा एकभन्दा बढी इजलासको गठन गरिन्छ। जिल्ला अदालत नियमावली, २०७५ को नियम ४१ बमोजिम एकभन्दा बढी न्यायाधीश भएको अदालतमा मुद्दा दर्ता भएपछि कुन न्यायाधीशको इजलासले कुन मुद्दा हेर्ने भनी मुद्दा सङ्ख्याको अनुपात मिलाई गोलाप्रथाबाट मुद्दा तोक्ने र यसरी तोकिएपछि सो मुद्दाको बाँकी काम कारबाही र किनारा सोही न्यायाधीशको इजलासले गर्ने व्यवस्था छ।

५.४ जनशक्ति

जिल्ला अदालतहरूमा २७२ जना जिल्ला न्यायाधीशको दरबन्दी रहेको छ। प्रतिवेदन वर्षमा पुरूष २३५ र महिला ११ गरी जम्मा २४६ जना जिल्ला न्यायाधीश कार्यरत रहनुभएको थियो। जिल्ला अदालतहरूमा कर्मचारीतर्फ सबै तह र दर्जाका गरी जम्मा ३९७६ दरबन्दी रहेकामा करारमा समेत गरी ३१३७ जना कार्यरत रहेको देखिन्छ। जिल्ला अदालतमा रहेका जनशक्तिको विस्तृत विवरण परिशिष्ट-७४ मा उल्लेख गरिएको छ।

५.५ जिल्ला अदालतको अधिकार क्षेत्र

संविधानको धारा १५१ ले जिल्ला अदालतलाई सङ्घीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकारक्षेत्रभित्रका सम्पूर्ण मुद्दाको सुरू कारबाही र किनारा गर्ने, बन्दी प्रत्यक्षीकरण तथा निषेधाज्ञालगायत कानूनबमोजिमका निवेदन हेर्ने, अर्धन्यायिक निकाय एवम् प्रदेश कानूनबमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णयउपर पुनरावेदन सुन्ने तथा आफू र आफ्नो मातहतका अदालतहरूको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा तथा आदेश वा फैसलाको अवज्ञा गरेमा सङ्घीय कानूनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने अधिकार हुने संवैधानिक व्यवस्था रहेको छ।

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ मा जिल्ला अदालतको अधिकारक्षेत्र देहायबमोजिम हुने व्यवस्था रहेको छ।

- प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्रको जुनसुकै प्रकृतिका मुद्दा र संविधानको धारा १४५ को उपधारा (२) बमोजिम उच्च अदालतले सुनुवाइ गर्न आदेश दिएको मुद्दामा सुरू कारबाही र किनारा गर्ने,
- जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्र कसैले कुनै व्यक्तिलाई गैरकानूनी रूपले थुनामा राखेमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने,
- जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्र कुनै व्यक्ति वा निकायले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा वा आघात पुऱ्याउने आशङ्का भएमा त्यस्तो हकको प्रचलनको लागि निषेधाज्ञाको आदेश जारी गर्ने,

- प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्र सङ्घीय कानूनबमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेशउपर र प्रदेश कानूनबमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने आदि।

यसको अतिरिक्त जिल्ला अदालतले आफ्नो तथा माथिल्लो अदालतको फैसला कार्यान्वयन गर्ने कार्यसमेत गर्दै आएको छ।

५.५.१ सुरू मुद्दा हेर्ने

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ (१) र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १८ र १९ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम जिल्ला अदालतलाई सङ्घीय कानूनमा अन्यथा व्यवस्था भएको बाहेक आफ्नो जिल्लाभित्रको जुनसुकै प्रकृतिको मुद्दामा सुरू कारबाही र किनारा गर्ने अधिकार रहेको छ। जिल्ला अदालतलाई आफू र आफ्नो मातहतको अदालतहरूको अवहेलनामा सङ्घीय कानूनबमोजिम कारबाही र किनारासमेत गर्न सक्ने व्यवस्था रहेको छ। जिल्ला अदालतहरूले सुरू अधिकारक्षेत्रअन्तर्गत सुनुवाइ गरेका मुद्दाहरूको विवरण परिशिष्ट-५६ मा उल्लेख गरिएको छ।

५.५.२ पुनरावेदन सुन्ने

नेपालको न्याय प्रणालीमा एक तह पुनरावेदन गर्न पाउने पुनरावेदनको सिद्धान्तलाई पक्षको अधिकारको रूपमा स्वीकार गरिएको छ। नेपालको संविधानको धारा १५१(१) र न्याय प्रशासन ऐन, २०७३ को दफा ७(४) बमोजिम प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सङ्घीय कानूनबमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश र प्रदेश कानूनबमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेका निर्णय वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने निकायको रूपमा जिल्ला अदालत रहेको छ। यस आर्थिक वर्ष जिल्ला अदालतहरूमा परेका पुनरावेदनसम्बन्धी मुद्दाहरूको विवरण परिशिष्ट-५६ मा उल्लेख गरिएको छ।

५.५.३ रिट निवेदनहरू सुन्ने

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ (२) र (३) अनुसार जिल्ला अदालतलाई आफ्नो अधिकारक्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिलाई गैरकानूनी रूपले थुनामा राखेमा वा कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकताअनुसार बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन हेर्ने अधिकार रहेको छ। यस आर्थिक वर्ष जिल्ला अदालतले रिट क्षेत्राधिकारअन्तर्गत सुनुवाइ गरेका निवेदनहरूको विवरण परिशिष्ट-५९ मा उल्लेख गरिएको छ।

५.५.४ मुद्दा र रिट निवेदनहरूको (निवेदन प्रतिवेदन फुटकर निवेदन र विशेष प्रकृतिका निवेदनबाहेक) लगत फछ्र्यौट विवरण

मुद्दातर्फ

जिल्ला अदालतमा मुद्दातर्फ यस आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ७५१७७ र नयाँ दर्ता ८८८२४ गरी जम्मा कूल लगत १६४००१ रहेकोमा ७४११४ अर्थात् ४५.१९ प्रतिशत फछ्र्यौट भई ८९८८७ बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्ष २०७६।७७ मा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ६३६९२ र नयाँ दर्ता ७२९८७ गरी जम्मा कूल लगत १३६६७९ रहेकोमा ६१५०२ अर्थात् ४५ प्रतिशत फछ्र्यौट भई ७५१७७ बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/७६ मा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ५६५७२ र नयाँ दर्ता ९९४११ गरी जम्मा कूल लगत १५५९८३ रहेकोमा ९२२९१ फछ्र्यौट भई ६३६९२ बाँकी रहेको थियो। आर्थिक वर्ष २०७६/०७७ को तुलनामा यस आर्थिक वर्षमा मुद्दाहरूको फछ्र्यौट अनुपात २०.५५ प्रतिशतले बढेको देखिन्छ।

बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञा निवेदनतर्फ

जिल्ला अदालतमा रहेका बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनको स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ६४० र नयाँ दर्ता ९९५ गरी जम्मा कूल लगत १६३५ रहेकोमा ७३५ अर्थात् ४४.९५ प्रतिशत फछ्र्यौट भई ९०० बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्ष २०७६/७७ मा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ६९४ र नयाँ दर्ता ७९६ गरी जम्मा कूल लगत १४९० रहेकोमा ८५० अर्थात् ५७.०५ प्रतिशत फछ्र्यौट भई ६४० बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ७४४ र नयाँ दर्ता १४७८ गरी जम्मा कूल लगत २२२२ रहेकोमा १५२८ फछ्र्यौट भई ६९४ बाँकी रहेको थियो। आर्थिक वर्ष २०७६/०७७ को तुलनामा यस आर्थिक वर्षमा रिट निवेदनको फछ्र्यौट अनुपात १३.५३ प्रतिशतले घटेको छ।

मुद्दा र रिट दुवैतर्फ

मुद्दा, बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन लगतलाई हेर्दा यस आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका

७५८१७ र नयाँ दर्ता ८९८१९ गरी जम्मा कूल लगत १६५६३६ रहेकोमा ७४८४९ अर्थात् ४५.१९ प्रतिशत फछ्र्यौट भई ९०७८७ बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्ष २०७६/७७ मा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ६४३८६ र नयाँ दर्ता ७३७८३ गरी जम्मा कूल लगत १३८१६९ रहेकोमा ६२३५२ अर्थात् ४५.१३ प्रतिशत फछ्र्यौट भई ७५८१७ बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ५७३१६ र नयाँ दर्ता १००८८९ गरी जम्मा कूल लगत १५८२०५ रहेकोमा ९३८१९ फछ्र्यौट भई ६४३८६ बाँकी रहेको थियो। आर्थिक वर्ष २०७६/०७७ को तुलनामा यस आर्थिक वर्षमा मुद्दा र रिट निवेदनको फछ्र्यौट अनुपात २०.०४ प्रतिशतले बढेको छ। यस आर्थिक वर्षको अन्त्यमा जिल्ला अदालतहरूमा बाँकी रहेका मुद्दाहरूको सालबसाली विवरण परिशिष्ट ६२ मा उल्लेख गरिएको छ।

यस आर्थिक वर्षमा मुद्दा, बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनको समग्र बाँकी ९०७८७ मध्ये १८ महिनाभित्रका ६७३३९, १८ महिनादेखि २ वर्षभित्रका ११९५९ र २ वर्ष नाघेका ११४८९ बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्ष २०७६।७७ मा मुद्दा, बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनको समग्र बाँकी ७५८१७ मध्ये १८ महिनाभित्रका ६२४९७, १८ महिनादेखि २ वर्षभित्रका ७१०८ र २ वर्ष नाघेका ६२१२ बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा मुद्दा, बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनको समग्र बाँकी ६४३८६ मध्ये १८ महिनाभित्रका ५८००६, १८ महिनादेखि २ वर्षभित्रका ३१९८ र २ वर्ष नाघेका ३१८२ बाँकी रहेको थियो। आर्थिक वर्ष २०७६/०७७ को तुलनामा यस आर्थिक वर्षमा २ वर्ष नाघेका बाँकी रहेका मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन ५२७७ अर्थात् ८४.९५ प्रतिशतले बढी रहेको छ। सोको विवरण परिशिष्ट-५६ मा उल्लेख गरिएको छ। यस आर्थिक वर्ष २०७७।०७८ मा जिल्ला अदालतमा दायर भएका मुद्दाहरू मध्ये देवानी र फौजदारी प्रकृति र कार्यविधिगत आधारमा वर्गीकरण गरिएका मुद्दाहरूको विवरण क्रमश: परिशिष्ट ५८ र ६० मा उल्लेख गरिएको छ।

५.५.५ निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिका निवेदनतर्फ

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ एवम् मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसार आफ्नो मातहतका अड्डा अदालतमा परेका मुद्दाको काम कारबाहीमा म्याद नाघेको वा बेरित भएको छ भन्ने कुराको निवेदन र सोको प्रतिवेदन तथा फुटकर निवेदनसमेत जिल्ला अदालतबाट हेरिने व्यवस्था छ। यस वर्ष जिल्ला अदालतहरूमा विशेष प्रकृतिका निवेदन, निवेदन, प्रतिवेदन र फुटकर निवेदनको जम्मा लगत ३५०४५ हुन आएकोमा सोमध्ये ३४६४६ अर्थात् ९८.८६ प्रतिशत फछ्र्यौट भई ३९९ बाँकी रहेका छन्। गत आर्थिक वर्ष २०७६।७७ जम्मा लगत ८४५७० हुन आएकोमा सोमध्ये ८४३६६ अर्थात् ९९.७६ प्रतिशत फछ्र्यौट भई २०४ बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा विशेष प्रकृतिका निवेदन, निवेदन, प्रतिवेदन र फुटकर निवेदनको जम्मा लगत ११४५०६ हुन आएकोमा सोमध्ये ११४१८७ अर्थात् ९९.७२ प्रतिशत फछ्र्यौट भई ३१९ बाँकी रहेको थियो। यस आर्थिक वर्ष जिल्ला अदालतमा परेका निवेदन, प्रतिवेदन र फुटकर निवेदनहरूको जम्मा लगत फछ्र्यौट र बाँकीको विस्तृत विवरण परिशिष्ट-५७(क) र ५७(ख) मा उल्लेख गरिएको छ।

यस आर्थिक वर्ष जिल्ला अदालतमा दर्ता भएका जम्मा मुद्दा, रिट, निवेदन, प्रतिवेदन, विशेष प्रकृतिका निवेदन र फुटकर निवेदनसमेतको लगत देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. २१

जिल्ला अदालतमा मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको कायम भएको लगतको विवरण

सुरू मुद्दा	पुनरावेदन	बन्दीप्रत्यक्षीकरण / निषेधाज्ञाको निवेदन	निवेदन	प्रतिवेदन	फुटकर निवेदन	विशेष प्रकृतिका निवेदन	जम्मा
१६२६५२	१३४९	१६३५	३६०७	८९३	२३०४८	७४९७	२००६८१

यस आर्थिक वर्ष जिल्ला अदालतमा मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदन र विशेष प्रकृतिका निवेदनसमेतको जम्मा लगतको विवरण देहायको वृत्त चित्रमा उल्लेख गरिएको छ।

वृत्त चित्र नं. ७

जिल्ला अदालतमा परेको मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन, अन्य निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको जम्मा लगत विवरणको वृत्त चित्र



तालिका नं. २२

जिल्ला अदालतहरूमा कायम भएको समग्र लगत, फछ्र्यौट र कार्यबोझको प्रदेशगत विवरणः

क्र.सं.	प्रदेशको नाम	मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन				प्रदेशगत कार्यबोझ प्रतिशत	कुल फछ्र्यौटको प्रदेशगत फछ्र्यौट %
		लगत	फछ्र्यौट	प्रतिशत	बाँकी		
१	एक नम्बर प्रदेश	३२३१०	१८९५४	५८.६६	१३३५६	१६.१०	१७.३१
२	मधेश प्रदेश	५६३५२	२६६३४	४७.२६	२९७१८	२८.०८	२४.३२
३	बागमती प्रदेश	५५५७१	३०४५७	५४.८१	२५११४	२७.६९	२७.८२
४	गण्डकी प्रदेश	१४७४२	८८६३	६०.१२	५८७९	७.३५	८.०९
५	लुम्बिनी प्रदेश	३०००६	१६९६६	५६.५४	१३०४०	१४.९५	१५.४९
६	कर्णाली प्रदेश	५४३०	३४६१	६३.७४	१९६९	२.७१	३.१६
७	सुदूर पश्चिम प्रदेश	६२७०	४१६०	६६.३५	२११०	३.१२	३.८०
कूल जम्मा		२००६८१	१०९४९५	५४.५६	९११८६	१००	१००

आर्थिक वर्ष २०७७/०७८ मा जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको वार्षिक लगत र फछ्र्यौटको प्रदेशगत बिश्लेषण गर्दा सबैभन्दा बढी लगत मधेश मा ५६३५२ थान अर्थात् २८.०८% र सबैभन्दा कम लगत कर्णाली प्रदेशमा ५४३० थान अर्थात् २.७१% रहेको देखिन्छ। मधेश प्रदेश बाहेक अन्य ६ वटा प्रदेशमा कार्यबोझका आधारमा फछ्र्यौटको प्रतिशत बढी देखिन्छ। मधेश प्रदेश मा कूल कार्यबोझ २८.०८ प्रतिशत रहेकोमा कूल फछ्र्यौट २४.३२ प्रतिशत रहेको देखिन्छ। प्रदेशगत फछ्र्यौटको अवस्था हेर्दा सुदूरपश्चिम

प्रदेशमा सबैभन्दा बढी प्रतिशत अर्थात् ६६.३५ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा कम मधेश प्रदेश २ मा ४७.२६ प्रतिशत रहेको देखिन्छ। जिल्ला अदालतहरूको समग्र लगत, फछ्र्यौट तथा कार्यबोझको प्रदेशगत विवरणलाई तालिका नं. २२ मा उल्लेख गरिएको छ। जिल्ला अदालतहरूमा कायम हुन आएको कूल वार्षिक लगत, फछ्र्यौट र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका प्रदेशगत विवरणलाई देहाय बमोजिमको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

स्तम्भ चित्र नं. १२

जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



वृत्त चित्र नं. ८

जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको प्रदेशगत कार्यबोझ (%) को वृत्तचित्र



तालिका नं. २३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार वर्गीकृत जिल्ला अनुसारको कार्यबोझ र कार्यसम्पादनको विवरण

क्र.सं.	जिल्ला अदालतहरू	जम्मा				कार्यबोझ प्रतिशत	जम्मा फछ्र्यौटमा अदालतगत फछ्र्यौट %
		लगत	फछ्र्यौट	फछ्र्यौट %	बाँकी		
१	तराई	१०७५९२	५५२६१	५१.४	५२३३१	५३.६१	५०.४७
२	भित्री मधेश	१८६७३	११४५०	६१.३	७२२३	९.३०	१०.४६
३	पहाड	२५९२५	१६४५७	६३.५	९४६८	१२.९२	१५.०३
४	उपत्यका	३८३७६	१९७०६	५१.३	१८६७०	१९.१२	१८.००
५	हिमाल	१०११५	६६२१	६५.५	३४९४	५.०४	६.०५
कुल जम्मा		**२००६८१**	१०९४९५	५४.६	९११८६	१००.००	१००.००

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार वर्गीकृत जिल्ला अनुसारको कार्यबोझ र कार्यसम्पादनको विवरण विश्लेषण गर्दा सबैभन्दा बढी लगत तराईका जिल्ला अदालतहरूमा १०७५९२ थान अर्थात् ५३.६१ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा कम हिमाली जिल्ला अदालतहरूमा १०११५ थान अर्थात् ५.०४ प्रतिशत रहेको देखिन्छ। सम्बन्धित अदालतको लगतको तुलनामा सबैभन्दा बढी फछ्र्यौट हिमाली जिल्ला अदालतहरूमा ६५.५ प्रतिशत र सबैभन्दा कम उपत्यकाका जिल्ला अदालतहरूमा ५१.३ प्रतिशत भएको देखिन्छ। त्यसै गरी कूल मुद्दाहरूको वार्षिक फछ्र्यौटको संख्यात्मक स्थिति हेर्दा सबैभन्दा बढी तराईका जिल्ला अदालतहरूमा ५५२६१ थान अर्थात् ५०.४७ प्रतिशत र सबैभन्दा कम हिमाली जिल्ला अदालतहरूमा ६६२१ थान अर्थात् ६.०५ प्रतिशत रहेको छ। जिल्ला अदालतहरूको समग्र लगत, फछ्र्यौट तथा कार्यबोझको वर्गीकृत जिल्ला अनुसारको विवरणलाई तालिका नं २३ मा उल्लेख गरिएको छ।

जिल्ला अदालतहरूमा कायम हुन आएको कूल वार्षिक लगत, फछ्र्यौट र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका वर्गीकृत विवरणलाई देहायबमोजिमको स्तम्भ चित्र १४ मा प्रस्तुत गरिएको छ।

स्तम्भ चित्र नं. १३

जिल्ला अदालतहरूमा कायम हुन आएको कूल वार्षिक लगत, फछ्र्यौट र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका वर्गीकृत विवरण



वृत्त चित्र नं. ९

जिल्ला अदालतहरूमा कायम हुन आएको कूल मुद्दाहरूको वर्गीकृत जिल्ला अनुसारको कार्यबोझ (%) को वृत्तचित्र



५.५.६ मुद्दाको विषयगत वर्गिकृत विवरण

यस आर्थिक वर्षमा जिल्ला अदालतमा दर्ता भएको जम्मा मुद्दाको विषयगत वर्गीकरण गरी सोको लगत फछ्र्यौट र बाँकीको विवरण परिशिष्ट-६१ मा उल्लेख गरिएको छ।

५.५.७ फरक मुद्दा व्यवस्थापन (DCM) सम्बन्धी तथ्यांकको वर्गिकृत विवरण

आर्थिक वर्ष २०७७/०७८ मा जिल्ला अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति अन्तर्गत सरल मार्ग समूहमा ४५२३० थान, सामान्य मार्ग समूहमा ३८८२५ थान र विशेष मार्ग समूहमा ५७६४ थान गरी जम्मा८९,८१९ थान मुद्दा दर्ता भएकोमा सरल मार्ग समूहमा २६२१८, सामान्य मार्ग समूहमा ५३४० थान र विशेष मार्ग समूहमा ३७१ गरी ३१,९२९ थान अर्थात् ३५.५५ प्रतिशत मुद्दा फछ्र्यौट भई सरल मार्ग समूहमा १९०१२ थान, सामान्य मार्ग समूहमा ३३४८५ थान र विशेष मार्ग समूहमा ५३९३ थान गरी जम्मा ५७,८९० थान अर्थात् ६४.४५ प्रतिशत मुद्दा बाँकी रहेको देखिन्छ।

सरल मार्ग समूहमा फछ्र्यौट भएका मध्ये २३४५० थान अर्थात् ८९.४४ प्रतिशत मुद्दा निर्धारित अवधिभित्र र २७६८ थान अर्थात् १०.५६ प्रतिशत निर्धारित अवधि नाघेर फछ्र्यौट भएको देखिन्छ। फरक मुद्दा व्यवस्थापन पद्धति आर्थिक वर्ष २०७७/०७८ देखि लागु भएको हुँदा सामान्य मार्ग समूह र विशेष मार्ग समूहमा फछ्र्यौट भएका सबै मुद्दाहरू निर्धारित अवधिभित्रै फछ्र्यौट भएको देखिन्छ। यसैगरी आर्थिक वर्ष २०७७/०७८ मा फरक मुद्दा व्यवस्थापन पद्धति अन्तर्गत दर्ता भई आर्थिक वर्षको अन्त्यमा सरल मार्ग समूह अन्तर्गत बाँकी रहेका १९,०१२ थान मुद्दामध्ये १५,०९० थान अर्थात् ७९.३७ प्रतिशत निर्धारित अवधिभित्रको र ३९२२ थान अर्थात् २०.६३ प्रतिशत मुद्दाहरू निर्धारित अवधि नाघेको देखिन्छ। सामान्य मार्ग समूहमा बाँकी रहेका ३३,४८५ थान र विशेष मार्ग समूहमा बाँकी रहेका ५३९३ थान मुद्दाहरू सम्बन्धित मार्ग समूहका लागि निर्धारित अवधिभित्रै रहेको देखिन्छ।

स्तम्भ चित्र नं. १४

जिल्ला अदालतहरूमा फरक मुद्दा व्यवस्थापन अन्तर्गत मार्ग समूह अनुसार मुद्दाको लगत र फछ्र्यौटको स्तम्भ चित्र



यस आर्थिक वर्ष २०७७/०७८ मा जिल्ला अदालतहरूमा फरक मुद्दा व्यवस्थापन अन्तर्गत जम्मा लगतको विवरणलाई देहायको वृत्त चित्रमा प्रस्तुत गरिएको छ।

वृत्त चित्र नं. १०

जिल्ला अदालतहरूमा फरक मुद्दा व्यवस्थापन अन्तर्गत मार्ग समूह अनुसार मुद्दाको लगतको वृत्त चित्र



५.५.८ थुनुवा मुद्दाको विवरण

यस आर्थिक वर्षमा थुनुवा मुद्दाको जम्मा लगत १२०५० भएकोमा ५२६४ फछ्र्यौट भई ६७८६ मुद्दा बाँकी रहेको देखिन्छ। थुनुवा मुद्दाहरूको विस्तृत विवरण परिशिष्ट ६३ मा उल्लेख गरिएको छ।

५.५.९ मुलतबी मुद्दाको विवरण

यस आर्थिक वर्षमा जिल्ला अदालतहरूमा जम्मा ७८४१ मुद्दा मुलतबी रहेकोमा ८५७ मुद्दा मुलतबीबाट जगाई कारबाही भएको

छ भने ६९८४ थान मुद्दा मुलतबी रहेका छन्। जिल्ला अदालतहरूमा मुलतबीमा रहेका मुद्दाहरूको विस्तृत विवरण परिशिष्ट ६४ मा उल्लेख गरिएको छ।

५.६ अभिलेखको विवरण

यस आर्थिक वर्षको अन्त्यसम्ममा जिल्ला अदालतहरूको अभिलेखमा २८९८८७० मिसिल रहेको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट ७३ मा उल्लेख गरिएको छ।

५.७ फैसला कार्यान्वयन

जिल्ला अदालत मुद्दाको कारबाही गर्ने मात्र नभएर विभिन्न तहका अदालतबाट भएका फैसलाको कार्यान्वयन गर्ने निकाय पनि हो। सबै जिल्ला अदालतमा रहेको फैसला कार्यान्वयन सम्बन्धी विवरण देहायअनुसार रहेको छ:

अ. जरिवाना असुली

यस आर्थिक वर्ष सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनु पर्ने जरिवानाको कूल लगत रू.१८२२३३०४९८९।३४ (अक्षरेपी अठार अरब बाईस करोड तेत्तिस लाख चार हजार नौ सय उनान्नब्बे रूपैयाँ चौतिस पैसा) रहेकोमा सोमध्ये रू.१९११५९१४६२।३९ (अक्षरेपी एक अरब एकान्नब्बे करोड पन्ध्र लाख एकानब्बे हजार चार सय बैसट्ठी रूपैयाँ उनन्चालिस पैसा) (१०.४९ प्रतिशत) असुल भई रू.१६३११७१३५२६।९५ (सोह्र अरब एकतिस करोड सत्र लाख तेह्र हजार पाँच सय छब्बिस रूपैयाँ पन्चान्नब्बे पैसा) असुल हुन बाँकी रहेको देखिन्छ।

गत आर्थिक वर्ष २०७६।७७ मा सबै जिल्ला अदालतहरूले असुल गर्नुपर्ने जरिवानाको कूल लगत रू.१६९९१९३२९९७।२६ (अक्षरेपी सोह्र अरब उनान्सय करोड उन्नाइस लाख बत्तिस हजार नौ सय सन्तानब्बे रूपैयाँ छब्बिस पैसा) रहेकामा सोमध्ये रू.२५१४६३६०९४।३८ (अक्षरेपी दुई अरब एकाउन्न करोड छयालिस लाख छत्तिस हजार चौरानब्बे रूपैयाँ अठ्तिस पैसा) अर्थात् १४.८० प्रतिशत असुल भई रू.१४४७७२९६९०२।८८ (चौध अरब सत्चालिस करोड बहत्तर लाख छयानब्बे हजार नौ सय दुई रूपैयाँ अठासी पैसा) असुल हुन बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा सबै जिल्ला अदालतहरूले असुल गर्नुपर्ने जरिवानाको कूल लगत रू.१५८२४९३८८१६.८२ (पन्ध्र अरब बयासी करोड उन्पचास लाख अठ्तिस हजार आठ सय सोह्र रूपैयाँ बयासी पैसा) रहेकामा सोमध्ये रू.३९२१५६३८४३.०२ (अक्षरेपी तीन अरब बयानब्बे करोड पन्ध्र लाख त्रिसट्ठी हजार आठ सय त्रिचालिस रूपैयाँ दुई पैसा) अर्थात् २४.७८ प्रतिशत असुल भई रू.११९०३३७४९७३.८० (एघार अरब नब्बे करोड तेत्तिस लाख चौहत्तर हजार नौ सय त्रिहत्तर रूपैयाँ असी पैसा) असुल हुन बाँकी रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को फछ्र्यौटको तुलनामा यस आर्थिक वर्षमा संख्यात्मक रूपले रू ६०३०४४६३१।९९ र प्रतिशतका हिसाबले २३.९८ प्रतिशत कम जरिवाना असुल भएको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-६५(क) मा उल्लेख गरिएको छ।

आ. कैद असुली

यस आर्थिक वर्ष फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट असुल हुनुपर्ने कैदको कूल लगत १४९८६५ वर्ष १० महिना २२ दिन (एक लाख उनन्पचास हजार आठ सय पैसट्ठी वर्ष दश महिना बाइस दिन) रहेकोमा सोमध्ये ४३८६३ वर्ष ४ महिना २७ दिन (त्रिचालिस हजार आठ सय त्रिसट्ठी वर्ष चार महिना सत्ताईस दिन) अर्थात् २९.२७ प्रतिशत कैद असुल भई १०६००२ वर्ष ५ महिना २५ दिन (एक लाख छ हजार दुई वर्ष पाँच महिना पच्चिस दिन) कैद असुल हुन बाँकी रहेको देखिन्छ।

गत आर्थिक वर्ष २०७६।७७ मा फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूले असुल गर्नुपर्ने कैदको कूल लगत १४४६०६।०।१२ (एक लाख चौवालिस हजार छ सय छ वर्ष बाह्र दिन) रहेकामा सोमध्ये ३८४०१।७।११ (अठतिस हजार चार सय एक वर्ष सात महिना एघार दिन) अर्थात् २६.५५ प्रतिशत कैद असुल भई १०६२०४।५।१ (एक लाख छ हजार दुई सय चार वर्ष पाँच महिना एक दिन) कैद असुल हुन बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०७५।७६ मा फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूले असुल गर्नुपर्ने कैदको कूल लगत १५६११२।१।१० (एक लाख छपन्न हजार एक सय बाह्र वर्ष एक महिना दश दिन) रहेकामा सोमध्ये ५२२७५।१०।०६ (बाउन्न हजार दुई सय पचहत्तर वर्ष दश महिना छ दिन) अर्थात् ३३.४९ प्रतिशत कैद असुल भई १०३८३६।३।०४ (एक लाख तीन हजार आठ सय छत्तीस वर्ष तीन महिना चार दिन) कैद असुल हुन बाँकी रहेको थियो। गत आर्थिक वर्षको तुलनामा प्रतिवेदन वर्षमा संख्यात्मक रूपले ५४६१।०९।०६ र प्रतिशतको हिसाबले १४.२२ प्रतिशत कैद असुल कम हुन आएको देखिन्छ। यससम्बन्धी विवरण परिशिष्ट-६५(ख) मा उल्लेख गरिएको छ। यस आर्थिक वर्षमा मा फैसला कार्यान्वयनका लागि परेका निवदेनहरूमध्ये बिगो भराउने निवेदनहरू १९२६२ रहेकामा ६६९० अर्थात् ३४.७३ प्रतिशत फछ्र्यौट भई १२५७२ बाँकी रहेको थियो। चलन चलाउने निवेदनहरू ३७८५ रहेकामा १०९७ अर्थात् २८.९८ प्रतिशत

फछ्र्यौट भई २६८८ बाँकी रहेका छन्। अंशबन्डा छुट्याउने निवेदनहरू ७७१४ रहेकोमा ३४७७ अर्थात् ४५.०७ प्रतिशत फछ्र्यौट भई ४२३७ बाँकी रहेका थिए। क्षतिपुर्ति भराउने निवेदनहरू ३७१ रहेकोमा २५३ अर्थात् ६८.१९ प्रतिशत फछ्र्यौट भई ११८ बाँकी रहेका छन्। खर्च भराउने निवेदनहरू १४१९ रहेकोमा ६८२ अर्थात् ४८.०६ प्रतिशत फछ्र्यौट भई ७३७ बाँकी रहेका छन्। अन्य निवेदनहरू १३३८ रहेकोमा ६५८ अर्थात् ४९.१८ प्रतिशत फछ्र्यौट भई ६८० बाँकी रहेका छन्।

गत आर्थिक वर्षमा २०७६।७७ मा फैसला कार्यान्वयनका लागि परेका निवदेनहरूमध्ये बिगो भराउने निवेदनहरू १५९२९ रहेकामा ५७५० अर्थात् ३६.०९ प्रतिशत फछ्र्यौट भई १०१७९ बाँकी रहेको थियो। चलन चलाउने निवेदनहरू ३३६१ रहेकामा ९२४ अर्थात् २७.४९ प्रतिशत फछ्र्यौट भई २४३७ बाँकी रहेका थिए। अंशबन्डा छुट्याउने निवेदनहरू ६७९३ रहेकोमा २८९३ अर्थात् ४२.५९ प्रतिशत फछ्र्यौट भई ३९०० बाँकी रहेका थिए। क्षतिपूर्तिसम्बन्धी निवेदनहरू २१५ रहेकोमा १२० अर्थात् ५५.८१ प्रतिशत फछ्र्यौट भई ९५ बाँकी रहेका थिए। माना चामल भराउने निवेदनहरू १२६२ रहेकामा ५५६ अर्थात् ४४.०६ प्रतिशत फछ्र्यौट भई ७०६ बाँकी रहेका थिए। अन्य निवेदनहरू ५६६ रहेकामा ३१७ अर्थात् ५६ प्रतिशत फछ्र्यौट भई २४९ बाँकी रहेको थियो।

आर्थिक वर्ष २०७५/७६ मा फैसला कार्यान्वयनका लागि परेका निवेदनहरूमध्ये बिगो भराउने निवेदनहरू १५२०७ रहेकामा ८७१२ अर्थात् ५७.२८ प्रतिशत फछ्र्यौट भई ६४९५ बाँकी रहेको थियो। चलन चलाउने निवेदनहरू ३३८६ रहेकामा १६६८ अर्थात् ४९.२६ प्रतिशत फछ्र्यौट भई १७१८ बाँकी रहेको थियो। बन्डा छुट्याउने निवेदनहरू ६९६६ रहेकोमा ४२०० अर्थात् ६०.५६ प्रतिशत फछ्र्यौट भई २७६६ बाँकी रहेको थियो। माना चामल भराउने निवेदनहरू ६५० रहेकामा ३२४ अर्थात् ४९.८५ प्रतिशत फछ्र्यौट भई ३२६ बाँकी रहेको थियो। निकासा खुलाउने ६१० लगतमध्ये शून्य फछ्र्यौट भने अन्य निवेदनहरू ६४२ रहेकामा ३९६ अर्थात् ६१.६८ प्रतिशत फछ्र्यौट भई २४६ बाँकी रहेको थियो।

यसरी आर्थिक वर्ष २०७७/७८ मा फैसला कार्यान्वयन गर्न बाँकी रहेका जम्मा निवेदनहरू २१०३२ मध्ये ६ महिनाभित्रका ८१९२ अर्थात् ३८.९५ प्रतिशत, छ महिना नाघेको १२८४० अर्थात् ६१.०५ प्रतिशत निवेदन बाँकी रहेका छन्। आर्थिक वर्ष २०७६/७७ मा फैसला कार्यान्वयन गर्न बाँकी रहेका जम्मा निवेदनहरू १७५६६ मध्ये ६ महिनाभित्रका ४९८९ अर्थात् २८.४ प्रतिशत, छ महिना नाघेको १२५७७ अर्थात् ७१.६० प्रतिशत निवेदन बाँकी रहेका थिए। आर्थिक वर्ष २०७५/७६ मा फैसला कार्यान्वयन गर्न बाँकी रहेका जम्मा निवेदनहरू १०९४५ मध्ये ६ महिनाभित्रका ६८२९ अर्थात् ६२.४० प्रतिशत, छ महिना नाघेको ४११६ अर्थात् ३७.६० प्रतिशत बाँकी रहेको थियो। यससम्बन्धी विवरण परिशिष्ट-६६(क) र ६६(ख) मा उल्लेख गरिएको छ।

५.८. १८ महिना नाघेका मुद्दा शून्य बनाउने अदालत र घट्दो क्रममा बढी प्रतिशत मुद्दा फछ्र्यौट गर्ने जिल्ला अदालतहरू निम्नबमोजिम रहेका छन्।

यस आर्थिक वर्षमा सबै जिल्ला अदालतहरूले पुराना मुद्दा फछ्र्यौट गर्ने कार्यमा गत आर्थिक वर्षको तुलनामा उल्लेख्य प्रगति हासिल हुन नसकी जम्मा ११ जिल्ला अदालतहरूले मात्र १८ महिना नाघेका मुद्दाहरू शून्य गराउन सफल भएका छन्। १८ महिना नाघेका पुराना मुद्दाहरू शून्य रहेका र घट्दो क्रममा बढी प्रतिशत मुद्दा फछ्र्यौट गर्ने जिल्ला अदालतहरूको नामावली देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. २४

आर्थिक वर्ष २०७७।७८ मा १८ महिना नाघेका मुद्दाहरू ० (शून्य) रहेका जिल्ला अदालतहरू

सि.नं.	अदालतको नाम	सि.नं.	अदालतको नाम
१	मनाङ जिल्ला अदालत	२	मुस्ताङ जिल्ला अदालत
३	रूकुमकोट जिल्ला अदालत	४	गुल्मी जिल्ला अदालत
५	अछाम जिल्ला अदालत	६	डोटी जिल्ला अदालत
७	दार्चुला जिल्ला अदालत		

तालिका नं. २५

आर्थिक वर्ष २०७७।७८ मा जिल्ला अदालतहरूबाट भएको मुद्दा तथा रिट निवेदनसमेतको घट्दो क्रममा मुद्दा फछ्र्यौटको अवस्था

क्र.सं.	अदालतको नाम	जम्मा			बाँकी
		लगत	फछ्र्यौट	फछ्र्यौट %	
१	अछाम जिल्ला अदालत	१५१	११८	७८.१	३३

२	हुम्ला जिल्ला अदालत	१२७	९६	७५.६	३१
३	जाजरकोट जिल्ला अदालत	४२७	३०५	७१.४	१२२
४	अर्घाखाँची जिल्ला अदालत	४३०	३०५	७०.९	१२५
५	प्युठान जिल्ला अदालत	४६५	३२७	७०.३	१३८
६	डोटी जिल्ला अदालत	१४८	१०४	७०.३	४४
७	ताप्लेजुङ जिल्ला अदालत	४५२	३१३	६९.२	१३९
८	सल्यान जिल्ला अदालत	५७२	३९१	६८.४	१८१
९	बाजुरा जिल्ला अदालत	२००	१३६	६८.०	६४
१०	दार्चुला जिल्ला अदालत	१४१	९५	६७.४	४६
११	डडेलधुरा जिल्ला अदालत	२०२	१३५	६६.८	६७
१२	मनाङ जिल्ला अदालत	१२	८	६६.७	४
१३	गुल्मी जिल्ला अदालत	५६०	३७१	६६.३	१८९
१४	तेह्रथुम जिल्ला अदालत	२५२	१६३	६४.७	८९
१५	कैलाली जिल्ला अदालत	२८४९	१८३७	६४.५	१०१२
१६	रूकुमकोट जिल्ला अदालत	१६९	१०८	६३.९	६१
१७	धनकुटा जिल्ला अदालत	४४२	२८१	६३.६	१६१
१८	चितवन जिल्ला अदालत	३८३०	२४३४	६३.६	१३९६
१९	मुस्ताङ जिल्ला अदालत	३५	२२	६२.९	१३
२०	मकवानपुर जिल्ला अदालत	२४२१	१५१८	६२.७	९०३
२१	रोल्पा जिल्ला अदालत	४७१	२९२	६२.०	१७९
२२	खोटाङ जिल्ला अदालत	३३७	२०८	६१.७	१२९
२३	पाल्पा जिल्ला अदालत	६३६	३७७	५९.३	२५९
२४	स्याङजा जिल्ला अदालत	९४७	५६१	५९.२	३८६
२५	इलाम जिल्ला अदालत	८५२	५००	५८.७	३५२
२६	सुर्खेत जिल्ला अदालत	१८२८	१०६८	५८.४	७६०
२७	गोरखा जिल्ला अदालत	७२८	४२३	५८.१	३०५
२८	बैतडी जिल्ला अदालत	२२४	१३०	५८.०	९४
२९	रामेछाप जिल्ला अदालत	४४४	२५५	५७.४	१८९
३०	दैलेख जिल्ला अदालत	४२६	२४३	५७.०	१८३
३१	लमजुङ जिल्ला अदालत	६५४	३७३	५७.०	२८१
३२	बझाङ जिल्ला अदालत	२०१	११३	५६.२	८८
३३	म्याग्दी जिल्ला अदालत	४३६	२४५	५६.२	१९१
३४	उदयपुर जिल्ला अदालत	१५९८	८९१	५५.८	७०७
३५	ओखलढुङ्गा जिल्ला अदालत	४२२	२३५	५५.७	१८७

३६	रसुवा जिल्ला अदालत	७८	४३	५५.१	३५
३७	संखुवासभा जिल्ला अदालत	४९८	२७०	५४.२	२२८
३८	नवलपरासी जिल्ला अदालत	२६८६	१४४७	५३.९	१२३९
३९	दाङ जिल्ला अदालत	३७८८	२००६	५३.०	१७८२
४०	बाग्लुङ जिल्ला अदालत	६९९	३६८	५२.६	३३१
४१	बाँके जिल्ला अदालत	५८७९	३०८१	५२.४	२७९८
४२	रूकुम जिल्ला अदालत	६२०	३१७	५१.१	३०३
४३	कास्की जिल्ला अदालत	४२२१	२१४६	५०.८	२०७५
४४	पर्वत जिल्ला अदालत	४६७	२३७	५०.७	२३०
४५	डोल्पा जिल्ला अदालत	७१	३६	५०.७	३५
४६	कञ्चनपुर जिल्ला अदालत	१३१३	६६०	५०.३	६५३
४७	भक्तपुर जिल्ला अदालत	४६१०	२३०२	४९.९	२३०८
४८	दोलखा जिल्ला अदालत	५९७	२९८	४९.९	२९९
४९	भोजपुर जिल्ला अदालत	४७७	२३८	४९.९	२३९
५०	सिरहा जिल्ला अदालत	६५२६	३२००	४९.०	३३२६
५१	बर्दिया जिल्ला अदालत	१६१२	७७६	४८.१	८३६
५२	धादिङ जिल्ला अदालत	१४५१	६९६	४८.०	७५५
५३	कालिकोट जिल्ला अदालत	२३५	१११	४७.२	१२४
५४	सोलुखुम्बु जिल्ला अदालत	२६९	१२७	४७.२	१४२
५५	पाँचथर जिल्ला अदालत	६०८	२८६	४७.०	३२२
५६	सर्लाही जिल्ला अदालत	४६००	२१४७	४६.७	२४५३
५७	नवलपुर जिल्ला अदालत	१९१७	८६७	४५.२	१०५०
५८	तनहुँ जिल्ला अदालत	१७५०	७९१	४५.२	९५९
५९	मोरङ जिल्ला अदालत	६४२५	२८८५	४४.९	३५४०
६०	झापा जिल्ला अदालत	५०९२	२२२५	४३.७	२८६७
६१	नुवाकोट जिल्ला अदालत	९१८	३९२	४२.७	५२६
६२	काभ्रेपलाञ्चोक जिल्ला अदालत	२११४	८९२	४२.२	१२२२
६३	ललितपुर जिल्ला अदालत	३९१९	१६३५	४१.७	२२८४
६४	रूपन्देही जिल्ला अदालत	५९६४	२४६८	४१.४	३४९६
६५	सिन्धुपाल्चोक जिल्ला अदालत	८३१	३४०	४०.९	४९१
६६	जुम्ला जिल्ला अदालत	२६४	१०८	४०.९	१५६
६७	सप्तरी जिल्ला अदालत	७४३२	३०३६	४०.९	४३९६
६८	मुगु जिल्ला अदालत	१२५	५१	४०.८	७४
६९	पर्सा जिल्ला अदालत	८३६२	३३९८	४०.६	४९६४

७०	बारा जिल्ला अदालत	५६०२	२२१९	३९.६	३३८३
७१	कपिलवस्तु जिल्ला अदालत	३०५६	११६८	३८.२	१८८८
७२	रौतहट जिल्ला अदालत	५०२७	१८९१	३७.६	३१३६
७३	महोत्तरी जिल्ला अदालत	४८५१	१७७२	३६.५	३०७९
७४	सुनसरी जिल्ला अदालत	६६२७	२४१६	३६.५	४२११
७५	काठमाडौँ जिल्ला अदालत	२१८१३	७८७३	३६.१	१३९४०
७६	सिन्धुली जिल्ला अदालत	९५८	३३८	३५.३	६२०
७७	धनुषा जिल्ला अदालत	७१९५	२३११	३२.१	४८८४

५.९ जिल्ला अदालतहरूको भवनको स्थिति र वित्तीय विवरण

(क) भवनको स्थिति

जिल्ला अदालततर्फ दाङ जिल्ला अदालतको भवन निर्माणको कार्य सम्पन्न भएको, पर्सा जिल्ला अदालतको नयाँ स्टिल स्ट्रकचर भवन निर्माण कार्य करिब अन्तिम चरणमा पुगेको, मकवानपुर, उदयपुर, र बैतडी जिल्ला अदालतको भवन निर्माण कार्य सुचारू रहेको, प्युठान र रोल्पा जिल्ला अदालतको सुरक्षा व्यारेक भवन निर्माण कार्य सुरू भै सकेको, भक्तपुर जिल्ला अदालत र सुनसरी जिल्ला अदालतको नयाँ भवन निर्माण कार्य प्रारम्भ भएको तथा लमजुङ र बाजुरा जिल्ला अदालतको लागि जग्गा प्राप्त भएको तथा इलाम, ललितपुर, स्याङ्जा, रूकुमकोट, दार्चुला, मोरङ, सिराहा, नवलपुर, रूपन्देही, जाजरकोट र बर्दिया जिल्ला अदालतको लागि जग्गा प्राप्ती गर्ने कार्यमा निरन्तर प्रयास भै रहेको छ।

७७ वटा जिल्ला अदालतहरूमध्ये ३ वटा (इलाम, नवलपुर र पूर्वी रूकुम) जिल्ला अदालतहरू भाडामा रहेका छन्। अन्य जिल्ला अदालतहरूको आफ्नै भवन रहेका छन्। आफ्नै भवन रहेका कतिपय जिल्ला अदालतहरूको भवन अपर्याप्त रहेको छ। जिल्ला अदालतहरूको भवनसम्बन्धी विस्तृत विवरण परिशिष्ट-७१ मा उल्लेख गरिएको छ । अदालतमा रहेका सवारी साधनलगायतका अन्य भौतिक सामग्रीको विवरण परिशिष्ट ७२ मा उल्लेख गरिएको छ।

(ख) वित्तीय विवरण

सबै जिल्ला अदालतहरूको गरी यस आर्थिक वर्ष चालुतर्फ रू ३०६६८०२२०१.०० तथा पुँजीगततर्फ रू. १४१८७४०६५७.०० गरी जम्मा रू. ४४८५५४२८५८.०० विनियोजन भएकामा चालुतर्फ रू. २५०१९७५९९२.६५ र पुँजीगततर्फ रू. १२४००९८८०३.३४ गरी जम्मा रू. ३७४२०७४७९५.९९ खर्च भएको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-६७ मा उल्लेख गरिएको छ।

(ग) धरौटी र राजस्वको विवरण

आर्थिक वर्ष २०७७।७८ मा जिल्ला अदालतहरूमा रहेको धरौटी रू. ४८३३१५०९७५.३० र राजस्व रू. १५८५९६८५७३.८३ रहेको छ। सोको विवरण क्रमश: परिशिष्ट ६८ र ६९ मा उल्लेख गरिएको छ।

(घ) क्षतिपूर्तिको बिगो भराउने

नेपालको संविधानले अपराध पीडितलाई क्षतिपूर्तिसहितको न्याय पाउने मौलिक हकको व्यवस्था गरेको छ । उक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न २०७४ सालमा जारी भएका संहिताहरूले पीडित वा निजको हकवालालाई क्षतिपूर्ति उपलब्ध गराउने कानूनी व्यवस्था गरेको पाइन्छ। संहिता कानून एवम् मौलिक हकहरूको कार्यान्वयन गर्ने सन्दर्भमा लागु भएको अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९ ले तत्काल अन्तरिम क्षतिपूर्ति वा राहत रकम पीडित राहत कोषबाट उपलब्ध गराउने र कसुर ठहर भएपछि कसुरदारले पीडित राहत कोषमा उपलब्ध गराइए बराबरको क्षतिपूर्ति रकम जम्मा गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ। साथै फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४८ मा कसुरबाट पीडितलाई राहत उपलब्ध गराउन पीडित राहत कोष खडा गर्ने व्यवस्था गरेको छ। उक्त कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न हालसालै पीडित राहत कोषको स्थापना भई सञ्चालनमा आएको छ। पीडितलाई अन्तरिम राहत तथा पुनर्स्थापनासहितको न्याय प्रदान गर्ने कानूनी व्यवस्थालाई न्याय प्रणालीको अभिन्न अंगको रूपमा स्वीकार गरेको सन्दर्भमा त्यस

प्रकारको अन्तरिम राहत तथा क्षतिपूर्तिको विवरण अभिलेखीकरण गरी व्यवस्थित रूपमा राख्न आवश्यक देखिएको छ। हाल क्षतिपूर्ति भराउने गरी फैसला भएका मुद्दाको विवरण, क्षतिपूर्तिको अङ्क, क्षतिपूर्ति प्राप्त गर्ने पीडितको संख्यासमेत सङ्कलन गर्ने गरिएको छ। सोसम्बन्धी विवरण परिशिष्ट ९४ मा उल्लेख गरिएको छ।

(ङ) विविधतायुक्त तथ्याङ्क सङ्कलनको आधार तयार गर्ने

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन तयार गर्दा लैङ्गिक आधारमा पृथक-पृथक तथ्याङ्कहरूको सङ्कलन र सोको विवेचनासमेत गर्ने उद्देश्यले गत आर्थिक वर्षदेखि मुद्दा मामिलाको विवरण तथा कार्यरत न्यायाधीश तथा कर्मचारीहरूको विवरणहरू लैङ्गिक आधारमा राख्ने रणनीति अबलम्बन गरिएको छ। जसअनुसार मुद्दा मामिलातर्फ महिला पीडित भएका मुद्दाको संख्या २७८२१ रहेकोमा ११३५७ अर्थात् ४०.८२ प्रतिशत फछ्र्यौट भई १६५०६ बाँकी रहेको छ। यसैगरी महिला बादी प्रतिबादी भएका मुद्दाको संख्या ४९५१० रहेकोमा २१७२० अर्थात् ४३.८७ प्रतिशत फछ्र्यौट भई २७७९० थान मुद्दा बाँकी रहेको छ। त्यसैगरी ज्येष्ठ नागरिक पीडित भएको मुद्दाको संख्या २०११ रहेकोमा ९०६ अर्थात् ४५.०५ प्रतिशत फछ्र्यौट भई ११०३ बाँकी रहेको छ। यसैगरी ज्येष्ठ नागरिक बादी प्रतिबादी भएका मुद्दाको संख्या ४७२१ रहेकोमा १८८१ अर्थात् ३९.८४ प्रतिशत फछ्र्यौट भई २८४० थान मुद्दा बाँकी रहेको छ। सोसम्बन्धी विवरण परिशिष्ट ९३ मा उल्लेख गरिएको छ।

जिल्ला अदालतमा न्यायाधीश र कर्मचारीहरूको स्वीकृत दरबन्दी अनुसार जिल्ला न्यायाधीश २६१, उपसचिव ७६, शाखा अधिकृत ४०७, सहायक कर्मचारीहरू २८६५, श्रेणी विहीन कर्मचारी ६२८ र बजेट प्रयोजनको दरबन्दी ८६७ गरी जम्मा ५१०४ दरबन्दी रहेकोमा सोमध्ये जिल्ला न्यायाधीश २४६, राजपत्राङ्कित अधिकृत २९१, सहायक कर्मचारी २२०४, श्रेणी विहीन कर्मचारी ६४२ गरी ३३८३ जना कार्यरत रहेका थिए। त्यसमध्ये माननीय न्यायाधीश ११, उपसचिव २, शाखा अधिकृत ३०, सहायक कर्मचारी २९९ र श्रेणी विहीन २७ गरी जम्मा ३६९ जना महिला जनशक्ति कार्यरत रहेका थिए। त्यसै गरी जिल्ला अदालतमा कार्यरत मौजुदा जनशक्ति मध्ये महिला ३६९, आदिवासी जनजाति २६१, मधेसी १८०, दलित ५९, अपाङ्ग १९ र पिछडिएको क्षेत्रबाट ८७ जना कार्यरत रहेको देखिन्छ।

परिच्छेद - छ
अन्य अदालत एवम् न्यायाधिकरणहरू

नेपालको संविधानको धारा १५२(१) ले खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न सङ्घीय कानूनबमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था गरेको छ। तर कुनै खास मुद्दाको लागि विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन नगरिने संवैधानिक व्यवस्था छ। संविधानको धारा १५२ (१) बमोजिम हाल नेपालमा निम्नानुसारका अन्य अदालत र न्यायाधिकरणहरू स्थापना र गठन गरिएका छन्:

६.१ विशेष अदालत

विशेष अदालत ऐन, २०५९ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास किसिमका मुद्दाको कारबाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढङ्गले गर्न न्याय परिषद्को परामर्शमा विशेष अदालतको गठन गर्न सक्ने व्यवस्था छ। साबिकमा एक इजलास मात्र रहेको विशेष अदालतमा कार्यबोझमा भएको वृद्धिको कारणले दुई इजलास कायम गरिएको छ। हाल विशेष अदालतमा एक जना अध्यक्ष र पाँच जना सदस्य न्यायाधीश कार्यरत रहनुभएको छ। विशेष अदालतलाई मिति २०५९।५।६ को राजपत्रमा प्रकाशित सूचनाअनुसार भ्रष्टाचार र राज्यविरूद्धको अपराधसम्बन्धी सुरू मुद्दा, मिति २०६६।०२।११ को राजपत्रमा प्रकाशित सूचनाअनुसार सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ अन्तर्गतको मुद्दा र मिति २०६२।०२।२३ को राजपत्रमा प्रकाशित सूचनाअनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको अन्तिम आदेशउपरको पुनरावेदन सुन्ने अधिकारक्षेत्र तोकिएको छ। यस आर्थिक वर्षमा विशेष अदालतबाट हेरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७६ मा उल्लेख गरिएको छ।

६.२ श्रम अदालत

श्रम ऐन, २०७४ को दफा १५१ मा उक्त ऐनको प्रयोजनका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी श्रम अदालत गठन गर्न सक्ने र सो अदालतको मुकाम र अधिकारक्षेत्र सोही सूचनामा तोकिएबमोजिम हुने व्यवस्था छ। श्रम ऐन, २०४८ को व्यवस्थाबमोजिम साबिकदेखि एक सदस्यीय श्रम अदालत गठन भएकोमा प्रतिवेदन वर्षमा ऐन बमोजिम ३ सदस्यीय श्रम अदालत गठन भई सञ्चालनमा रही आएको छ। श्रम ऐनअनुसार कामदार वा कर्मचारीलाई पारिश्रमिक, भत्ता, उपदान, सञ्चयकोष वा क्षतिपूर्तिको रकम भुक्तानी दिन तथा व्यवस्थापकलाई हर्जाना तिर्नुपर्ने गरी श्रम कार्यालयले दिएको आदेशउपर श्रम अदालतमा पुनरावेदन लाग्ने व्यवस्था छ। यसैगरी श्रम ऐनअन्तर्गतको कसुर गरेबापत कुनै खास सजाय गर्ने अधिकारी तोकिएकोमा बाहेक अरू मुद्दा श्रम अदालतमा दायर हुने व्यवस्था छ। साथै श्रम ऐनअन्तर्गत व्यवस्थापक वा अन्य अधिकारी वा कार्यालयले गरेको सजाय र आदेशउपर श्रम अदालतमा पुनरावेदन लाग्ने व्यवस्थासमेत रहेको छ। यस आर्थिक वर्ष श्रम अदालतबाट हेरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७६ मा उल्लेख गरिएको छ।

६.३ राजस्व न्यायाधिकरण

राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले राजस्वसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्नको लागि नेपाल सरकारले राजस्व न्यायाधिकरणको गठन गर्न सक्ने व्यवस्था गरेको छ। प्रत्येक न्यायाधिकरणको इलाका र मुकाम नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ। हाल विराटनगर, काठमाडौं, पोखरा र नेपालगन्जमा गरी ४ वटा राजस्व न्यायाधिकरणहरू स्थापना गरिएका छन्।राजस्व न्यायाधिकरणमा कानून, राजस्व र लेखा गरी ३ विषयका ३ जना सदस्यहरू रहने र सोमध्ये कानून सदस्य (उच्च अदालतका न्यायाधीश) राजस्व न्यायाधिकरणको अध्यक्ष हुने व्यवस्था छ। यस आर्थिक वर्षमा राजस्व न्यायाधिकरणबाट सुनुवाइ गरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७५ मा उल्लेख गरिएको छ।

६.४ वैदेशिक रोजगार न्यायाधिकरण

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ मा वैदेशिक रोजगार विभागबाट सजाय हुने भनी लेखिएको बाहेक अन्य मुद्दाको सुरू कारबाही किनारा गर्नको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वैदेशिक रोजगार न्यायाधिकरण गठन गर्ने व्यवस्था रहेको छ। सो प्रावधानबमोजिम नेपाल सरकारले २०६६।१०।१८ को राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार न्यायाधिकरणको गठन गरेको छ। उक्त ऐनबमोजिम उच्च अदालतको न्यायाधीश अध्यक्ष र श्रम अदालतको अध्यक्षले तोकेको सोही अदालतको सदस्य -१ र न्याय सेवा आयोगले सिफारिस गरेको न्याय सेवाको प्रथम श्रेणीको अधिकृत -१ सहित तीन सदस्यीय वैदेशिक रोजगार न्यायाधिकरणको गठन भई मिति २०६६।१०।२० देखि कार्य सम्पादन गर्दै आएको छ। न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग तीनै जना सदस्यले सामूहिक रूपमा गर्ने तर एक

सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र दुई सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र किनारा गर्न सक्ने व्यवस्था रहेको छ। वैदेशिक रोजगार न्यायाधिकरणका अध्यक्ष र सदस्यको पदावधि चार वर्ष हुने व्यवस्था छ। यस ऐनअन्तर्गत दायर हुने मुद्दाको कारबाही र किनारा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिम गरिन्छ। यस आर्थिक वर्षमा वैदेशिक रोजगार न्यायाधिकरणबाट सुनुवाइ गरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७६ मा उल्लेख गरिएको छ।

६.५ प्रशासकीय अदालत

प्रशासकीय अदालत ऐन, २०७६ बमोजिम उच्च अदालतका मुख्य न्यायाधीश भइरहेको वा हुने योग्यता पुगेका वा नेपाल न्याय सेवाका विशिष्ट श्रेणीको पदमा काम गरेका व्यक्तिको अध्यक्षतामा अन्य दुई सदस्यसहित तीन सदस्यीय प्रशासकीय अदालतको व्यवस्था गरेको छ। यस व्यवस्थाअनुसार हाल काठमाडौंमा प्रशासकीय अदालतको गठन भई सञ्चालनमा रहेको छ। ऐनको दफा ३(३) बमोजिम कुनै प्रदेशबाट दुई सयभन्दा बढी चालु मुद्दा दर्ता हुन आएमा त्यस्तो प्रदेशको राजधानीमा समेत मुकाम रहने गरी प्रशासकीय अदालतको गठन हुने व्यवस्था रहेको छ। ऐनको दफा ७ बमोजिम प्रशासकीय अदालतलाई देहायका मुद्दा वा विषयमा भएको निर्णय वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने अधिकार हुनेछ। जसअनुसार प्रचलित कानूनबमोजिम कर्मचारीलाई दिइएको विभागीय सजाय, कर्मचारीको बढुवा, कर्मचारीको सरूवासम्बन्धी निर्णयउपरको पुनरावेदन सुन्ने व्यवस्था गरेको छ। साबिकमा प्रशासकीय अदालतले निजामती कर्मचारीलाई दिइएको विभागीय सजायउपरको पुनरावेदन सुन्ने व्यवस्था रहेकोमा नयाँ ऐनले यसको क्षेत्राधिकार विस्तार गरी निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, नेपाल सङ्घीय सेवा वा सार्वजनिक संस्थाको सेवामा रहेका कर्मचारी, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, प्रदेश कानूनबमोजिम गठित निजामती सेवा एवम् अन्य सरकारी सेवा, प्रदेश सरकारको ५०% भन्दा बढी स्वामित्व हुने संस्थामा कार्यरत कर्मचारी, स्थानीय तहका कर्मचारीहरू, ५०% वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद वा नेपाल सरकारबाट नियमित रूपमा अनुदान प्राप्त विद्यालय र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्थामा कार्यरत कर्मचारीलाई समेत समेटेको देखिन्छ। यस आर्थिक वर्ष प्रशासकीय अदालतबाट सुनुवाइ गरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७६ मा उल्लेख गरिएको छ।

६.६ ऋण असुली न्यायाधिकरण

बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र नियमावली, २०५९ बमोजिम बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाहरूको सुरू कारबाही र किनारा गर्ने प्रयोजनका लागि ऋण असुली न्यायाधिकरणको स्थापना भएको छ। यस न्यायाधिकरणको स्थापनापश्चात् बैंक तथा वित्तीय संस्थाबाट ऋण लिई ऋणको भाका नघाई ऋण नतिर्ने ऋणीहरूबाट प्रभावकारी रूपमा ऋण असुली गरी नेपालको वित्तीय एवम् बैंकिङ पद्धतिको विकासमा उल्लेख्य योगदान पुऱ्याएको छ। यस आर्थिक वर्ष यस न्यायाधिकरणबाट सम्पादन गरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७५ मा उल्लेख गरिएको छ।

६.७ ऋण असुली पुनरावेदन न्यायाधिकरण

बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र नियमावली, २०५९ बमोजिम बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धमा परेका मुद्दाहरूमा ऋण असुली न्यायधिकरणले गरेको सुरू कारबाही र किनारा उपर परेको पुनरावेदनको सुनुवाइ गर्ने प्रयोजनका लागि एक सदस्यीय ऋण असुली पुनरावेदन न्यायधिकरणको स्थापना भएको छ। यस आर्थिक वर्ष यस न्यायधिकरणबाट सम्पादन गरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७५ मा उल्लेख गरिएको छ।

६.८ अन्य अदालत तथा न्यायाधिकरणहरूको समष्टिगत कार्य प्रगति

उपर्युक्तबमोजिम गठन भएका अन्य अदालत तथा न्यायाधिकरणहरूमा यस आर्थिक वर्ष २०७७/०७८ मा जिम्मेवारी सरेका मुद्दा तर्फ २१८२ र नयाँ दर्ता भएका १३६५ समेत गरी जम्मा ३५४७ लगत रहेकोमा ९१७ थान अर्थात् २५.८५ प्रतिशत फछ्र्यौट भई २६३० बाँकी रहेको छ। उक्त लगत फछ्र्यौटमध्ये विशेष अदालतको लगत ७९२ र फछ्र्यौट १३५ भई बाँकी ६५७ रहेको, वैदेशिक रोजगार न्यायाधिकरणको लगत ४५८ र फछ्र्यौट २५७ भई बाँकी २०१ रहेको, श्रम अदालतको लगत ३०७ र फछ्र्यौट ७८ भई बाँकी २२९ रहेको, प्रशासकीय अदालतको लगत ४७ मा २१ फछ्र्यौट भई बाँकी २६ रहेको, राजस्व न्यायाधिकरणहरू (विराटनगर, काठमाडौं, पोखरा, नेपालगन्ज) को १५०२ र २४२ फछ्र्यौट भई बाँकी १२६० रहेको, ऋण असुली न्यायाधिकरणको लगत ४२९ मा १८१ फछ्र्यौट भई बाँकी २४८ रहेको र ऋण असुली पुनरावेदन न्यायाधिकरणको लगत १२ मा ३ फछ्र्यौट भई ९ बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७

मा जिम्मेवारी सरेका मुद्दा तर्फ १७९२[13] र नयाँ दर्ता भएका १२०७ समेत गरी जम्मा २९९९ लगत रहेकोमा ८१७ अर्थात् २७.२४ प्रतिशत फछ्र्यौट भई २१८२ बाँकी रहेको थियो। उक्त लगत फछ्र्यौटमध्ये विशेष अदालतको लगत ८४३ र फछ्र्यौट १७८ भई बाँकी ६६५ रहेको, वैदेशिक रोजगार न्यायाधिकरणको लगत ४४१ र फछ्र्यौट १६३ भई बाँकी २७८ रहेको, श्रम अदालतको लगत २१५ र फछ्र्यौट १०० भई बाँकी ११५ रहेको, प्रशासकीय अदालतको लगत २१ मा शून्य फछ्र्यौट भएकोले बाँकी २१ रहेको, राजस्व न्यायाधिकरणहरू (विराटनगर, काठमाडौं, पोखरा, नेपालगन्ज) को ९६४ र फछ्र्यौट १७१ भई बाँकी ७९३ रहेको, ऋण असुली न्यायाधिकरणको लगत ५०८ मा २०४ फछ्र्यौट भई बाँकी ३०४ रहेको र ऋण असुली पुनरावेदन न्यायाधिकरणको लगत ७ मा १ फछ्र्यौट भई ६ बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेका १०७२ र नयाँ दर्ता भएका १२५० समेत गरी जम्मा २३२२ लगत रहेकोमा ९५६ फछ्र्यौट भई १३६६ बाँकी रहेको थियो। उक्त लगत फछ्र्यौटमध्ये विशेष अदालतको लगत ६२४ र फछ्र्यौट २३० भई बाँकी ३९४ रहेको, वैदेशिक रोजगार न्यायाधिकरणको लगत ५७७ र फछ्र्यौट ३७४ भई बाँकी २०३ रहेको, श्रम अदालतको लगत १९९ र फछ्र्यौट ९९ भई बाँकी १०० रहेको र राजस्व न्यायाधिकरणहरू (विराटनगर, काठमाडौं, पोखरा, नेपालगन्ज) को ९०३ र फछ्र्यौट २४० भई बाँकी ६६३ रहेको थियो। अन्य अदालत तथा न्यायाधिकरणहरूमा आर्थिक वर्ष २०७६/०७७ को तुलनामा यस आर्थिक वर्ष २०७७/०७८ मा १२.२४ प्रतिशतले बढी मुद्दा फछ्र्यौट भएको देखिन्छ। यससम्बन्धी विवरण परिशिष्ट-७५ र ७६ मा प्रस्तुत गरिएको छ। अन्य अदालत तथा न्यायाधिकरणहरूमा यस आर्थिक वर्षमा कायम हुन आएको मुद्दाको लगत देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २६

अन्य अदालत तथा न्यायाधिकरणहरूमा रहेका मुद्दाको लगतको विवरण

वैदेशिक रोजगार न्यायाधिकरण	विशेष अदालत	श्रम अदालत	प्रशासकीय अदालत	राजस्व न्यायाधिकरणहरू	ऋण असुली न्यायाधिकरण	ऋण असुली पुनरावेदन न्यायाधिकरण	जम्मा
४५८	७९२	३०७	४७	१५०२	४२९	१२	३५४७

अन्य अदालत तथा न्यायाधिकरणहरूमा यस आर्थिक वर्षमा कायम हुन आएको मुद्दाको लगतको विवरण देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

स्तम्भ चित्र नं. १५

अन्य अदालत तथा न्यायाधिकरणहरूमा रहेका मुद्दाको लगतको विवरण स्तम्भ चित्र



13 आ.व. २०७५/०७६ मा ऋण असुली न्यायाधिकरणको तथा ऋण असुली पुनरावेदन न्यायाधिकरणको समावेश नगरिएकोले यस आ.व. मा ऋण असुली न्यायाधिकरणको ४०१ र ऋण असुली पुनरावेदन न्यायाधिकरणको ६ गरी जिम्मेवारीमा ४०७ थान र राजस्व न्यायाधीकरण काठमाडौंले गत आ.व. मा अन्तशुल्कको तथ्याङ्क समावेश नभएकोले यस आर्थिक वर्षमा समावेश गर्दा जिम्मेवारीमा १९ थान गरी जम्मा ४२६ बढी हुन आएको छ।

- **मुलतबी रहेको मुद्दा संख्या**

अन्य अदालत तथा न्यायाधिकरणहरूमा यस आर्थिक वर्षमा मुलतबी रहेका मुद्दा संख्या १८२ मध्ये २९ मुलतबीबाट जगाई कारबाही अगाडि बढाइएको छ। अन्य अदालत तथा न्यायाधिकरणहरूमा रहेको मुलतबी मुद्दाको विस्तृत विवरण परिशिष्ट ७९ मा प्रस्तुत गरिएको छ।

६.९ अन्य अदालत तथा न्यायाधिकरणहरूको भवनको स्थिति र वित्तीय विवरण

(क) भवनको स्थिति

हाल कायम रहेका अन्य अदालत तथा न्यायाधिकरणहरूमध्ये विशेष अदालतलाई सरकारी भवन उपलब्ध छ। सोबाहेक अन्य अदालत तथा न्यायाधिकरणहरू भाडामा रहेका छन्। अन्य अदालत तथा न्यायाधिकरणहरूको भवन तथा सम्पत्तिसम्बन्धी विस्तृत विवरण परिशिष्ट-८४ मा उल्लेख गरिएको छ।

(ख) वित्तीय विवरण

अन्य अदालत तथा न्यायाधिकरणहरूका लागि यस आर्थिक वर्ष चालुतर्फ रू. २२९५३०९९०.०० र पुँजीगततर्फ रू. १०५१४९९९.०० गरी जम्मा रू. २४००४५९८९ बिनियोजन भएकोमा चालुतर्फ रू. १५९७१७५५२.९० र पुँजीगततर्फ रू. १११९४९५२.०१ गरी जम्मा रू. १७०९१२५०४.९१ निकासा भई खर्च भएको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-८१ मा उल्लेख गरिएको छ।

(ग) धरौटी र राजस्वको विवरण

अन्य अदालत तथा न्यायाधिकरणहरूमा आर्थिक वर्ष २०७७।०७८ सम्म कायम भएको धरौटी रू. ६७६९९५६१७.१८ र राजस्व रू. ३३५२२४०६.९५ रहेको देखिन्छ। सोको विवरण क्रमश: परिशिष्ट ८२ र ८३ मा उल्लेख गरिएको छ।

परिच्छेद - सात
समस्या र सुझाव

विषय प्रवेश

न्यायसम्पादनको कार्यलाई सरल, छिटो छरितो, कम खर्चिलो, गुणस्तरीय एवम् प्रभावकारी बनाई न्यायमा नागरिकको सहज पहुँच कायम गर्ने उद्देश्यले न्यायपालिकाले वि.सं.२०६१ सालदेखि रणनीतिक योजना तर्जुमा गरी योजनाबद्ध सुधारका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। तीनवटा पञ्चवर्षीय रणनीतिक योजनाहरूको कार्यान्वयनपश्चात् हाल चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयन भैरहेको छ। प्रतिवेदन वर्ष सोही चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको दोस्रो वर्षको रूपमा रहेको छ।

सेवा प्रवाहको प्रभावकारिता र गुणस्तरीयता अभिवृद्धि गर्दै न्यायिक सुशासन कायम गर्नको लागि आवधिक योजनाहरूको माध्यमबाट न्यायपालिकाले विभिन्न रणनीतिक कार्यक्रम सञ्चालन गर्दै आएको छ। प्रतिवेदन वर्षमा पुराना बक्यौता मुद्दा फछ्र्यौटलाई प्राथमिकता दिइएको थियो। सोका साथै यसै आर्थिक वर्षको साउन महिनाबाट सबै जिल्ला अदालतहरूमा र भदौ महिनादेखि सबै उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति (DCM) लागु गरिएको छ। प्रतिवेदन वर्षको सुरूका तीन महिना र अन्तिमका तीन महिना गरी कूल ६ महिना जति कोभिड-१९ को प्रभावको कारण अदालतको नियमित कार्यसम्पादनमा केही संकुचन ल्याउन परेको कारण अपेक्षित नतिजा हासिल हुन भने सकेको देखिँदैन।

न्यायपालिकाको रणनीतिक योजनाको कार्यान्वयनबाट मुद्दा व्यवस्थापन पद्धतिमा सुधार गरी शीघ्र र गुणस्तरीय न्याय सम्पादन, भौतिक पूर्वाधार विकास, जनशक्तिको क्षमता अभिवृद्धिलगायतका अदालत व्यवस्थापनका विविध विषयहरूमा सकारात्मक प्रभाव पारेको छ। अदालतहरूको भौतिक अवस्था र सेवा प्रवाहको पूर्वाधारहरूमा उल्लेख्य सुधार भएको छ। न्यायिक जनशक्तिको क्षमता विकासका लागि अध्ययन र तालिमका अवसरहरू सिर्जना भएका छन्। तथापि, योजनाले प्रक्षेपण गरेअनुसारको बजेटलगायतको स्रोत साधन व्यवस्थापन हुन नसकेको तथा महामारीको विषम परिस्थितिको कारण चालु आर्थिक वर्षमा योजनाले तय गरेअनुरूपका सबै क्रियाकलापहरूको लागि निर्धारित लक्ष्य बमोजिमको प्रगति हासिल हुन सकेको छैन।

न्यायसम्बन्धी अधिकारको प्रयोग न्यायिक निकायहरूबाट गरिने संवैधानिक व्यवस्था रहेको छ। न्याय सम्पादनको कार्य मूलतः न्यायपालिकाबाट सम्पादन हुने भएपनि छिटो छरितो र प्रभावकारी सेवा प्रवाहका लागि प्रचलित कानूनले निर्धारण गरेको कार्यविधि र सम्बद्ध सरोकारवालाहरूको सहयोग र सहकार्यको पनि अत्यन्त महत्त्वपूर्ण भूमिका रहन्छ। तथापि, न्याय सम्पादनको काम न्याय प्रशासनको केन्द्रबिन्दुमा रहने भएकोले छिटो छरितो, प्रभावकारी र गुणस्तरिय सेवा प्रवाहको अन्तिम जिम्मेवारी न्यायापालिका वा न्यायिक निकायहरूले नै लिनुपर्ने हुन्छ।

विधिको शासन, न्यायिक सुशासनको प्रवर्द्धन, नागरिकका मौलिक हकहरूको संरक्षण एवम् स्वतन्त्र न्यायापालिकासम्बन्धी मूल्य मान्यताको सम्बर्द्धन गर्नु न्यायपालिकाको महत्त्वपूर्ण जिम्मेवारी अन्तर्गतका विषयहरू हुन्। यसप्रकारको गहन जिम्मेवारी निर्वाह गर्नको लागि न्यायपालिकालाई आवश्यक भौतिक साधन स्रोत एवम् प्रविधिले सुसज्जित बनाई अनुकुल कार्य वातावरणको सिर्जना गर्न आवश्यक हुन्छ। सेवाग्राहीको अपेक्षाअनुसार समयानुकूल गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने दायित्व रहेपनि साधन स्रोतको प्राप्ति र व्यवस्थापनमा न्यायलयसँग स्वायत्तता नरहेको कारण न्यायपालिकाका प्रयासहरूले अपेक्षित नतिजा दिन नसकिरहेको अवस्था छ। यसका लागि स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यता अनुसारको वित्तीय स्वायत्ततालाई व्यावहारिकता प्रदान गर्नु अत्यावश्यक छ। न्यायपालिकाका हरेक काम कारबाहीलाई योजनाबद्ध ढंगबाट अगाडि बढाई न्यायपालिकाको सत्प्रयासमा योजनाले निर्धारण गरेका क्रियाकलापहरूको कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत साधनको लागि सम्बद्ध निकायहरूसँग निरन्तर समन्वय गर्दासमेत उचित रूपमा सम्बोधन हुन सकिरहेको छैन।

यसप्रकारका सीमा र प्रतिकुलताका बाबजुद् न्यायपालिकाले नेपालको संविधानले तोकेको न्याय सम्पादन सम्बन्धी जिम्मेवारी निर्वाह गर्दै आइरहेको अवस्थामा प्रतिवेदन वर्षमा कोभिड-१९ को महामारीका कारण अदालतहरूबाट सम्पादन गर्नुपर्ने काममा संकुचन ल्याउनु परेको भएपनि नागरिकका हक अधिकारको संरक्षण र प्रत्याभूतिका लागि विपद्का कठिन अवस्थाहरूमा पनि अदालतहरू निरन्तर क्रियाशील रहेका थिए।

सबै तहका अदालतहरूले आर्थिक वर्ष २०७७/०७८ मा सम्पादित काम कारबाहीको अवस्था तथा न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेका रणनीतिक क्रियाकलापहरूको कार्यान्वयमा परेको प्रभाव समेतको विश्लेषणका आधारमा न्यायपालिकाले

भोग्नुपरेका समसामयिक समस्या र चुनौतीहरू एवम् सोको समाधानका लागि अवलम्बन गरिएका उपाय र आगामी दिनमा गरिनुपर्ने कार्यसम्बन्धी सुझावहरू देहायबमोजिम सङ्क्षेपमा प्रस्तुत गरिएको छ।

७.१ न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको अवधारणालाई संविधानको आधारभूत संरचनाको रूपमा आत्मसात गर्दै संविधानको धारा १२६ ले न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत र न्यायिक निकायमा रहने व्यवस्था गरेको छ। मुलुकको न्याय प्रशासनलाई प्रभावकारी, उत्तरदायी र नतिजामूलक बनाउने अन्तिम जिम्मेवारी संविधानको धारा १३६ बमोजिम प्रधान न्यायाधीशको हुने व्यवस्था गरिएको छ। संविधानले सुम्पेको यो जिम्मेवारी स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रूपमा सम्पादन गर्न जनशक्ति, वित्तीय एवम् भौतिक पूर्वाधार व्यवस्थापनमा न्यायपालिका स्वतन्त्र र स्वायत्त हुनु आवश्यक हुन्छ। स्रोत साधनको प्राप्तिमा स्वायत्तता अभाव र परिचालनमा सरकार र सरकारका अन्य निकायहरूप्रति रहने निर्भरताले न्यायपालिकाको सक्षमता र सेवा प्रवाहको प्रभावकारितामा असर पारेको अवस्था छ।

संविधान र कानूनप्रति उत्तरदायी भई निर्भिकताका साथ कार्यसम्पादन गर्नुपर्ने न्यायपालिका आफूलाई चाहिने स्रोत साधनको लागि सरकारप्रति निर्भर रहनुपर्दा संविधानले तोकेको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नमा प्रत्यक्ष वा परोक्ष रूपमा अवरोध सिर्जना हुन पुग्दछ। न्यायपालिकाको स्वतन्त्रता र स्वायत्ततालाई सुनिश्चित गर्ने सन्दर्भमा विगतदेखि हालसम्म गरिएका विभिन्न अध्ययन प्रतिवेदन तथा न्यायपालिकाको सुधारका लागि गठित उच्चस्तरीय आयोगहरूको सिफारिस एवम् न्यायपालिकाले तर्जुमा गरेका आवधिक योजनाहरूले स्रोत साधनको प्राप्ति र परिचालनमा न्यायपालिका पूर्णरूपमा स्वतन्त्र र स्वायत्त हुनु पर्ने सुझावहरू अगाडि सारेका छन्। समय समयमा हुने वार्षिक समीक्षा तथा राष्ट्रियस्तरका सम्मेलनहरूले पनि यो विषयलाई महत्त्वका साथ उठाएका छन्। न्यायपालिकाको योजनावद्ध सुधारका लागि हालसम्म कार्यान्वयनमा आएका सबै रणनीतिक योजनाले न्यायपालिकाको समग्र वस्तुस्थितिको विश्लेषण गर्दै स्रोत साधन प्राप्ति र परिचालनको स्वायत्तताका सम्बन्धमा आफ्नो चासो र सरोकार व्यक्त गर्दै आएका छन्। न्यायपालिकाको लागि आवश्यक स्रोत साधनको प्राप्ति र परिचालनमा स्वायत्तता प्राप्त हुनु स्वतन्त्र न्यायपालिकासम्बन्धी मान्यताको अन्तरनिहित विषय भएको सन्दर्भ उल्लेख गर्दागर्दै पनि उचित रूपमा यसको सम्बोधन हुन सकिरहेको छैन।

अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधिसहितको संलग्नतामा बनाइएको न्यायपालिकाको रणनीतिक योजना कार्यान्वयनका लागि योजनाले प्रक्षेपण गरे बमोजिमको बजेट उपलब्ध हुन सकेको छैन। मध्यमकालीन खर्च संरचना अनुसार योजना कार्यान्वयन तथा चालु खर्चसमेत गरी न्यायपालिकाको लागि आर्थिक वर्ष २०७७/०७८ मा १३ अर्ब ५६ करोड ९ लाख ९३ हजार बजेट प्रक्षेपण गरिएकोमा जम्मा रू. ६ अर्ब ९३ करोड ५५ लाख ५९ हजार १८९ रूपैयाँ ९० पैसा रकम निकासा भई खर्च भएको छ। संविधानले न्यायपालिकाको लागि तोकेको संवैधानिक जिम्मेवारी निर्वाहका लागि वस्तुस्थिति समेतको विश्लेषण गरी निर्धारित रणनीतिक कार्यक्रम सञ्चालन गर्न प्रक्षेपण गरिएको बजेट लगायतको स्रोत साधन उपलब्ध नभएको कारण न्यायिक सुधार प्रक्रिया प्रभावित हुन गई अपेक्षित रूपमा उपलब्धिहरू हासिल हुन नसक्ने अवस्था सिर्जना भएको छ। यसरी न्यायपालिकालाई आवश्यक पर्ने स्रोत साधन प्राप्तिको विषय पूर्ण रूपमा कार्यपालिकामा निर्भर राख्ने तथा उपलब्ध स्रोत साधनको परिचालनमा स्वायत्तता समेत प्रदान नगर्ने विषयप्रति न्यायपालिकाले विगत वर्षहरूदेखि राख्दै आएको सरोकारप्रति सम्बद्ध सरोकारवाला पक्षहरूबाट उचित सम्बोधन हुन आवश्यक रहेको छ।

७.२ कार्यबोझ सम्बन्धमा

विगत आर्थिक वर्षहरूको तुलनामा अदालतहरूमा नयाँ मुद्दा दर्ता हुने क्रम बढदो अवस्थामा रहेको देखिन्छ। विगत १० वर्षको कार्यबोझ तुलना गर्दा आर्थिक वर्ष २०६८/०६९ मा मुद्दा, रिट निवेदन र प्रतिवेदनसमेतको समग्र लगत १,५३,५५३ रहेकोमा आर्थिक वर्ष २०७७/०७८ मा २,९५,२०४ वार्षिक लगत कायम हुन आएको छ। यस अवधिमा समग्र लगत ९२.२५ प्रतिशतले वृद्धि भएको देखिन्छ। त्यसैगरी सर्वोच्च अदालतको आर्थिक वर्ष २०६८/२०६९ मा १९,०५३ लगत रहेकोमा आर्थिक वर्ष २०७७/२०७८ मा ३३,४६६ लगत कायम भई ७५.६५ प्रतिशतले मुद्दाको लगत वृद्धि भएको देखिन्छ। अदालतहरूको कार्यबोझ वृद्धि भएका कारण पुराना मुद्दाको संख्या बढ्दै गई न्याय सम्पादनमा स्रोत साधनको लागत बृद्धि तथा सेवाग्राहीको खर्च बढ्दै जाने अवस्था सृजना भएको देखिन्छ। अदालतको कार्यबोझ, कार्यप्रकृति र कार्यसमयलाई मध्येनजर गरी नेपाल सरकारले विगत लामो समयदेखि अतिरिक्त समय काम गरेवापतको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउँदै आएको थियो। सोही बमोजिम दैनिक २ घण्टा अतिरिक्त समय काम गर्ने गरी कार्ययोजनासहित अदालतहरूमा कार्यसम्पादन हुँदै आएको थियो। विश्वव्यापीरूपमा देखिएको कोभिड-१९ को

प्रभावका कारण समय समयमा गर्नुपरेको सेवा प्रभाहको संकुचनको कारण अदालतमा दायर भएका मुद्दाहरू निर्धारित लक्ष्यबमोजिम फछ्र्यौट हुन नसकेको अवस्था छ। परिणामस्वरूप आर्थिक वर्ष २०७६/०७७ मा २ वर्ष नाघेका पुराना मुद्दाहरूको (निवेदनबाहेक) कूल लगत १७,२५९ को संख्यामा रहेकोमा प्रतिवेदन वर्षमा २७,९८४ हुन पुगेको देखिन्छ। यसका साथै आर्थिक वर्ष २०७६/०७७ मा जिम्मेवारी सरेका मुद्दाहरूको संख्या १,०६,२६६ थान रहेकोमा प्रतिवेदन वर्षमा १,२२,९८३ थान मुद्दाहरू जिम्मेवारी सरी कार्यचाप समेत थप भएको अवस्था छ।

अदालतहरूको कार्यबोझको विश्लेषण गर्दा उच्च र जिल्ला अदालतहरूको खासै ठुलो किसिमको कार्यबोझ देखिँदैन। उच्च अदालतहरूको आर्थिक वर्ष २०७७/०७८ मा हुनसक्ने अनुमानित वार्षिक कूल लगत ५०,६७४ मध्ये ३५,०१८ थान फछ्र्यौट गर्नुपर्ने लक्ष्य निर्धारण गरिएको थियो। उच्च अदालतहरूमा हाल कायम रहेको न्यायाधीशहरूको दरबन्दी संख्या १६० लाई आधार मान्दा प्रति इजलास फछ्र्यौट गर्नुपर्ने औसत मुद्दा संख्या लगभग ४३८ थान हुने देखिन्छ। यसैगरी जिल्ला अदालतहरूको अनुमानित वार्षिक लगत १,७८,५०५ थान मध्ये १,२६,१९६ थान फछ्र्यौट गर्नुपर्ने लक्ष्य निर्धारण गरिएको थियो। जिल्ला अदालतहरूमा हाल कायम रहेको न्यायाधीशहरूको दरबन्दी संख्या २७२ लाई आधार मान्दा प्रति न्यायाधीश फछ्र्यौट गर्नुपर्ने औसत मुद्दा संख्या लगभग ४६४ थान हुने देखिन्छ। कार्यबोझ बृद्धि भएको अवस्थामासमेत उच्च र जिल्ला अदालतहरूमा हाल कायम रहेको न्यायाधीश दरबन्दीका आधारमा कायम हुन आउने वार्षिक मुद्दा फछ्र्यौटको लक्ष्य व्यवस्थापकीय दृष्टिकोणबाट खासै चुनौतिपूर्ण देखिँदैन।

सर्वोच्च अदालतमा जिम्मेवारी सरी आएका तथा नयाँ दर्ता हुने अनुमानित मुद्दा संख्या समेतका आधारमा आर्थिक वर्ष २०७८/०७९ को लागि कायम हुन आउने वार्षिक कूल लगत ३९,८०७ थानको ५०.०५ प्रतिशत अर्थात् १९,९२४ थान मुद्दा फछ्र्यौट गर्नुपर्ने लक्ष्य निर्धारण गरिएको छ। उक्त संख्यालाई सर्वोच्च अदालतमा रहेको न्यायाधीश संख्याको आधारमा कायम हुनसक्ने १० वटा इजलासमा विभाजन गरेर हेर्दा प्रति इजलास फछ्र्यौट गर्नुपर्ने मुद्दा संख्या १,९९२ थान रहेको देखिन्छ। यसरी हेर्दा सर्वोच्च अदालतको प्रति इजलास सुनुवाइ र फछ्र्यौट गर्नुपर्ने मुद्दा संख्या हालसम्मको औसत कार्य सम्पादनको आधारमा व्यवस्थापकिय दृष्टिकोणले बढी र चुनौतिपूर्णसमेत रहेको देखिन्छ। यस समस्याको सम्बोधनका लागि मुद्दा प्रवाह व्यवस्थापन, मुद्दाको टिपोट प्रणाली, कार्यालय समय विस्तार, मुद्दाको सुनुवाई तथा वहसको समय व्यवस्थापन लगायत सर्वोच्च अदालतको मुद्दा व्यवस्थापन पद्धति सुधार सम्बन्धमा न्यायपालिकाको रणनीतिक योजनाले पहिचान गरेका रणनीतिक क्रियाकलापहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ। सर्वोच्च अदालतको मुद्दा व्यवस्थापन पद्धतिको सुधारका सम्बन्धमा योजनाले निर्धारण गरेका संवैधानिक, कानूनी र व्यवस्थापकिय रूपमा सम्बोधन गर्नुपर्ने विषयहरूका सम्बन्धमा सम्बद्ध निकायबाट विशेष पहल हुने छ भन्नेमा विश्वास लिइएको छ।

७.३ फैसला कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि

नेपालको संविधानको धारा १२६ बमोजिम मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्ने व्यवस्था गरेको छ। अदालतका आदेश वा निर्णयको पालना गरिनु कानूनको शासनसम्बन्धी अवधारणाको आधारभूत मान्यता हो। फैसलाको अक्षर र भावनाको सम्मान गर्दै सोको कार्यान्वयन गरिनुपर्छ। फैसला कार्यान्वयनको अभावमा दण्डहीनता मौलाउँछ, विधिको शासन धरमराउँछ भने न्यायपालिका प्रतिको आस्था एवम् विश्वासमा आँच पुग्न सक्दछ। तथापि, अदालतबाट जारी भएका कतिपय आदेश वा निर्णयहरू वर्षौंसम्म कार्यान्वयन हुन सकेका छैनन्।

फैसला कार्यान्वयनको विषय अदालतको एक्लो प्रयासबाट मात्र सम्भव हुन सक्ने बिषय होइन। यसका लागि सम्बन्धित सबै सरोकारवाला पक्षहरूको सहकार्य र सहयोगको जरूरी पर्दछ। न्यायपालिकाको रणनीतिक योजनाले फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याउन फैसला कार्यान्वयनको विशेष अभियानलगायतका विभिन्न रणनीतिहरू अख्तियार गरेको भए तापनि सरोकारवाला निकायहरूको प्रभावकारी समन्वय तथा स्रोत साधनको उचित व्यवस्थापन हुन नसकेको समेतका कारण फैसला कार्यान्वयनमा लक्ष्यबमोजिम प्रगति हासिल हुनसकेको छैन।

अदालतहरूबाट भएका फैसलाबमोजिम असुलउपर हुनुपर्ने बाँकी कैदको कूल लगत १ लाख ६ हजार २ वर्ष ५ महिना २५ दिन रहेको छ। त्यसैगरी असुलउपर हुनुपर्ने जरिवानातर्फ १६ अर्व ३१ करोड १७ लाख १३ हजार ५ सय २६ रूपैयाँ ९५ पैसा बाकी रहेको देखिन्छ। असुल हुन पर्ने कैदको अङ्क अघिल्लो आर्थिक वर्षको तुलनामा केही कमी आएको भएपनि जरिवानाको अङ्क बढेको देखिंदा फैसला कार्यान्वयनको लागि प्रभावकारी रूपमा कदम चाल्नुपर्ने देखिन्छ।

यसैगरी सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारका निवेदनहरूमा जारी भएका आदेशहरूको कार्यान्वयनको अवस्था हेर्दा कूल लगत २०८ थान भएकोमा ३४ थान मात्र कार्यान्वन भई १७४ थान कार्यान्वयन हुन बाँकी रहेको देखिँदा यसको प्रभावकारी

कार्यान्वयनमा विशेष जोड दिनुपर्ने देखिन्छ।

फैसला कार्यान्वयनलाई थप प्रभावकारी बनाउनको लागि न्यायिक प्रहरीको व्यवस्था हुन सकेको छैन। अदालतको फैसलाबाट कैद तथा दण्ड जरीवानाको सजाय भई असुली हुन बाँकी रहेका व्यक्तिहरूलाई राज्यबाट प्राप्त हुने सेवा सुविधा प्रदान गर्दा सो दण्ड जरीवाना असुल गर्ने नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएको छैन। फैसला कार्यान्वयनको सम्बन्धमा न्यायपालिकाको रणनीतिक योजनाले व्यवस्था गरेका रणनीतिक क्रियाकलापहरूको प्रभावकारी रूपमा कार्यान्वयनका लागि सहयोग, समन्वय र आवश्यक स्रोत साधनको व्यवस्थापनमा सम्बन्धित निकायहरूको थप सक्रियताको अपेक्षा गरिएको छ।

७.४ फरक मुद्दा व्यवस्थापन (DCM) पद्धतिको कार्यान्वयन

न्याय प्रणालीलाई अनुमानयोग्य बनाई जनताको न्यायमा पहुँचको सुनिश्चितता गर्नको लागि फरक मुद्दा व्यवस्थापनसम्बन्धी दिग्दर्शन २०७६ ले अदालतहरूमा दर्ता हुने मुद्दाहरूलाई सरल मार्ग, सामान्य मार्ग र विशेष मार्ग समूहमा बर्गिकरण गरी क्रमश: ६ महिनाभित्र, १२ महिनाभित्र र १८ महिनाभित्र फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। वि.सं. २०७७ साउनदेखि जिल्ला अदालतहरूमा तथा भाद्रदेखि उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति लागु गरिएको थियो।

आर्थिक वर्ष २०७७/०७८ मा उच्च तथा जिल्ला अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति अन्तर्गत सरल मार्ग समूहमा ५७७५० थान, सामान्य मार्ग समूहमा ४६८०३ थान र विशेष मार्ग समूहमा ५८२८ थान गरी जम्मा १,१०,३८१ थान मुद्दा दर्ता भएकोमा सरल मार्ग समूहमा ३१७७५, सामान्य मार्ग समूहमा ६५२६ थान र विशेष मार्ग समूहमा ३७५ गरी ३८,६७६ थान अर्थात् ३५.०४ प्रतिशत मुद्दा फछ्र्यौट भई सरल मार्ग समूहमा २५९७५ थान, सामान्य मार्ग समूहमा ४०२७७ थान र विशेष मार्ग समूहमा ५४५३ थान गरी जम्मा ७१,७०५ थान अर्थात् ६४.०६ प्रतिशत मुद्दा बाँकी रहेको देखिन्छ।

सरल मार्ग समूहमा फछ्र्यौट भएका मध्ये २५९२३ थान अर्थात् ८१.५८ प्रतिशत मुद्दा निर्धारित अवधिभित्र र ५८५२ थान अर्थात् १८.४२ प्रतिशत निर्धारित अवधि नाघेर फछ्र्यौट भएको देखिन्छ। फरक मुद्दा व्यवस्थापन पद्धति आर्थिक वर्ष २०७७/०७८ देखि लागु भएको हुँदा सामान्य मार्ग समूह र विशेष मार्ग समूहमा फछ्र्यौट भएका सबै मुद्दाहरू निर्धारित अवधिभित्रै फछ्र्यौट भएको देखिन्छ। यसैगरी आर्थिक वर्ष २०७७/०७८ मा फरक मुद्दा व्यवस्थापन पद्धति अन्तर्गत दर्ता भई आर्थिक वर्षको अन्त्यमा सरल मार्ग समूह अन्तर्गत बाँकी रहेका २५,९७५ थान मुद्दामध्ये २१,३४० थान अर्थात् ८२.१६ प्रतिशत निर्धारित अवधिभित्रको र ४,६३५ थान अर्थात् १७.८४ प्रतिशत मुद्दाहरू निर्धारित अवधि नाघेको देखिन्छ। सामान्य मार्ग समूहमा बाँकी रहेका ४०,२७७ थान र विशेष मार्ग समूहमा बाँकी रहेका ५,४५३ थान मुद्दाहरू सम्बन्धित मार्ग समूहका लागि निर्धारित अवधिभित्रै रहेको देखिन्छ।

फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि केन्द्रीय तहमा निर्देशक समिति गठन भई कार्यान्वयनको क्रममा आइपरेका नीतिगत एवम् कार्यविधिगत तथा सफ्टवेयर सम्बन्धी समस्या समाधानका लागि विभिन्न निर्णयहरू गरेको देखिन्छ। साथै सफ्टवेयर प्रणालीबाट सञ्चालित हुने यस पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि कम्प्युटर प्रणालीको पूर्वाधार तयारी, इन्टरनेटको क्षमता अभिवृद्धि, सूचना प्रविधिमैत्री जनशक्ति एवम् सफ्टवेयर सञ्चालनको लागि सिप हस्तान्तरण लगायत क्षमता विकास र सरोकारवालाहरू बीच यस पद्धति सञ्चालनको सम्बन्धमा सूचना सम्प्रेषणलगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

त्यसैगरी आर्थिक वर्ष २०८०/८१ सालदेखि सर्वोच्च अदालतमा समेत फरक मुद्दा व्यवस्थापन पद्धति लागु गर्ने लक्ष्य रहेकोले सो को लागि गर्नुपर्ने पूर्व तयारीका कार्यहरूमा निरन्तर जुट्नुपर्ने देखिन्छ। सर्वोच्च अदालतमा पुराना मुद्दाको चाप अत्यधिक रहेको र फरक मुद्दा व्यवस्थापन पद्धति लागु हुनु अगावै पुराना मुद्दाहरूको फछ्र्यौट गरिसक्नुपर्ने भएकोले रणनीतिक योजनाले निर्धारण गरेका रणनीतिक क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने छ। यस पद्धतिको प्रभावकारी कार्यान्वयनबाट न्याय सम्पादनको कार्य छिटो छरितो एवम् कम खर्चिलो र न्यायिक प्रकृया अनुमानयोग्य भई न्यायालयप्रति सेवाग्राहीहरूको आस्था एवम् विश्वासमा अभिवृद्धि हुन जाने हुँदा फरक मुद्दा व्यवस्थापन पद्धतिको सफल कार्यान्वयनका लागि सम्बद्ध निकायहरूबाट आवश्यक स्रोत साधनको व्यवस्थापन तथा सरोकारवालाहरूबिच प्रभावकारी समन्वय र सहयोग हुनुपर्ने देखिएको छ।

७.५ क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितता

नेपालको संविधानले पीडितलाई सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितता गरेको भए पनि सबै पीडितहरूले यस व्यवस्थाको पूर्ण उपयोग गर्न नसकेको तथा अदालतहरूबाट समेत क्षतिपूर्ति भराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन। गत आर्थिक वर्षदेखि अन्तरिम राहत तथा क्षतिपूर्तिसम्बन्धी विवरण संकलन गरी प्रकाशन गर्ने गरिएको छ। प्रतिवेदन

वर्षमा सबै अदालतहरूबाट प्राप्त तथ्याङ्क हेर्दा रू.२८ करोड ८५ लाख ९७ हजार ३९५ रूपैयाँ क्षतिपूर्तिको लगत रहेकोमा जम्मा रू ३ करोड २४ लाख ३८ हजार ९५३ रूपैयाँ मात्र क्षतिपूर्ति भराइएको देखिन्छ। उक्त क्षतिपूर्ति भराइएको रकममध्ये अन्तरिम क्षतिपूर्तिको रूपमा रू १८,०९,९७४।- उपलब्ध गराएको देखिन्छ।

पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गराउने उद्देश्यले स्थापित पीडित राहत कोषमा नेपाल सरकारले १ करोड रूपैयाँ उपलब्ध गराएको थियो। विभिन्न अदालतहरूबाट फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५(७) बमोजिम कैदवापत असुल गरिएको रकम तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम असुल भएको क्षतिपूर्ति शुल्क (compensation levy) वापत असुल गरेको रकम गरी कूल १ करोड १८ लाख ३९ हजार ६ सय ५ रूपैयाँ पीडित राहत कोषमा प्राप्त भई कूल रू. २ करोड १८ लाख ३९ हजार ६०५ आम्दानी भएकोमा विभिन्न जिल्ला अदालतहरूमा पीडितलाई क्षतिपूर्ति प्रदान गर्नको लागि १ करोड ६४ लाख रूपैयाँ निकासा भएको देखिन्छ। कोषको सचिवालयबाट प्राप्त विवरणअनुसार २०७८।१२।७ मा रू. ८२ लाख ८६ हजार ७८२ पीडित राहत कोषमा मौज्दात रहेको देखिन्छ। पीडितलाई क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितता गरेको संवैधानिक प्रावधान कार्यान्वयनका लागि दायित्व सिर्जनाको तुलनामा हाल मौजाद रहेको रकमसमेत न्यून रहेको देखिन्छ। यसका लागि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४८ बमोजिमको रकम समयमै पीडित राहत कोषमा उपलब्ध गराउनुका साथै अन्य आवश्यक पर्ने रकमसमेत नेपाल सरकारले व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

७.६ न्यायमा पहुँच अभिवृद्धि

न्यायमा सहज पहुँच अभिवृद्धि गर्न न्यायपालिकाले असमर्थ पक्षका लागि वैतनिक कानून व्यवसायीको सेवालाई प्रभावकारी बनाउने, अदालतको सूचना तथा सहायता कक्षलाई थप सुदृढीकरण गर्ने, कर्मचारीको व्यवहारलाई सेवाग्राहीमैत्री बनाउने तथा तत्काल सम्पन्न गर्न सकिने प्रकृतिका सेवाहरू सेवाग्राहीलाई एक घण्टाभित्र प्रदान गर्ने जस्ता व्यवस्थापकीय सुधारका कार्यहरू सञ्चालन गर्दै आएको छ। आर्थिक, सामाजिक, सांस्कृतिक रूपले पछाडि परेकालगायत सबै वर्ग र समुदायका व्यक्तिहरूको न्याय प्राप्तिको अधिकारलाई सुनिश्चित गर्नु पर्ने आवश्यकतालाई सम्बोधन गर्न सम्बद्ध निकायहरूको प्रतिनिधित्वसहित सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोगको गठन गरिएको छ।

न्यायमा पहुँच आयोगले विभिन्न वर्गका व्यक्तिहरूलाई लक्षित गरी उनीहरूको हक अधिकारको संरक्षणमा टेवा पुग्ने हिसाबले विषयगत अधिकारहरू उल्लेख गरिएको ब्रोसरहरू, दृष्टिविहीन नागरिकहरूको हक अधिकार संरक्षण गर्ने उद्देश्य साथ ब्रेललिपिमा पनि सन्दर्भ सामग्रीहरू प्रकाशन एवम् वितरण, विभिन्न वर्ग र समुदायलाई लक्षित गरी न्यायमा पहुँच अभिवृद्धि गर्नेलगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्रतिवेदन वर्षमा लक्षित वर्गका हक अधिकारहरू उल्लेख गरिएका पुस्तकहरू वितरणको लागि देशका सबै ७५३ वटै स्थानीय तहहरूमा तथा थुनुवा एवम् कैदी बन्दीका अधिकारहरू संग्रहित पुस्तक सबै कारागार कार्यालयहरूमा पठाइएको छ। न्यायमा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले आयोगद्वारा तयार भएको कार्य योजनाको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सरोकारवाला निकायहरूको भूमिका र दायित्व प्रभावकारी रूपमा निर्वाह हुनेमा न्यायपालिका विश्वस्त रहेको छ।

७.७ न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन

स्वतन्त्र, सक्षम, सहज पहुँचयुक्त न्यायप्रणालीको विकास गर्ने मूल लक्ष्यका साथ न्याय सम्पादनको कार्य छिटोछरितो, फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी, न्यायिक प्रक्रियालाई अनुमानयोग्य तथा न्यायप्रणालीलाई पहुँचयोग्य बनाई न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने उद्देश्यका साथ वि.सं. २०६१ सालदेखि न्यायपालिकाले आफ्नो छुट्टै रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्दै आइरहेको छ। न्यायपालिकाको रणनीतिक योजनाहरूको कार्यान्वयनबाट भौतिक पूर्वाधारहरूको तयारी, योजनावद्ध कार्य सम्पादनको संस्कृति, विभिन्न सफ्टवेयरसहितको सूचना प्रविधिसम्बन्धी पूर्वाधारको विकास, मुद्दा प्रवाह व्यवस्थापनसम्बन्धी पद्धति विकास तथा न्यायिक जनशक्ति क्षमता विकासका लागि उच्चस्तरीय तालिम नीति एवम् कार्यक्रमहरू तर्जुमा लगायतका क्षेत्रमा सकारात्मक उपलब्धिहरू हासिल भएका छन्। प्रतिवेदन वर्ष न्यायपालिकाको चौथो रणनीतिक योजना कार्यान्वयनको दोस्रो वर्ष समाप्त भइसकेको छ।

न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेका कार्यक्रमहरू चालु पन्ध्रौं राष्ट्रिय योजनामा समावेश भएता पनि योजनाले लक्ष्य निर्धारण गरे अनुसारको कार्यक्रमहरू सञ्चालन गर्नको लागि पर्याप्त बजेट उपलब्ध हुन सकेको छैन। न्यायपालिकालाई छुट्याइने बजेट सिलिङ निर्धारण गर्दा न्यायपालिकासँग पर्याप्त समन्वय हुने गरेको छैन। पूर्वानुमानयोग्य बजेटको अभावमा योजनामा निर्धारित क्रियाकलापहरूको प्राथमिकीकरण र समग्र योजना प्रक्रियाले अपेक्षित गति लिन नसकेकोले निर्धारित लक्ष्य अनुरूपको उपलब्धि हासिल

हुन सकेको छैन । प्रस्तुत सन्दर्भमा राष्ट्रिय योजना आयोगलगायतका सम्बन्धित निकायबाट न्यायपालिकाको रणनीतिक योजनाले निर्धारित रणनीतिक कार्यक्रमहरू सञ्चालनका लागि प्रक्षेपण गरेको बजेटलगायत स्रोत साधन व्यवस्थापनमा आवश्यक सहयोगको अपेक्षा गरिएको छ ।

७.८ क्षेत्राधिकारसम्बन्धी कानूनी व्यवस्थाको पुनरावलोकन

सर्वोच्च अदालतको बढ्दो कार्यचाप तथा योजनाले निर्धारण गरेको कार्य सम्पादन सूचक र कार्य प्रगतिबीचको सन्तुलन कायम गर्नको लागि न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको रणनीतिक उद्देश्य १.२ ले अदालतहरूको क्षेत्राधिकार पुनरावलोकन तथा आन्तरिक व्यवस्थापनलगायतका विषयहरूमा उच्चस्तरीय अध्ययन गरी प्राप्त सुझावहरूको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ। उक्त व्यवस्था कार्यान्वयनका लागि सरोकारवालाहरूसमेतको संलग्नतामा उच्चस्तरीय अध्ययन समिति गठन गरी नेपालको संविधान तथा न्याय प्रशासन ऐन, २०७३ ले अदालतहरूको क्षेत्राधिकारको सम्बन्धमा गरेको संवैधानिक र कानूनी व्यवस्था एवम् हाल अदालतहरूमा रहेको कार्यबोझसमेतको विश्लेषण गरी आवश्यक्ता अनुसार अदालतहरूको क्षेत्राधिकार पुनरावलोकन एवम् आन्तरिक व्यवस्थापन सुधारका विषयहरू पहिचान गर्नुपर्ने देखिन्छ । विद्यमान कार्यबोझ समेतका आधारमा अदालतहरूको क्षेत्राधिकार पुनरावलोकन गर्ने सम्बन्धमा योजनाले निर्धारण गरेबमोजिम अध्ययन कार्य अगाडी बढाउन नेपाल सरकार लगायत सम्बद्ध निकायबाट आवश्यक सहयोग तथा समन्वय हुने विश्वास गरिएको छ ।

७.९ मुलुकी संहिताहरूको प्रभावकारी कार्यान्वयन

समसामयिक कानूनी सुधारको आवश्यकतालाई मध्यनजर राखी न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना लागु गर्दा नै देवानी तथा फौजदारी संहिताहरूको तर्जुमा र लागु गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो। रणनीतिक योजनाहरूको तर्जुमा एवम् समीक्षा र आवधिक मूल्याङ्कनका क्रममा समेत देवानी तथा फौजदारी संहिता तर्जुमाप्रति न्यायपालिकाले सरोकार दर्शाउँदै आएको थियो । न्यायपालिकाले व्यक्त गरेका यिनै सरोकारहरूसमेतको परिणामस्वरूप २०७५ साल भाद्र १ गतेदेखि लागु हुने गरी संहिता कानूनहरू जारी भई कार्यान्वयनमा समेत आइसकेका छन् ।

न्याय र कानूनको क्षेत्रमा विकसित नवीनतम् अवधारणा एवम् विधिशास्त्रीय मान्यताहरूलाई संहिताले आत्मसात गरेको कारण अदालतको कार्यक्षेत्रमा विस्तार भएको छ । संहिताले आत्मसात गरेबमोजिमको नविन मान्यताहरूको प्रयोगमा एकरूपता एवम् संहिता कानूनहरूमा गर्नुपर्ने समसामयिक सुधारका विषयहरूमा निरन्तर अध्ययन गर्न समेत आवश्यक देखिएको छ । साथै संहिताहरूले तोकेको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नको लागि न्यायिक जनशक्तिहरूकाबीच प्रशिक्षण, अन्तर्क्रिया र गोष्ठी जस्ता कार्यक्रमहरू सञ्चालन गरी क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको छ । न्याय सम्पादनको कार्य एकल प्रयासबाट मात्र सम्भव नहुने र अन्य निकाय एवम् पदाधिकारीहरूको भूमिका हुने भएकाले त्यस्ता निकायहरूको सहयोग तथा अदालतहरूमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि आवश्यक श्रोत साधनको व्यवस्थापनमा समेत सम्बन्धित सरोकारवाला निकायहरूले पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ ।

७.१० न्यायिक काम कारबाहीमा सूचना प्रविधिको प्रयोग

न्यायपालिकामा सूचना प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राखिएको छ । सूचना प्रविधिको संस्थागत विकास र न्यायिक काम कारबाहीमा सूचना प्रविधिको प्रयोगका लागि विभिन्न सफ्टवेयर निर्माणलगायत सर्भरहरूको स्थापना तथा Data Recovery Centre सञ्चालनमा ल्याइएको छ । स्मार्ट जुडिसियरी (SMART Judiciary) निर्माणको लक्ष्यसहित न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी १० वर्षे गुरूयोजना तयार गरी कार्यान्वयनको ५ वर्षको अवधि व्यतित भैसकेको छ । मुद्दा व्यवस्थापनलाई सफ्टवेयरमा आधारित पद्धतिअनुसार गर्न सकियोस् भन्ने उद्देश्य अनुसार फरक मुद्दा व्यवस्थापन कार्यान्वयन सम्बन्धी सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । सुरू अदालतमा मुद्दा दर्ता हुँदा भरेको विवरण सर्वोच्च अदालतसम्मै प्राप्त गर्न सकिने तथा सबै मुद्दाको छुट्टै पहिचान नम्बर दिने तरिकाले तीनवटै तहका अदालतमा सफ्टवेयरको इन्टिग्रेसनको काम सम्पन्न भैसकेको छ ।

त्यसैगरी न्यायिक सूचनामा सहज पहुँच होस् भन्ने उद्देश्यले सर्वोच्च अदालतले मोबाइल एप्स (Mobile Apps) सञ्चालनमा ल्याएको छ । कोभिड-१९ले सिर्जना गरेको प्रतिकुल प्रभावलाई सम्बोधन गर्ने क्रममा भिडियो कन्फरेन्समार्फत मुद्दाको सुनुवाइ गर्ने लगायतका अदालत व्यवस्थापनका विभिन्न आयामहरूमा सूचना प्रविधिको प्रयोग हुँदै आएको छ । सर्वोच्च अदालतको पुस्तकालयमा रहेका पुस्तकहरूलाई KOHA सफ्टवेयरमा प्रविष्टि गर्ने कार्यको प्रारम्भ भएको छ । योजनाको आवधिक समीक्षाको कार्य, मातहत उच्च

अदालत एवम् इजलासहरूको निरीक्षणको कार्य एवम् जनशक्तिको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न विषयका प्रशिक्षण कार्यक्रमहरू सूचना प्रविधिको प्रयोग गरी सम्पन्न गरिएका छन्। यसैगरी, विद्युतीय अभिलेखको विकास गरी जुनसुकै अदालतको अभिलेख कागज अन्य जुनसुकै अदालतबाट पनि प्राप्त गर्न सकिने गरी अभिलेख मिसिलको डिजिटाइजेसन गरी सफ्टवेयरमा अपलोड गर्ने कार्य अगाडि बढेको र हालसम्म ६० हजारभन्दा बढी मिसिल स्क्यान गरी अप्लोड भैसकेको छ। न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी १० वर्षे गुरूयोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत, साधन र पूर्वाधार व्यवस्थापनमा सम्बन्धित सरोकारवाला निकायबाट निरन्तर सहयोग प्राप्त हुनेमा न्यायपालिका विश्वस्त रहेको छ।

७.११ न्यायिक जनशक्तिहरूको क्षमता अभिवृद्धि

कुनै पनि संस्थाको लक्ष्य एवम् उद्देश्य हासिल गर्न क्रियाशील रहने एक मात्र साधन जनशक्ति भएको तथा जनशक्तिको परिचालनमार्फत नै संस्थाका लक्ष्य एवम् उद्देश्य हासिल हुने भएकाले समयानुकुल जनशक्तिको क्षमता विकास गर्नुपर्ने हुन्छ। न्यायपालिकामा लागु गरिएका नयाँ-नयाँ पद्धति एवम् नविन्तम कानूनी अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्नका लागि जनशक्तिको क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको छ। जनशक्तिको क्षमता अभिवृद्धिको लागि उच्च शिक्षा, व्यावसायिक तालिम, अवलोकन भ्रमणलगायतका कार्यक्रमहरूको व्यवस्थापन गर्नुपर्ने हुन्छ। प्रतिवेदन वर्षमा देशका सबै अदालतमा कार्यरत रजिस्ट्रार, स्रेस्तेदार एवम् तहसीलदारहरूको भर्चुअल सम्मेलन गरी जनशक्तिको क्षमता विकास सम्बन्धमा महत्त्वपूर्ण निर्णयहरू भएका थिए।

प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७४ को दफा ८ को उपदफा (६) ले प्रधान न्यायाधीश र न्यायाधीशहरूको सम्बन्धमा गरेको बैदेशिक अध्ययन एवम् अवलोकन भ्रमणसम्बन्धी व्यवस्थाहरू कार्यान्वयनका लागि नेपाल सरकारबाट आवश्यक स्रोत व्यवस्थापन हुन सकेको छैन। हाल कार्यान्वयनमा रहेको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले न्यायिक जनशक्तिको क्षमता अभिवृद्धिसम्बन्धी तालिम एवम् वैदेशिक अध्ययन अवलोकन भ्रमण सम्बन्धमा गरेको व्यवस्था लक्ष्य अनुरूप कार्यान्वयन हुन सकेको छैन। न्यायाधीश तथा कर्मचारीहरूलाई आवश्यक तालिम कार्यक्रमहरूको पहिचानसहित तर्जुमा गरिएको न्यायिक जनशक्तिको क्षमता विकाससम्बन्धी उच्चस्तरीय तालिम नीति अनुरूप तालिम कार्यक्रमहरूसमेत बजेटको कमीलगायतका कारण सञ्चालन हुन सकेको छैन। प्रस्तुत सन्दर्भमा प्रचलित कानून, तालिम नीति एवम् रणनीतिक योजनाले निर्धारण गरेबमोजिम न्यायिक जनशक्तिको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यक स्रोत साधनको व्यवस्थापनमा नेपाल सरकारबाट उचित सम्बोधन हुनुपर्ने देखिएको छ।

७.१२ मातहत अदालत तथा न्यायिक निकायको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण

